# सम्पादकीय

घरेलु तथा साना उद्योग विकास समिति देशका दुर्गम एवं पहाडी जिल्लाहरूमा लघु, घरेलु तथा साना उद्योगहरूको प्रवर्द्धन विकास र विस्तारको कार्यक्रम सञ्चालन गर्ने अग्रणी कार्यालयको रूपमा परिचय आर्जन गरेको कार्यालय हो । यसको कार्यक्षेत्र भनेको दुर्गम हिमाली र पहाडी क्षेत्रका ४८ जिल्लाहरु हुन्, जसमा उद्योगधन्दाको प्रवर्द्धन गर्नका लागि आधारभूत सहयोग जुटाउन पनि अत्यन्त जटिल र कठिनाई छ । त्यसका बाबजुद पनि यस कार्यालयले ती जिल्लाहरूमा रहेका स्थानीय श्रोत साधनको पहिचान गरी त्यहाँ लघु, घरेलु तथा साना उद्योगहरु सञ्चालन गर्ने तर्फ त्यहाँका स्थानीय बासिन्दाहरूलाई समेत उत्प्रेरित गरेको छ ।

रोजगारीको अवसर नपाएपछि देशका दक्ष, अर्धदक्ष, अदक्ष युवाहरू विदेशतिर पलायन भएका छन् । सरकारी तथ्याङ अनुसार करीव ३० लाख भन्दा बढी युवायुवती रोजगारीका लागि विदेशीएका छन् भने अन्य अवैध वाटो प्रयोग गरी जानेहरूको त तथ्याङनै छैन । यसरी देशको निम्ति केही गर्न सक्ने उर्जावान् यूवाहरुलाई विदेशिनबाट केही हदसम्म रोकी विनाशकारी भूकम्पबाट क्षति भएका संरचनाहरूको पूर्ननिर्माणमा यूवा जनशक्तिलाई सक्रिय बनाउन घरेलु तथा साना उद्योग विकास समितिले भूकम्प प्रभावित जिल्लाहरूमा डकर्मी, सिकर्मी, हाउस वायरिङ लगायतका सिपमूलक तालिमहरू सञ्चालन गरी दक्ष, सिल्पी यूवा तयार गर्ने अभियानमा जुटेको छ ।

आर्थिक विकासको अर्को महत्वपूर्ण पाटो भनेको लगानीमैत्री वातावरण हो नेपालमा राजनितिले स्थायीत्व पाउन नसक्दा विदेशी लगानीकर्ताको त के कुरा स्वदेशी लगानी कर्ता पनि ढुक्क भएर लगानी गर्न सकेका छैनन् ।

आर्थिक समृद्धिका लागि लगानीको वातावरण सृजना गरे विदेशीलाई नै पर्खन पर्दैन कुनै कम्पनी वा संस्थाले शेयर निष्कासन गर्दा अरबौ पैसा जुटाउन सक्ने नेपालीहरू सुरक्षित लगानी गर्न उत्सुक छन साना तथा मझौला स्तरको लगानीका लागि पूंजीको अभाव छैन यसमा मात्र आंट र हिम्मतको कमी छ । राष्ट्र संग भएका श्रोत र साधन र संभावनालाई मात्र सदुपयोग गर्न सकेमा त्यसवाट रोजगारी सृजना भै यसले अर्थतन्त्रलाई मजवुद बनाई छोटो समयमा ठूलो आर्थिक फड्को मार्न सकिन्छ ।

२०४० सालदेखि प्रकाशन गर्दै आएको "घरेलु उद्योग डाइजेष्ट" जसको नाम परिवर्तन भै हाल "घरेलु उद्योग दर्पण" को नामबाट प्रकाशन हुन लागेको ७८ औं अंकसम्म आइपुग्दा यस क्षेत्रका विभिन्न बिधामा विज्ञता हासिल गरेका बिज्ञ, लेखक र रचनाकारका साथै पूर्व सम्पादक, सह-सम्पादकहरूको अमूल्य सहयोग र योगदान रहेको छ । यसका लागि उहाँहरु प्रति हार्दिक आभार व्यक्त गर्दै विषयगत बिज्ञ, उद्यमी, पाठकहरूबाट समेत रचनात्मक सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।

# विषय सूचि


| क्र.सं. | लेख रचनाको शिर्षक | रचनाकारको नाम थर | पेज नं. |
|---|---|---|---|
| १ | लघु, घरेलु तथा साना उद्योगमा रूग्ण, पुर्नउत्थान शान्ति स्थापना, पुनःस्थापना र पुनः निर्माणका विगत र वर्तमान अवस्था | डा. सुमनकुमार रेग्मी | ५ |
| २ | नेपाली उत्पादनको स्थिति र अन्तर्राष्ट्रिय बजारको सम्भावना | हस्तबहादुर लामा | १० |
| ३ | Development and Promotion of Small Scale Handicrafts Industries (SSHI) in Nepal | Rajendar Mishra | १७ |
| ४ | नेपालमा घरेलु तथा साना उद्योगको प्रवर्द्धन | अशोक घिमिरे | १९ |
| ५ | महिला उद्यमशिलता विकास कोष सम्बन्धी सामान्य जानकारी | बिमला धिताल | २७ |
| ६ | नेपालमा लघु तथा घरेलु उद्योग र उर्जा | भीम गौतम | ३१ |
| ७ | समृद्ध नेपालका लागि पुनर्निमाण र लगानीका वातावरण सँगसँगै | चित्राङ्गत बराल | ३४ |
| ८ | स्थानीय स्रोतमा महिलाको पहुँच | सन्तोष न्यौपाने | ३८ |
| ९ | महिला उद्यमशिलता विकास | कृष्ण अर्जुन बानियाँ | ४२ |
| १० | घरेलुबाट घरको जोहो | प्रदीप न्यौपाने | ४५ |
| ११ | उद्योग सञ्चालनतर्फ उन्मुख महिलाहरू | मीना शर्मा | ४८ |
| १२ | ग्रीन टी मा चम्किएका नारायण राईको जीवन कथा | कल्पना नेपाल आचार्य | ५२ |
| १३ | लघु घरेलु तथा साना उद्योगको सम्भावना तथा चुनौतीहरू | सुनिल आचार्य | ५४ |
| १४ | युवा उद्यमशीलता | अपेक्षा दाहाल | ५७ |
| १५ | औद्योगिक गतिविधि | | ५८ |

# लघु,घरेलु तथा साना उद्योगमा रूग्ण, पुर्नउत्थान, शान्ती स्थापना, पुनःस्थापना, र पुनःनिमार्णका विगत र वर्तमानका अवस्था



डा.सुमनकुमार रेग्मी

अर्थतन्त्रमा तेश्रो स्थान ओगटेको औद्योगिक क्षेत्रको क्षमतामा २०६७-६८ यता सुधार हुन नसके पनि २०१३-१४ (२०७०-७१) मा ६ प्रतिशतले औद्योगिक बृद्धि भएको देखिन्छ। साना तथा घरेलु उद्योगको औद्योगिक बृद्धि दर यसैभित्र परेकोले साना तथा घरेलु उद्योगको औद्योगिक बृद्धि दर ६ प्रतिशत भन्दा कम भएको अनुमान गर्न सकिन्छ। आ.ब. २०५७-५८ मा औद्योगिक उत्पादनको बृद्धि दर शुन्यप्राःय भएको बताईन्छ। कूल गार्हस्थ उत्पादनमा साना तथा घरेलु उद्योग तथा सेवा क्षेत्रसहित अरू उद्योगहरूका अंश आ.ब. २०५७-५८ मा ९ प्रतिशत रहेकोमा आ.ब. २०६७-६८ देखि ६.२ प्रतिशतमा झर्दै आएको देखिन्छ। यद्यपी देशको अर्थतन्त्र उद्योग भन्दा कृषि र विप्रेषणमा अत्यधिक निर्भर रहेको छ।

आ.ब. २०६६-६७ को अन्त्यसम्म शहरी क्षेत्रदेखि दूर -दराजका ग्रामीण तहसम्म फैलिएको एक लाख दश हजार सात सय एकसट्ठी घरेलु तथा साना उद्योगहरूको कूल ग्राहस्थ उत्पादनमा समेत उल्लेख्य योगदान पुर्‍याएको देखिन्छ भने मूल्य अभिबृद्धिमा ५० प्रतिशत भन्दा बढी योगदान दिँदै आउनुको अतिरिक्त पाँच लाख भन्दा बढी रोजगारी सिर्जना गरेको सम्बन्धीत निकायको प्रकाशनमा देखिन्छ।

एकै पटक मझौला र ठूला उद्योगहरूले परम्परागत अर्थतन्त्रलाई विस्थापन गरेको संसारमा कहि पनि उदाहरण छैन्। स्थानीय कच्चापदार्थको उपयोग र छरिएको पूँजी परिचालन गर्दै राज्यभित्र रोजगारी सिर्जना गर्न र निर्यातजन्य सेवा एवम् वस्तु उत्पादन गरी बैदेशीक मुद्राआर्जन गर्न एवम् आयात प्रतिस्थापन गर्ने खालका वस्तु उत्पादन गरी देशको शोधनान्तर स्थिति मजबुत गर्न समेत यस्ता उद्यमहरूको महत्वपूर्ण योगदान रहेको हुन्छ। यस्ता उद्यमहरूलाई खास गरी मझौला र ठूला उद्यमहरूको प्रबर्द्धनका लागि पूर्वाधारका रूपमा पनि लिईन्छ।

प्राप्त तथ्यांकअनुसार आर्थिक बर्ष २०६९-७० (२०१२-१३),२०७०-७१ र २०७१-७२ मा उद्योग क्षेत्रको बृद्धिदर क्रमशः २ दशमलव ७, ६ दशमलव २ र २.६ प्रतिशत भएको देखिन्छ। चालु आ.ब. २०७२-७३ मा पूर्व अनुमान भएअनुसार अर्थात नाकाबन्दी अघिका स्वरूपमा ६ प्रतिशतले आर्थिक

बृद्धि हुने अनुमान गरिएको अवस्थाबाट अब २ प्रतिशतमा सिमीत हुने पुःनअनुमान गरिएको छ। यस अनुसार घरेलु तथा साना उद्योगको उत्पादन बृद्धिदर पनि कम हुने आशा गरिएको छ। देशको कूल गार्हस्थ उत्पादन तथा जीडीपीमा उद्योग क्षेत्रको योगदान ६ दशमलव १ मात्र छ। त्यसमा पनि ठूला उद्योग भन्दा साना तथा घरेलु उद्योगको योगदान जि.डि.पी.मा बढी देखिन्छ। कूल ग्रहस्थ उत्पादनमा नेपालको सबै खालको उद्योगको जीडीपीमा योगदान गरेको मध्ये घरेलु तथा साना उद्योगको ८० प्रतिशत योगदान रहेको देखिन्छ।

२०६७ सालमा नयाँ औद्योगिक नीति ल्याएर यस क्षेत्रमा विशेष ध्यान दिईएको देखिन्छ। हुन त २०४४-४५ तिर पनि केहि कार्यक्रम ल्याएर ध्यान दिए पनि कागतमा नै सिमीत भएको देखिन्छ। औद्योगिक नीति २०६७ सशोधन गरिने कार्य हुँदैछ भनिन्छ। तर २०७२ साल आउँदा स्थिती अर्कै भएको देखिन्छ। बाणिज्य नीति २०७२ मा अर्को आएको छ।

लघु, घरेलु तथा साना उद्योग भन्नाले रू. ३ करोड भन्दा कम लगानी भएको उद्योग हो। यो भन्दा बढी लगानी भएको उद्योग मध्यम तथा ठूला उद्योगमा पर्दछन्। मध्यम तथा ठूला उद्योगहरु त उद्योग बिभागमा दर्ता हुने गर्दछन्। जता दर्ता भए पनि लघु, घरेलु, साना, मध्यम तथा ठुला जे भए पनि दर्ता भएका कति उद्योग सञ्चालनमा आउँछन् आउँदैनन् भन्नेबारे कतै कुनै निकायसंग रेकर्ड भेटिदैन्। त्यस्तै लगानी प्रतिबद्धता भएका रकम, रोजगार र उद्योग संख्याका कार्यान्वयन पक्ष तथा उद्योग सञ्चालनमा कति आए भन्ने यकिन कतैबाट भेटिदैन्। तर जे भए पनि २०४६ साल पछिका बर्षहरूमा आएको आर्थिक तथा राजनीतिक परिवर्तनसंगै उद्योगहरु खुल्दै आए तर पूरा क्षमतामा उत्पादन र दर्ता सबै उद्योगहरु सञ्चालनमा भने आएनन्।

लघु, घरेलु तथा साना उद्योग सञ्चालनका लागि पहल भए पनि उपकरण पुरानो भएका कारण यस्ता उद्योगका उत्पादनमा असर हुँदै आएको छ। साना तथा घरेलु उद्योगमा २०७२ सालसम्म करिब सवा ४ खर्ब रूपैयाँ लगानीको प्रतिबद्धता देखिएको बताईएको छ। उक्त लगानीमा २ लाख ९२ हजार २ वटा घरेलु तथा साना उद्योग दर्ता भएका देखिन्छन्। यी उद्योगमा २३ लाख ५० हजार ९ सय ३७ जनालाई रोजगारी दिने प्रतिबद्धता भएको देखिन्छ। २०७१-७२ सम्ममा साना तथा घरेलु उद्योग बिभागमा २ लाख ४७ हजार ३ सय ६३ वटा उद्योगका एकाई दर्ता भएका देखिन्छन्। यी उद्योगमा २ खर्ब १२ अर्ब ६१ करोड रूपैँयाको लगानी प्रतिबद्धता रहेको देखिन्छ। रोजगारी भने २१ लाख ७८ हजार ६ सय ७१ जनालाई दिने प्रतिबद्धता रहेको छ। त्यस्तै साना तथा घरेलु उद्योग विकास समितिमा भने ४४ हजार ६ सय ३९ वटा उद्योग दर्ता भएको देखिन्छन्। यी उद्योगमा २ खर्ब ३ अर्ब ५६ करोड रूपैयाँ लगानी र १ लाख ७२ हजार २ सय ६० जनालाई रोजगारी प्रतीबद्धता देखिएको छ।

विभिन्न जिल्लामा रहेको घरेलु तथा साना उद्योग विकास समिति अन्तर्गतका मुख्य शाखा र शाखा कार्यलयहरूमा बर्षेनी नयाँ उद्योग दर्ता गर्ने क्रम बढदो देखिन्छ।

## स्वदेशी वस्तु नै प्रयोग गरौं ।

२०७२ श्रावणदेखि तराईमा जारी भएको आन्दोलनसहित भारतबाट भएका करिब ६ महिनाका नाकाबन्दीको कारणबाट नेपालका घरेलु तथा सानासहित २२ सय उद्योगका इकाईहरु बन्द हुँदा चार लाख भन्दा बढी नेपाली बेरोजगार भएको बताईन्छ । नाकाबन्दीका असर कम गर्न सरकारले आर्थिक पुनःस्र्थापना कोषको व्यवस्था बताएको छ ।

देशका औद्योगिक कोरीडोरहरूमा साना-ठूला गरी सयौं उद्योगका एकाईहरु छन् । यस्ता उद्योगहरूमा साना तथा घरेलु उद्योगहरु पनि छन्। देशका औद्योगिक कोरिडोरमा तीब्र रूपमा मानव बस्ती बढेपछि उद्योगी-व्यवसायीहरु समस्यामा परेको बताउँदछन् । सरकार आफ्नो अभिलेखमा देशका विभिन्न स्थानमा भएका कोरिडोरलाई औद्योगिक कोरीडोर भनी सम्बोधन गर्ने गरेको तर व्यवहारमा यस्ता कोरिडोरहरूलाई औद्योगिक क्षेत्र सरहको कुनै पनि सुबिधा दिने गरिएको छैन भनेर बताईन्छ। त्यसर्थ सम्बन्धीतले यी कोरिडोरहरूलाई औद्योगिक क्षेत्र घोषणा गरि त्यस अनुसारको सुबिधा दिन पर्ने बताईन्छ ।

नेपालको सबैभन्दा बढी महिलालाई रोजगारी दिलाएको कपडा कारखानाहरु-उद्योगहरु बन्दै हुँदै आएको बर्षौ वितिसकेको छ। पछिल्लो बर्षहरूमा उद्योग सञ्चालनका लागि पहल भए पनि असफल भए पछि अन्ततः उद्योग उपकरण कवाडीका दाममा बिक्रि हुने भएका थिए। उपकरणहरु दाँत नभएका थोत्रा अनुहार जस्तै भएका छन्। आर्थिक पुर्स्थापना कोषले समयसापेक्ष समस्या भोगिरहेका निजि क्षेत्रको मनोबल बढने आशा गरिएको छ। नीतिगत व्यवस्थामा रहेका कमजोरीहरु सुधार नहुनु नै उद्योग पूर्ण क्षमतामा चल्न नसक्नुका कारण बताइन्छ। सार्वजनिक निकायले कार्यालयमा प्रयोग गर्ने तथा कार्यालय प्रयोजनमा आउने करिब तीन दर्जन सामाग्रीहरु विदेशी प्रयोग गर्न नपाउने निर्णय २०७१-७२ मा गरेकोले साना तथा घरेलु उद्योगका उत्पादनहरु आत्मनिर्भरको दिशामा लम्कने नै छन्। सरकारले लघु, घरेलु तथा साना उद्योगका लागि जिल्लामा पनि जिल्ला लघु,घरेलु तथा साना उद्योग प्रबर्द्धन समिति गठन गर्ने भनिएको एक बर्ष भन्दा बढी वितिसकेको छ। प्रस्तावित नयाँ औद्योगिक व्यवसाय विद्येयकअनुसार जिल्ला विकास समितिको सभापतिको अध्यक्षतामा जिल्ला प्रबर्द्धन बोर्डको व्यवस्था भएको देखिन्छ तर देश संघियताको संरचनामा यसको स्वरूप कस्तो हुँदै आउँदछ। यस्तो जिल्ला लघु,घरेलु तथा साना उद्योग प्रबर्द्धन समितिले उद्योग अनुमति बाहेकको नीतिगत काम हेर्ने गरी यो व्यवस्था गर्न लागिएको बताईन्छ ।

औद्योगिक क्षेत्रमा कुनै समयमा कहिले मजदुर हडताल, त कहिले लोडसेडीङ, कहिले बन्द हडताल, चन्दा, चिठ्ठा, विरोध, धर्ना, जुलुस, मागपत्र, ज्ञापनपत्र आदि-आदि हुँदै आएकोमा २०७२ आउँदासम्म लोडसेडिङबाहेक अन्य विसंगतीहरूमा पक्कै सुधार आएको देखिन्छ । साना तथा घरेलु उद्योग क्षेत्रको विकासमा दिर्घकालिन सोंचका साथ अघि बढ्ने एव् लगानीमैत्री वातावरण सृजना गर्दै स्वदेशी लगानी साना तथा घरेलु क्षेत्रमा आकर्षित गर्न चुनौती देखिदै आएको छ । साना तथा घरेलु उद्योग क्षेत्रमा पनि आयातित कच्चा पदार्थ प्रयोग हुँदै आएको छ। भनिन्छ सबै खाले उद्योगका लागि नेपालमा १ सय ६० भन्दा बढी कच्चा पदार्थ आयात गर्ने गरिन्छ।

## स्वदेशी वस्तु नै प्रयोग गरौं ।

निर्यात प्रबर्द्धन गर्न सरकारले नीति लिए पनि पूर्व-पश्चिम उतर-दक्षिण राजमार्गहरूमा विभिन्न शिर्षकमा गैरकानुनी रूपले रकम असुल्ने गरेको उद्योगीको गुनासो सुन्दा जिल्ला-जिल्लामा भएको साना तथा घरेलु उद्योगका उत्पादनहरु कसरी निरन्तरता गर्न सक्दछन्।

नेपालमा औधोगिक विकासले आवश्यक गति लिन नसकिरहेको परिवेशमा पहिले भएका कमजोरीहरूलाई सच्याउँदै औद्योगिक विकासबाट देशको समग्र आर्थिक क्षेत्रमा परिवर्तन गर्न समय अनुसारको औद्योगिक निती २०६७ आएको पनि धेरै भईसकेको छ। यस नीतिबाट देशमा लघु,घरेलु तथा साना उद्योग सहितका औद्योगिक विकाससम्बन्धी कृयाकलाप बढेर जाने रोजगारीका अवसरहरु सिर्जना हुने र आयस्तरमा बृद्धि हुन जाने भनिएको थियो, यस्को परिमार्जन गर्ने समय पनि आईसकेको छ ।

नेपालमा सञ्चालनमा आएका कतिपय लघु, घरेलु-साना उद्योगहरु विभिन्न कठिनाईहरूले गर्दा बन्द भएका छन् भने कतिपय सञ्चालन राम्रोसंग नभएका कारण बन्द हुने अवस्थामा पनि छन्। व्यवस्थापन, सीप, प्रविधी, पूजीं आदिका अन्य कारणले गर्दा यस्ता अवस्थाको सृजना भएको देखिन्छन् । हरेक आर्थिक बर्षमा लघु, घरेलु, तथा साना उद्योगका वस्तुका निकासी थोरबहुत भएको देखिन्छ। तर यस्ता वस्तुका निकासी बढेर गएको देखिदैन् । यस्ता नेपाली निकासी वस्तुहरु बाह्य बजारमा ब्राण्डको रुपमा निकासी हुनु पर्ने हो र ब्राण्डबाट पहिचान भई निकासी हुनु पर्दछ। कुनै पनि देशको आर्थिक विकासको लागि यस्ता वस्तुहरूका उद्योगले महत्वपूर्ण भूमिका खेलि आएका छन। यस्ता उद्योगहरूका ठोस आधार बनाउन सके देशको अर्थव्यवस्था सबल बनाउन सकिएला। ह्राम्रा उद्योग क्षेत्रका आधार लघु, घरेलु, तथा साना उद्योग भएको यथार्थ मनन गर्दा अर्थतन्त्रमा यस्ता उद्योगको योगदान बढाउँदै लग्नु पर्ने देखिन्छ। विगतमा रूग्ण उद्योगको लागि सुधारका कदम पनि नचालिएका पनि होईनन्। यथार्थमा भन्ने हो भने यस्ता उद्योगहरूका उत्पादनहरूको बजार व्यवस्था गर्न यस्ता उद्योगहरूमा संलग्न उद्यगीहरूलाई सहयोग गर्न पर्दछ ।

पुराना तथा विभिन्न कारणले बन्द भएका उद्योगहरूको अध्ययन गर्ने र तिनीहरु किन बन्द भएका कारण खोजतलास गर्न आवश्यक छ । यस्तो क्षेत्र हेर्ने कुनै निकाय नेपालमा नभए जस्तो छ। भए पनि विकास गर्ने कार्यान्वन भएको छैन ।

बेलाबेलामा घरेलु उद्योग प्रबर्द्धनका लागि कदम चालिए पनि खास उपलब्धि भएको देखिदैन्। विगतमा यस क्षेत्रका विकासका लागि बैकमार्फत कर्जा वितरण सुबिधाका कार्यक्रम, कच्चापदार्थ सहज रूपमा उपलब्ध गराउने कार्यक्रम, निजी क्षेत्रलाई यसतर्फ सहभागिता गराउनेतर्फ कदमहरु कार्यान्वयनमा आए पनि विभिन्न कठिनाईहरूले गर्दा यो क्षेत्र कल्पना गरे जति अगाडी बढन सकेन। पुनःस्थापना र पुनःनिर्माणका कार्य गर्ने भनि बेला-बेलामा आउँदछ तर कागतमा मात्र सिमीत रहन्छ ।

नेपालका निकासीका वस्तुहरु संस्कृतिसंग जोडिएको पनि छ। कुनै पनि देशको वस्तुले त्यस देशको पहिचान झल्काउँछ। नेपालमा उपलब्ध कच्चा पदार्थ, सीप,श्रम, र कलालाई विभिन्न माध्यमका रूपमा निकासी वस्तुका रूपमा निर्माण गरि त्यस्ता वस्तुहरु निकासी गरिदै आएको छ। मध्यम तथा

ठूलास्तरका पुँजी, ठूला-ठूला मेशीन प्रयोग नगरी बढी मानवीय श्रम लगाईएका वस्तुहरु उत्पादन गरिएका वस्तुहरु नै नेपालको निकासीमा बाहुल्यता देखिन्छ। नेपालमा उत्पादित निकासी वस्तुहरु विश्वका १३० भन्दा बढी देशहरुमा निकासी भएका देखिए पनि ति वस्तुका निकासी मूल्य कम छन्। बर्तमान अवस्थामा नेपालको औद्योगिक विकासको लागि कार्यदिशाको निर्धारण गर्न गाऱ्हो देखिन्छ तै पनि नेपालको समयअनुसारको अवस्था एवम् भूमण्डलीकरणको स्थिती तथा प्रतिष्पर्धात्मक औद्योगिक उत्पादनलाई विचार गर्दै सुहाँउदो औद्योगिक वातावरण तयार गर्नु आजको आवश्यकता हो ।

माथि उल्लेखित प्रस्तुतीकरणको परिप्रेक्षमा उद्योगसंग अनुकूल औद्योगिक तथा लगानीमैत्री वातावरण सिर्जना गर्न समष्टिगत सुधारको बृहत एकिकृत नतिजामूलक कार्यक्रम आवश्यक छ। यो थप सुधारको कार्ययोजनामा नीतिगत सुधार कार्यक्रम, कानुनी संरचना सुधार कार्यक्रम, संस्थागत सुधार कार्यक्रम, प्रक्रियागत सुधार कार्यक्रम, राष्ट्रिय प्राथमिकताका कार्यक्रम, परिवर्तित सन्दर्भमा नवीन पहल र विशेष पहल कार्यक्रमहरु भएमा मात्र लघु,घरेलु तथा साना उद्योगमा रुग्ण, पुनःरोत्थान, शान्ती स्थापना, पुनःस्थापना, र पुनःनिमार्णका विगत र वर्तमानका घोषित कार्यहरु पूरा हुनेछन् अन्यथा सदावहारका रुपमा औद्योगिकरण नभई देश स्थिर रहनेछ।

**सन्दर्भ सामाग्रीहरू**

-अच्युत प्रशाद पौडेल (२०७०) मुलुकमा औद्योगिक संभावनाहरूलाई चिरफार गर्दा । घरेलु उद्योग दर्पण (७१) काठमाण्डौः घरेलु तथा साना उद्योग विकास समिति

-कोमलप्रशाद पालीखे (२०६०। २००६) कटेज इण्डष्ट्रीजःव्याकबोन अफ नेपलीज इकोनोमी । उद्योग -बाणिज्य झलक जोनरल । काठमाण्डौः बाणिज्य तथा आपूर्ति मन्त्रालय ।
-घरेलु तथा साना उद्योग विकास समिति (२०६९) घरेलु उद्योग दर्पण (७०) । काठमाण्डौः घ .तथा सा. उ. विकास समिति ।

-चन्द्र बहादुर कार्की (२०६७-२०७०) नयाँ औद्योगिक नीति २०६७ः औद्योगिक विकासको आधारशीला । ब्यापार र विकास । काठमाण्डौः बाणिज्य तथा आपुर्ति मन्त्रालय

-प्रताप कुमार पाठक (२०६६-२००९) नेपालमा औद्योगिक विकासका लागि नीतिगत व्यवस्था । उद्योग र विकास (५) । काठमाण्डौः उद्योग मन्त्रालय ।

लेखक व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका पूर्व नायव कार्यकारी निर्देशक हुनुहुन्छ ।

# नेपाली उत्पादनको स्थिति र अन्तर्राष्ट्रिय बजारको सम्भावना



हस्तबहादुर लामा

औद्योगिकरण विना नेपालले उच्च आर्थिक वृद्धिदर हाँसिल गर्न असंभव प्राय छ । १९९० मा बहुदलिय प्रजातन्त्र प्राप्त पश्चात् औधोगिक नीतिमा ल्याएको परिवर्तनले आयात प्रतिस्थापन नीति अवलम्बन गरेको पाइयो । प्राय विकसित राष्ट्रहरूले आर्थिक उदारिकरण तथा विश्व व्यापिकरण अर्थ नीति अवलम्बन गरेको पाइन्छ ।

नेपालको आठौं तथा नवौं योजना अवधि (सन् २००२/००३ देखि २००६/००७) सम्म हाँसिल गरेको आर्थिक वृद्धिदर ५ प्रतिशत रह्यो । त्यस अवधिको प्रक्षेपित आर्थिक वृद्धिदर बढीमा ६.२ प्रतिशत र घटीमा ४.३ प्रतिशत थियो । नेपालको आर्थिक वृद्धिदर विस्तारै परिवर्तन हुँदै गएको भएता पनि विगतको दशकमा भएको आर्थिक वृद्धिदर खासै सन्तोषजनक रहेन । सन् २००६/०७ देखि २०१३/०१४ सम्म पनि नेपालले खासै उच्च आर्थिक वृद्धिदर हाँसिल गर्न सकेको पाइएन ।

छिमेकी राष्ट्रहरूको आर्थिक वृद्धिदर
तालिका नं. १

| राष्ट्रको नाम | सन् २०१२ | सन् २०१३ | सन् १०१४ | सन् २०१५ | प्रक्षेपण | |
|---|---|---|---|---|---|---|
| | | | | | सन् २०१६ | सन् २०२० |
| वंगला देश | ६.३ | ६.१ | ६.१ | ६.३ | ६.८ | ६.७ |
| भुटान | ६.५ | ५.० | ६.४ | ७.६ | ८.२ | ६.९ |
| भारत | ५.१ | ६.९ | ७.२ | ७.५ | ७.५ | ७.८ |
| माल्दिप्स | १.३ | ४.७ | ५.० | ५.० | ५.० | ४.५ |
| नेपाल | ४.८ | ३.९ | ५.५ | ५.० | ५.० | ४.५ |
| श्रीलंका | ३.३ | ७.३ | ७.४ | ६.५ | ६.५ | ६.५ |
| पाकिस्तान | ३.८ | ३.७ | ४.१ | ४.३ | ४.७ | ५.० |
| अफगानिस्तान | १४.० | ३.७ | १.५ | ३.५ | ४.९ | ५.३ |
| चिन | ७.८ | ७.८ | ७.४ | ६.८ | ६.३ | ६.३ |

(श्रोत अन्तराष्ट्रिय मुद्राकोष अप्रिल २०१५)

क्षेत्रगत रूपमा नेपालले हाँसिल गरेको आर्थिक वृद्धिदर विश्लेषण गरी हेर्दा सेवा क्षेत्रको आर्थिक वृद्धिदर केही सन्तोषजनक देखिएता पनि तीन आर्थिक वर्षलाई छाडेर मात्र सेवाक्षेत्रले ५ प्रतिशतको

आर्थिक वृद्धिदर हाँसिल गर्न सम्भव भएको देखिन्छ । त्यस अवधिमा कृषि क्षेत्रबाट प्राप्त आर्थिक वृद्धिदर जलवायुमा आएको परिवर्तनको कारणबाट प्रभावित भएको पाइयो । औद्योगिक क्षेत्र -लोडसेडिङ् माओवादी आन्दोलन, समय-समयमा गरिने बन्द र हडताल तथा लगानीको अनिश्चितताबाट प्रभावित रह्यो ।

विगत दशकमा भएको क्षेत्रगत आर्थिक वृद्धि
(तालिका नं. २)

| आ.व. | २००५/०६ | २००६/०७ | २००७/०८ | २००८/०९ | २००९/१० | २०१०/११ | २०११/१२ | २०१२/१३ | २०१३/१४ | २०१४/१५ | २०१५/१६ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कृषि | १.८ | १.० | ५.८ | ३.० | २.० | ४.५ | ४.६ | १.१ | २.९ | १.९ | २.९ |
| गैरकृषि | ५.३ | ४.४ | ५.९ | ४.३ | ५.४ | ३.६ | ४.५ | ५.० | ६.३ | ३.६ | ४.८ |
| उद्योग | ४.५ | ३.९ | १.७ | ०.६ | ४.० | ४.३ | ३.० | २.७ | ६.२ | २.६ | ३.२ |
| सेवा | ५.६ | ४.५ | ७.३ | ६.० | ५.८ | ३.४ | ५.० | ५.७ | ६.३ | ३.९ | ५.४ |
| आर्थिक बृद्धी | ३.७ | २.८ | ५.८ | ३.९ | ४.३ | ३.८ | ४.६ | ३.८ | ५.१ | ३.० | ४.१ |

(श्रोतः सि.वि.एस.)

मुलुकले उच्च आर्थिक वृद्धिदर हाँसिल गर्न नसक्नुको कारण राजनैतिक अस्थिरता तथा माओवादी ससस्त्र आन्दोलन नै हो । जसले गर्दा केही दशक आर्थिक वृद्धिमा गरेको प्रयासहरु विफल हुन पुग्यो । विदेशी लगानी कर्ताहरूलाई लगानी गर्न आकर्षित गराउन सक्नु पर्थ्यो । नसक्नाको कारण लगानीको वातावरण विग्रन गयो । मुलुकको आर्थिक गतिविधि वृद्धि गराउन सरकारले खेल्नु पर्ने भूमिकामा निम्न मुख्य कुराहरु पर्न आउँछ ।

(१) राम्रोसँग नीति, नियम तथा कानूनको पालना गराउनु ।

(२) सेवा प्रदान निकायहरूबाट छिटो छरितो सेवा प्रदान गर्न लगाउनु ।

(३) प्रभावकारी तथा पारदर्शी प्रशासनिक व्यवस्थाको ग्यारेण्टी गराउनु ।

यी माथि उल्लेखित कुराहरु सरकारले गर्नुपर्ने अत्यन्त महत्वपूर्ण कार्य हुन् । रोजगारी श्रृजना तथा आय आर्जनको काममा महत्वपूर्ण भूमिका निभाउँदै आएका लद्यु, घरेलु तथा साना उद्योगहरु विश्व व्यापार संगठनको सदस्यता प्राप्तबाट सिर्जित चुनौतीको विरोधमा देखा परे । यस प्रकारको चुनौती निराकरणको लागि सरकारले उपर्युक्त अर्थ नीति तर्जुमा गुर्नपर्दथ्यो । उद्योगको बचाउको लागि उपयुक्त अर्थनीति अवलम्वन गर्नु पर्दथ्यो । तर त्यसो हुन सकेन फलस्वरूप विश्व व्यापार संगठनको सदस्यता प्राप्त पश्चात हाम्रा उत्पादनले वाह्य तथा आन्तरिक बजारमा कडा प्रतिस्पर्धाको सामना गर्नु पर्ने अवस्था श्रृजना भयो । विश्व व्यापार संगठनका सदस्यताको हैसियतले प्राप्त बजार सुविधाबाट लाभ उठाउन नीजि क्षेत्रको संलग्नतामा आवश्यक वातावरण तयार गर्न सरकार लाग्नुपर्दथ्यो । साथै नीजि क्षेत्रलाई तुलनात्मक लाभ तथा प्रतिस्पर्धात्मक क्षमताको बस्तु पहिचानबाट लाभ उठाउन सरकारले सहजीकरणको भूमिका निभाउनु पर्दथ्यो ।

आर्थिक विकासको सन्दर्भमा उच्च आर्थिक वृद्धिदर भनेको विशेष परिस्थिति विना हुन नसक्ने अवस्था

हो । यसको लागि तुलनात्मक लाभ प्राप्त गर्न सक्ने क्षेत्रको छनौट गर्न आवश्यक छ । हाम्रो लागि कृषि, जलविद्युत, पर्यटन, जडीवुटी, शिक्षा तथा स्वास्थ्य नै तुलनात्मक लाभ प्राप्त गर्न सकिने क्षेत्रहरु हुन् । यिनै क्षेत्रहरूमा लगानी बढाएर उच्च आर्थिक वृद्धि हाँसिल गर्न सकिन्छ तर हाल सम्म पनि यी क्षेत्रहरूमा आन्तरिक तथा वाह्य लगानीको समस्या जीउँका तीऊँ छन् । गरीवी, बेरोजगारी तथा अभाव जस्ता जटिल समस्याहरूको घेराबाट जनतालाई मुक्त गराउन सके मात्र राष्ट्रले दिगो आर्थिक विकास गर्न सक्दछ तथापि नेपालको लागि कृषि क्षेत्र नै तुलनात्मक लाभ दिन सक्ने क्षेत्र हो भन्ने प्रमाणित भै सकेको छ । एकातिर कृषि क्षेत्रले देशको कुल ग्राईस्थ उत्पादनमा एक तिहाईको योगदान दिन सक्षम भएको छ भने अर्कातिर ग्रामीण क्षेत्रमा बसोबास गर्ने जनतालाई आय आर्जनको श्रोत तथा रोजगारी यसैले प्रदान गरेको छ । ग्रामीण क्षेत्रमा बसोबास गर्ने ८०% जनताको जीवन यापनको एकमात्र माध्यम कृषि नै हो । तसर्थ सरकारले यस क्षेत्रको अवस्थामा सुधार ल्याउन २० वर्षे एग्रिकल्चर प्रस्पेक्टिभ प्लान (APP) लागु गरियो ।

## कृषिक्षेत्र

कृषि क्षेत्रको सुधार तथा विकासको लागि सरकारले आधारभूत पूर्वधारको विकास, सिंचाई, जैविक मल, उन्नत वीऊ-विजन, मलखाद, शीत भण्डार तथा सहुलियत व्याज दरमा बैंक कर्जा उपलब्ध गराउन आवश्यक व्यवस्था गरिदिनु पर्दछ ।

उत्पादनको लागि कृषि साधनको उपयोग
(तालिका नं. ३)

| विवरण | २००६/०७ | २००७/०८ | २००८/०९ | २००९/१० | २०१०/११ | २०११/१२ | २०१२/१३ |
|---|---|---|---|---|---|---|---|
| रासायनिक मल (मे.ट) | १२७५१ | ३२८५ | ३१५७ | ४२१७८ | २९६०४ | १४६५८४ | १७८४६१.५ |
| उन्नत बिउ | ३३८० | ३७८१ | ३९४७ | ४३३७ | ४३९३ | २९६४ | ३६६९.५६ |
| सिचाई (हे.) | २६९६७.५ | १४०९९ | २५८५० | ३०७१८ | ३५७४८ | ४७७९५ | ३२१८० |
| कृषि कजा (१० मि.) | १३८८.२ | १३८८ | १३३७.६ | १४२९.१ | १४१९.२ | २३४०.७ | ३१५३.१ |

(श्रोत : आर्थिक सर्वेक्षण २०१३/०१४)

कृषि क्षेत्रलाई व्यवसायीकरण तथा विविधकरण गरी तुलनात्मक लाभ भएको वस्तुको उत्पादन एवंम उत्पादकत्व वृद्धि गराई बहुसंख्यक कृषकहरूको जीवन स्तरमा सुधार ल्याउन जरूरी छ । कृषि उद्योगहरूको संख्या दिनानुदिन वृद्धि उन्मुख देखिन्छ । यी उद्योगहरूले कृषि उपजलाई कच्चा पदार्थको रूपमा प्रयोग गर्दछन् । कृषि उद्योगहरु खास गरेर दुग्ध व्यवसाय, वेकरी उद्योग, स्क्वास, जाम, जेली, नुडल्स, कन्फेक्सनरी, महप्रशोधन, फूल व्यवसाय, जडीवुटी (सुगन्धित तथा औषधीजन्य) उद्योग, अचार, चिप्स, नेपाली कागज आदि । हाल यस क्षेत्रमा पनि उत्पादन विविधिकरणको कारण, दुग्ध व्यवसाय तथा दुग्ध पदार्थको उद्योग, चिनी उद्योग, वियर उद्योग, चिया उद्योग, वनस्पती घीउ,चाउचाउ, पशुपंक्षी दाना उद्योग, जुस उद्योग र छाला प्रशोधन उद्योगहरु ठूला उद्योगको रूपमा विकास भएको पाइन्छ ।

विश्व व्यापिकरण तथा आर्थिक उदारीकरण नीति अवलम्बन गर्नाले विश्व बजार नेपाली उत्पादनहरूको लागि तीव्र प्रतिस्पर्धी बनेको छ । तसर्थ नेपाली उत्पादकहरूले प्रतिस्पर्धा क्षमता अभिवृद्धि गर्न जरूरी छ । विश्व व्यापार संगठनमा प्रवेश संगै कुल व्यापारमा वृद्धि भएतापनि व्यापार घाटाको खाडल झन् बढ्दो छ । बैदेशिक रोजगारीको आयबाट बजार अर्थतन्त्रको आकार वृद्धि भएता पनि प्रतिस्पर्धात्मक क्षमता वृद्धि नभएको हुँदा औद्योगिक क्षेत्रले अपेक्षित रूपमा गति लिन सकेको छैन । आ.व.को ०७१/०७२ को प्रथम आठ महिना सम्ममा ७५८ ठूला उद्योग, १ हजार ३ सय ८७ मझौला उद्योग, ३ हजार ८ सय ८ साना उद्योग र ३ लाख ८० हजार १ सय ८२ लघु उद्योग गरी कुल ३ लाख ८६ हजार १ सय ३५ उद्योगहरु दर्ता भएका छन् ।

## पर्यटन क्षेत्र

पर्यटन उद्योग आ.व. ०७०/०७१ पौष सम्मको अवधिमा नेपालमा कुन ७ लाख ९० हजार १ सय १८ पर्यटक नेपाल भ्रमणमा आएका छन् । नेपाल आउने पर्यटकहरु क्रमश : (१) भारत (२) चिन (३) अमेरिका (४) श्रीलंका र (५) बेलायत रहेका छन् । नेपालमा घुम्ने पर्यटकहरूको संख्यामा वृद्धि, तिनीहरूको बसाईको अवधिको आधारमा पर्यटक संख्या ४.९ % ले वृद्धि भएको छ । आ.व. २०६४/०६५ र ०६५/०६६ मा यो संख्या वृद्धि भएर १३.५ र बसाईको अवधि १०.२ दिन वृद्धि भएको देखिन्छ । खास गरेर नेपाल आउने पर्यटकहरु मनोरञ्जन, ट्रेकिङ्ग हिमाल आरोहण ५.७ प्रतिशत, व्यापार ४.३ प्रतिशत, फर्मल भिजिट ११.७ प्रतिशत धार्मिक यात्रा १८.४ र अन्य कामको लागि नेपालमा आउने गर्दछन् । नेपालको पर्यटन उद्योगलाई १० वर्षे माओवादी आन्दोलन तथा समय-समयमा भएको बन्द तथा हडतालले नकारात्मक प्रभाव पारेको छ । हालै गएको विनाशकारी भूकम्प र त्यस पश्चात गएका पराकम्पहरु तथा लगतै शुरू भएको मधेस बन्द र भारतिय अघोषित नाका बन्दिले पर्यटन उद्योगलाई धरासायी बनाएको छ ।

आ.व. २०७०/०७१ मा नेपाल आएका पर्यटकहरु

तालिका नं. ४

| विवरण | २०७० पौष सम्म | २०७१ पौष सम्म |
|---|---|---|
| कुल पर्यटक आगमन संख्या | ७९७६१६ | ७९०११८ |
| पर्यटकको बसाइ अवधि (औसत दिन) | १२.५७ | १२.४४ |
| पर्यटकबाट आय प्रति पर्यटक/प्रतिदिन खर्च(यु.एस.डलरमा) | ४२.८ | ४६३७५ |
| पर्यटकबाट प्राप्त रकम (रू. करोडमा) | ३४२११ | ४६.४ |
| कुल गार्हस्थ उत्पादनमा योगदान | २.० | २.६ |
| नेपालमा नियमित उडान गर्ने वायुसेवा संख्या | २६ | २६ |

(श्रोत : संस्कृति पर्यटन तथा नागरीक उड्डयन मन्त्रालय)

## जल विद्युत

आ.व. २०६४/०६५ मा विभिन्न जलविद्युत केन्द्रबाट उत्पादित विद्युत शक्ति ५६० मे.वा. जसमध्ये आ.व. २०६५/०६६ को तथ्यांक अनुसार ५५५ मे.वा. विद्युत शक्ति नेशनल ग्रिडमा जडान गरिसकेको छ । आ.व. २०७०/०७१ सम्ममा कुल विद्युत उत्पादन ७४६ मे.वा. रहेकोमा आ.व. २०७१/०७२ को प्रथम आठ महिनासम्ममा ४.८९ प्रतिशतले वृद्धि भएर ७८२.४५ मे.वा. विद्युत शक्ति आपूर्ति गरिएको छ । जल विद्युत उत्पादनमा हाल देखिएको विकृति उत्पादन अनुमति प्राप्त गर्ने र निर्माण नगरी कमिशनको लागि लामो समयसम्म होल्ड गरी राख्ने प्रवृति विकास भएको छ । यसबाट निर्माण कार्यमा ढिलाइ भई विद्युत उत्पादनमा वृद्धि हुन सकेन । तसर्थ तोकिएको समय भित्र निर्माण नगर्नेहरूको अनुमति पत्र रद्द गरी कार्वाही अगाडि बढाउनु वाञ्छनीय देखिन्छ ।

विद्युत माग, उत्पादन तथा आपूर्ति
तालिका नं. ५

| आ.व. (वि.सं.) | ०६७/०६८ | ०६८/०६९ | ०६९/०७० | ०७०/०७१ | ०७१/०७२ |
|---|---|---|---|---|---|
| उत्पादन मे.वा. | ६९७.८५ | ७०५.५६ | ७४६ | ७४६ | ७८२.४५ |
| उच्चतम माग (मे.वा.) | ९४६.१ | १०२६.० | १०९४.० | १२००.९८ | १२९१.१ |
| माग आपूर्ति न्यून (मे.वा.) | २४८.२५ | ३२०.४३ | ३४८.० | ४५४.९८ | ५०८.६५ |

(श्रोत : उर्जा मन्त्रालय)

## स्वास्थ्य क्षेत्र

नीजि क्षेत्रको लगानीमा अस्पताल, मेडिकल कलेज तथा हेल्थ क्लिनिकहरूको स्थापना तथा सञ्चालनको क्रम बढ्दो छ । केही दशक यता नीजि क्षेत्र स्वास्थ्य क्षेत्रमा लगानी गर्न आकृष्ट भएको देखिन्छ । स्वास्थ्य क्षेत्रमा गरिएका सरकारी, नीजि तथा गैर सरकारी संस्थाहरूको लगानी वृद्धिबाट यस क्षेत्रको उत्पादनमा गत वर्षको तुलनामा ५.५ प्रतिशतले वृद्धि भएको छ । विगत ५ वर्षमा यस क्षेत्रको उत्पादनमा औसत ६.९ प्रतिशतले वृद्धि भएको थियो ।

## जडीबुटी

विपन्न वर्गको जिविकोपार्जनको लागि अर्को बैकल्पिक व्यवसाय जडीबुटी खेती, संकलन र प्रशोधन हुन सक्छ । वन जंगल संरक्षणबाट जडीबुटी वन्यजन्तु, जैविक विविधता र जलधार संरक्षणकार्यमा टेवा पुग्दछ । दिगो वन व्यवस्थापनबाट वन क्षेत्रको उत्पादकत्व वृद्धि तथा वातावरण संरक्षण गरी आर्थिक लाभ हासिल गर्न सकिन्छ ।

मुलुकको कुल भूभागको ३९.५ प्रतिशत वन-बुट्यान् जंगलले ढाकेको छ । काठ, टिम्बर तथा व्यापारिक महत्वका जडीबुटीबाट प्रशस्त आम्दानी गर्न सकिने भएकोले जडीबुटी खेती विस्तार गर्न जरूरी देखिन्छ ।

**औद्योगिक क्षेत्रको विकासमा देखापरेका निम्न चुनौती तथा सुझावहरू :**

(१) नेपालको कृषि क्षेत्र खासगरी मनसुनमा निर्भर छ । मनसुन वर्षाको अनिश्चितताले गर्दा बैकल्पिक सिंचाईको व्यवस्था गर्न आवश्यक छ । नहर सिंचाई, डिप-ट्युववेल, स्यालो ट्युववेल वर्षाको पानी पोखरीमा जमाएर सिंचाई गर्ने प्रणाली आदि महत्वपूर्ण सिंचाई प्रणाली भित्र पर्न आउँछन् । यसरी सिंचाईको व्यवस्था गरेर उत्पादकत्व वृद्धि गर्न आवश्यक छ ।

(२) कृषि व्यवसायमा देखापरेको समस्याहरूको राम्रो व्यवस्थापन गर्न उन्नत वीउ-विजन, राम्रो मलखाद, किटनाशक औषधि, सुलभ व्याजदरमा कृषि कर्जा तथा प्राविधिक सेवा उपलब्ध गराउनु पर्दछ ।

(३) पूर्वाधारको विकास जस्तै कृषि सडक, कृषि बजार, शीत भण्डार तथा संकलन केन्द्र जस्ता अतिआवश्यक पूर्वाधारको विकासमा जोड दिन जरूरी देखिन्छ ।

(४) विश्वव्यापिकरण तथा आर्थिक उदारिकरण तथा खुल्ला सिमानाको कारण आन्तरिक तथा बाह्य बजारमा प्रतिस्पर्धा वृद्धि हुन गएको छ । तसर्थ तुलनात्मक लाभको बस्तु पहिचान गरी उत्पादकत्व वृद्धि गर्न जरूरी छ ।

(५) कृषि अनुसन्धानबाट कृषकहरूलाई बढी उत्पादन दिने नगदेवाली, नश्ल सुधार गरिएका पशु पालन, कुखुरापालन, फलफूल खेती, बेमौसमी तरकारी खेती, फूल व्यवसायबाट आत्मनिर्भर बनाउन प्रोत्साहित गराउनु आवश्यक छ ।

(६) डब्लु.टि.ओ, साप्टा, साफ्टा र विमस्टेक जस्ता अन्तराष्ट्रिय संस्थाहरूसँगको प्रतिबद्धता अनुसार प्रतिफल प्राप्त गर्न वैदेशिक तथा एन.आर.एन लगानी आकर्षित गराई विकसित प्रविधिको प्रयोगबाट उत्पादकत्व वृद्धि गराउन आवश्यक छ ।

(७) औद्योगिक विकास र रूग्ण उद्योगहरूको पूनर्जीवनको लागि नीजि क्षेत्रलाई सहभागि बनाई अगाडि बढ्नु जरूरी छ ।

(८) नेपालले पर्यटन विकासको लागि एडभेञ्चर टुरिज्म, वायो टुरिज्म, एग्रोटुरिज्म तथा अन्य मौलिक पर्यटकीय व्यवसाय सञ्चालन गर्न आवश्यक देखिन्छ ।

(९) नेपाल सरकारले सूचना प्रवाहको लागि गठित एन.टी.आइ.एस (NTIS)ले शहरी क्षेत्र तथा ग्रामीण क्षेत्रहरूमा निर्वाध रूपमा सूचना प्रवाह गराउनु पर्दछ ।

(१०) बजार प्रवर्द्धनको लागि एक्स्पोर्ट ट्रेडिङ्ग हाउस (Export Trading House) खोल्न नीजि क्षेत्रलाई प्रोत्साहित गराउनु पर्दछ ।

(११) औद्योगिक सुरक्षा बल गठन : औद्योगिक क्षेत्रमा व्यवस्थापक तथा मजदुरको बीच राम्रो सम्बन्ध, समन्वय तथा शान्ति कायम गराउन औद्योगिक सुरक्षा बलको व्यवस्था गर्न जरूरी छ ।

**निश्कर्ष :**

विश्व व्यापार संगठनको सदस्यता प्राप्त पश्चात देखा परेका आन्तरिक तथा वाह्य प्रतिस्पर्धात्मक बजारमा आफूलाई टिकाई राख्न नेपाली उत्पादकहरूले तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमताका वस्तु छनौट गर्नुका साथै आफ्नो आन्तरिक क्षमता वृद्धि गर्न जरूरी छ ।

विगत बैशाख १२ र २९ गते गएको विनाशकारी भूकम्प तथा त्यस पश्चात पटक पटक गएको पराकम्पहरूबाट औद्योगिक क्षेत्र प्रभावित भएको छ । उद्योग सञ्चालनको अभिन्नअंगको रूपमा विद्युत शक्तिलाई लिन सकिन्छ तर लामो लोडसेडिङ्ग र भारतीय अघोषित नाका बन्दिले औद्योगिक क्षेत्र आक्रान्त पारेको छ । यस तर्फ सरकारको ध्यान आकृष्ट हुन जरूरी छ ।

**सन्दर्भ सामग्री**


१. आर्थिक सर्वेक्षण २००७/०८ देखि २०१०/११, २०१२/१३, २०१३/१४

२. घरेलु उद्योग दर्पण

३. औद्योगिक तथ्यांङ्क २०७०/७१

४. A Glimpse of Nepal's Foreign Trade

५. दैनिक अखबारहरु


**यदि तिमीले केही सिर्जना गरेका छौ भने तिमी पनि केही हौ ।**
**- गोथे**

**प्रगति आजको गतिविधि र भोलिको आवश्यकता हो ।**
**- इमर्सन**

# Development and Promotion of Small Scale Handicrafts Industries (SSHI) in Nepal



**Rajendra Mishra**
***Deputy executive director***

In all countries of Asia handicrafts as a small scale industry is of central importance to these respective economics for it plays a vital role in fulfilling national development goals.

**1. Role of handicrafts industry in national development.**

a) Crafts industries employ millions of people because it is labour intensive for instance million people in Nepal are directly involved in crafts production alone.

b) Crafts industries earn large quantities of foreign exchange through overseas exports and domestic scales of products.

c) Crafts industries help in the proper distribution of income because it is undertaken by people who won very little or no land at all. In Nepal for example, where the ratio of person to have land is 1500 persons per square kilometer, people must seek employment outside of agriculture .

d) Crafts industries employ large member of woman and tribal groups, who are the most difficult to reach as far as development efforts are concerned.

e) Crafts industries contribute toward meeting the basic needs of the low income group because they produce folk crafts that are used in their daily life and priced very reasonably.

f) Lastly, the handicrafts of a people show cares the richness of their heritage and unique indentify that place there in equal footing with the advanced countries of the world. This is why we know Nepal for its metal crafts especially khukuri, statue of God(Murti) etc.

**2. Characteristics of Handicrafts as Small scale industry**

a) Handicrafts is the only industry that can use of the possibility of using 100% indigenous materials . These materials are part of plants, animals and local materials which are used in the handicrafts. Materials from the plant parts are ; leaves, stem or trunk, seed, flower, flower stalk etc. Animal source materials are include, leather, feather, horn etc. Note also that all these are by products of farm produce and do not complete with the traditional use of plants and animals as farm enterprise.

b) Handicrafts is labour intensive because it utilizes the human manipulative spills from the time the materials is harvested up to the finishing of the products. In face, so machine can take over

the manipulative skills utilized even in the simple wearing of (sawl), leaves into a small bowl other skills use in handicrafts are pottary work needlework, and basketry mat weaving, by rice straw etc. Some of these skills are sex oriented for example dhaka weaving, rice straw mate weaving, embroidery are done by woman while men are more involved in furniture making and marble craft because the latter crafts need more physical efforts. One other hand woman, are more inclined to handle finer and more meticulous types of crafts.

c) Handicrafts products are an expression of the peoples life and culture. It is the output of mteraction between the skilled works and the materials he is using. Some of these products are used by the local people is their day today life and activities and are called ″folk crafts″. For example sleeping mate, bamboo pot, liew or floring mate, ghalake (a kind of dress of Gurung weaving by local yarn

d) Handicrafts industries earn much more from the sale of products that are exported than those sold locally . For example, a allo shawl that sells for about Rs 500. to1000 here sell for as much 4–5 times if exports this is why most of our SSHI have been very active seeking overseas market.

e) Handicrafts industry is very responsive to technological advanced because there are many producers competing for the demands of foreign buyers . These technologies include improvement in the method of construction ; new use of traditional materials and new methods of processing materials . Other aspects of technological advance is in the designing and fabrication of small tools and equipments so that the entreprenuers are able to increase quantity and quality of their products.

f) Handicrafting activities are skill oreinted training is necessary to updated current human resource to meet the demands for new product designs as a results of technology transfer training period may longer when worker is unskilled or when the skill is on a higher level such as in furniture making or loom weaning .

g) May handicrafts industries are able to achieve a bigger scale of business because of financing through loans from gov. or financial institutions in urban areas where as in rural village micro and small handicraft entreprenuers are unable to take financial support in Nepal. There are certain crafts industries that need very little operating capitals because the industry uses indigenous materials that are locally available and use human hand as in Bamboo basket making or Sukul weaving.

**Summary :**

Small Scale Handicrafts Industry (SSHI) utilize indigerous materials, indigenous skills of its people, in creating products that are either used by the people in their daily activities or sold locally . This makes SSHI community based, however the prifitability of the industry can be improved through the access of overseas market. Acceptance of modern technology and training useful for better and high quality of products. There is a need for intergating materials, skill, product which are community based with the external assistance in market opportunities, technology and training for upgrading skill with financial supports are most important factors for promoting small scale handicraft industries .

# नेपालमा घरेलु तथा साना उद्योगको प्रवर्द्धन



अशोक घिमिरे

नेपालमा सर्वप्रथम वि.स १९९६ मा नेपाली कपडा र घरेलु ईलम प्रचार अड्डाको स्थापना भएपछि नेपालमा संस्थागत रूपमा सीपमूलक तालिमको थालनी भएको र आ.व २०१३।१४ मा घरेलु ईलम केन्द्र, काठमाण्डौको स्थापना पश्चात विभिन्न विषयमा समुहगत रूपमा सीपमूलक तालिमको शुरूवात भएको हो । नेपालमा आ.व २०७०।७१ सम्ममा घरेलु तथा साना उद्योग विकास समितिमा दर्ता भएका उद्योगहरूमा घरेलु उद्योग तर्फ १४,२४८ र साना उद्योग तर्फ जम्मा १,६८,७५८ गरी कूल उद्योगहरूको संख्या १,८३,००६ देखिन्छ । घरेलु तथा साना उद्योगहरूको विकास र विस्तारका लागि संस्थागत रूपमा प्रवर्द्धनात्मक सेवाहरू उपलब्ध गराउन घरेलु तथा साना उद्योग विकास समिति गठन आदेश २०२१ बमोजिम घरेलु तथा साना उद्योग विकास समितिको स्थापना भएको हो । वि.स २०४९ बाट यो समितिलाई नेपालका ४८ जिल्लामा विस्तार गरी घरेलु तथा साना उद्योगको विकास एवं प्रबर्द्धनात्मक कार्यहरू गर्दैआएको र सो अलावा उद्योग प्रशासन सम्बन्धि कार्यहरू गर्दैआईरहेको छ । नेपालको आर्थिक संरचनामा कृषि क्षेत्र माथिको निर्भरतालाई कम गरी औद्योगिक विकासको गतिलाई निरन्तर वृद्धि गर्न घरेलु तथा साना उद्योगको प्रवर्द्धन गर्नु आजको टड्कारो आवश्यकता हो ।

नेपालका अर्थविद् डा.चन्द्रमणि अधिकारीका अनुसार देशमा विशेष गरेर रोजगार तथा स्वरोजगार सिर्जना हुने क्षेत्र लघु, घरेलु तथा साना उद्योग नै भएकोले निजी तथा सहकारी क्षेत्रको माध्यमबाट तिनको प्रबर्द्धन हुने गरी उर्जा, वित्तीय साधन, प्रविधि, सीपमा पहुंच वृद्धि गर्ने कार्यक्रम अगाडि बढाई रोजगारीको प्रमुख श्रोतको रूपमा विकास गर्नुपर्दछ । त्यस्तै प्रा. डा विकाशराज सत्यालका अनुसार हाम्रा उद्योगहरू पुंजी र उत्पादनका हिसावले साना हुन्, त्यसमा पनि आन्तरिक र बाह्य कारणले प्राय धेरै मात्रामा रूग्ण छन् । हाम्रा उद्योगहरू सरकारद्धारा भन्सार र कर छुटको आशा गर्दै, गुणस्तर र भाउमा उपभोक्ता ठग्दै, एकतन्त्री सिन्डिकेटको सहुलियतको भरमा मात्र बल्लतल्ल बांचेका मात्र हुन् । अर्का अर्थशास्त्री गम्भीरबहादुर हाडाका अनुसार नेपालको सन्दर्भमा घरेलु तथा साना उद्योग सबैभन्दा पुराना उद्योग हुन्, यस्ता उद्योगले मुख्यतया परिवारका सदस्यहरू मिलेर आंशिक रोजगार वा पूर्णकालीन रोजगारीको रूपमा संचालन भईरहेका देखिन्छन् । नेपालमा घरेलु तथा साना उद्योगको विकास मुलुकको आर्थिक विकासको महत्वपूर्ण आधारस्तम्भ रहेकोले देशको समुच्च रोजगारीमा कृषि क्षेत्रको अत्याधिक निर्भरतालाई कम गर्दै विधमान बेरोजगारी तथा अर्धबेरोजगारीलाई कम गर्नु अपरिहार्य छ ।

वास्तवमा नेपाल कृषि प्रधान देश हो, देशका आर्थिक क्षेत्रलाई चित्रण गर्दा एक मात्र भरपर्दो र

प्रचुर आर्जनको सम्भावना बोकेको लघुउद्योग जोडिएको क्षेत्र कृषि हो । कृषि पेशाबाट जीविकोपार्जन कठिन हुंदै गईरहेकोले आफ्नो मुख्य थलो ग्रामीण क्षेत्रबाट ठुलो जनसंख्या दिनानुदिन शहरी क्षेत्रमा विस्थापित हुदै गईरहेका छन् भने काठमाण्डौ बाहिरबाट काठमाण्डौमा प्रमुखतयाः अवसर र रोजगारीका लागि छिर्ने भिंड बढ्दै गएको विभिन्न तथ्यांकले देखाउँछ । कृषि पेशाबाट विभिन्न बहानामा भएको मानिसको विस्थापनको कारक तत्व कृषिको असक्षमताले होईन बरू परम्परागत उत्पादनको पद्धति र प्रविधि हो । कृषि परम्परागत बाली, पुरातन औजार, वर्षातको भरको सिंचाई र पराम्परागत प्रविधिको भरमा पर्दैआएकोले बर्तमान परिपेक्षमा नेपालको आर्थिक विकासमा कृषिको आधुनिकीकरण तथा वैज्ञानिकीकरणबाट मात्र सम्भव छ भन्ने विभिन्न तथ्यांकहरूले देखाएको छ । तसर्थ जनताले कृषिमा आधारित लघु उद्योगमा चासो दिन जरूरी छ भने राज्यले कृषिमा आधारित व्यवसाय र प्रविधि प्रवर्द्धनमा प्रशस्त लगानी गर्न अपरिहार्य छ । यसका अलावा गैरकृषि क्षेत्रको रूपमा घरेलु तथा साना उद्योग जस्ता आयमूलक क्षेत्रको विकास गरि थप रोजगारी र आम्दानीका अवसरहरू जुटाउन सकिने देखी सरकारले घरेलु तथा साना उद्योग विकासका नीजि क्षेत्रसंग साझेदारी गर्ने परम्पराको थालनी भएको देखिन्छ । यसका लागि घरेलु तथा साना उद्योग विकास समिति एवं सो अर्न्तगतका कार्यालयहरूमार्फत उद्यमी सिर्जना गर्ने विभिन्न प्रकारका सीप विकास, उद्यमशिलता विकास एवं ब्यवस्थापन सम्बन्धि तालिम लगायत प्रबर्द्धनात्मक कार्यक्रमहरू संचालन गरिदै आएका छन् । यस प्रकार संचालन गरिने उद्यम सिर्जना तथा उद्योग प्रवर्द्धनात्मक कार्यक्रमहरू स्थानिय माग र सम्भाव्यताका आधारमा उद्यमी विकास तथा प्रबर्द्धन, औद्योगिक प्रदर्शनी तथा राष्ट्रिय उत्कृष्ट लघु, घरेलु तथा साना उद्यमी पुरस्कार कार्यक्रम, प्रविधि हस्तान्तरण कार्यक्रम, कोशेलीघर स्थापना तथा संचालन सहयोग कार्यक्रम, महिला उद्यमी विकास कार्यक्रम, वस्तु विकास तथा प्रशिक्षण कार्यक्रम, उद्यमी भ्रमण कार्यक्रम, नमूना वस्तु संकलन तथा वितरण, सूचना संकलन र प्रचार प्रसार आदि जस्ता क्रियाकलापहरू नियमित रूपमा संचालन हुदैआईरहेको भएतापनि उक्त प्रर्वद्धनात्मक कार्यक्रमहरूलाई समयसापेक्ष बढी प्रभावकारी र उपलब्धीमूलक बनाउन टड्कारो महसुस भएको छ ।

## घरेलु तथा साना उद्योगको महत्व

घरेलु तथा साना उद्योगको विकासबाट देशमा औधोगिक उत्पादन तथा उत्पादकत्वमा वृद्धि, रोजगारीको अवसर सिर्जना, स्थानीय सीप र दक्षताको प्रयोग र देशको सिमित स्रोत तथा साधनको उपयोग हुने र नेपालका साना तथा घरेलु उद्योगका उत्पादनहरूलाई निर्यात गर्नसके त्यसबाट सहजै विदेशी मुद्रा समेत आर्जन गर्न सकिन्छ । राज्यले लघु उद्योगका लागि आवश्यक न्युनतम पूर्वाधारको निर्माण गर्दै लानुपर्ने र मौजुदा औधोगिक पूर्वाधारहरूको प्रभावकारी उपयोग गर्नसके स्वदेशी लघु उत्पादनको वृद्धिमा थप टेवा पुग्न सक्ने देखिन्छ । मुख्यतया अविकसित मुलुकहरूको गरिबी न्युनिकरणमा घरेलु तथा साना उद्योगहरूको योगदान प्रमुख हुन्छ । स्रोत तथा साधनहरूको सीमितता, पुंजी परिचालनको कमजोर अवस्था, व्यवसायिकताको प्रवर्द्धन अपेक्षितस्तरमा हुन नसक्ने भएकोले नेपालजस्ता मुलुकहरूको आर्थिक विकासको मेरूदण्ड र आधारको रूपमा लघु, घरेलु तथा साना उद्योगहरूको विकास अपरिहार्य छ ।

## घरेलु तथा साना उद्योग विकास कार्यक्रम

सरकारले घरेलु तथा साना उद्योगहरूको विकासका लागि प्रभावकारी प्रवर्द्धनात्मक कार्यक्रमहरू तर्जुमा, सहि कार्यन्वयन, कार्यसम्पादनको नियमित मुल्याकंन र सुधारका अग्रगामी कार्यक्रमहरू योजनाबद्ध रूपमा अघि बढाउन सकेमा लघु उद्योगको उत्पादनमा वृद्धि, बजार विकास र निर्यात प्रवर्द्धन हुनसक्दछ । सरकारले देशमा व्याप्त गरिबी निवारण गर्ने मुख्य उद्देश्य अनुरूप घरेलु तथा साना उद्योग व्यवसायको प्रवर्द्धन एवं विकासका लागि मागमा आधारित आवश्यक सीप विकास, उद्यमशिलता विकास तालिम, प्राविधिक परामर्श कर्जा प्रवाह एवं सूचना सम्प्रेषणजस्ता कार्यक्रमहरू एकीकृत रूपमा संचालन नियमित गर्दै लैजान सक्नुपर्दछ । अपाङ्ग, पिछडिएका वर्ग, दलित, जनजाति, द्वन्द्वपीडित एवं महिलाको उत्थान हुने रोजगार एवं सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम कार्यक्रमहरूलाई ती वर्गका सशक्तिकरण हुने गरी प्राथमिकताका साथ कार्यान्वयन गरिदै सो लाई नतिजामूलक बनाउन नियमित रूपमा जोडदिनुपर्ने देखिन्छ । यसकालागि नियमित अनुगमन तथा मुल्याकंन प्रणाली र सो का आधारमा प्रभावकारी सुधारका कार्यक्रमहरू पहिचान र शिघ्र कार्यान्वयन गर्नसके त्यसबाट देशको घरेलु तथा साना उद्योगको प्रवर्द्धन सम्भव हुनसक्दछ । नेपालमा घरेलु तथा साना उद्योगहरूको व्यवस्थापन र प्रवर्द्धनमा सम्बन्धित विभाग तथा कार्यालय र मुख्य रूपमा घरेलु तथा साना उद्योग विकास समितिले विभिन्न कार्यहरू हालसम्म गर्दैआएपनि सो लाई समयसापेक्ष प्रभावकारी बनाउँदै लैजानुपर्दछ ।

नेपाल सरकार र संयुक्त राष्ट्र संघीय विकास कार्यत्रम (UNDP) तथा अष्ट्रेलियन सरकारको वित्तीय तथा प्राविधिक सहयोगमा नेपालका विभिन्न जिल्लाहरूमा आय-आर्जन र रोजगारी सृजना गरी गरिवी न्यूनिकरण गर्ने उद्देश्यले गरिवी निवारणका लागि केही जिल्लाहरूमा लघु उद्यम विकास कार्यत्रम संचालन हुदैआएको छ । आ.व २०७२।७३ को बजेटको नीति तथा कार्यक्रमहरूको कार्यान्वयन योजना अर्न्तगत उद्योग मंत्रालयबाट विदेशी लगानी आकर्षित गर्न विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनमा समयानुकुल सुधार गर्ने तर्फ मिति २०७२ असार मसान्त सम्म विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनको संशोधन गर्ने उल्लेख भएको पाईन्छ । यसबाट नेपालमा घरेलु तथा लघु औद्योगिक क्षेत्रको विकास तथा व्यवस्थापनको लागि विदेशी लगानीको अपेक्षा गर्नसकिन्छ । नेपाल सरकारबाट महिला उद्यमशीलता विकास कोष गठन भई सो अर्न्तगत महिलाद्वारा संचालित उद्योग वा व्यवसायलाई विना धितो कर्जा प्रवाह छनौट गरिएका जिल्लाहरूमा सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालय मार्फत कर्जा मागको प्रस्ताव दर्ता गर्ने व्यवस्था गरी सम्बन्धित जिल्ला स्थित राष्ट्रिय बाणिज्य बैंकको शाखा कार्यालयबाट परिचालन गर्ने व्यवस्था गरिएको छ । साथै नेपालको औधोगिक नीति २०६७ अनुसार लघु उद्यम, घरेलु तथा साना उद्योगको उत्पादन तथा बजार प्रवर्द्धनका लगि उपयुक्त सूचना प्रविधि (Information Technology) को प्रयोगको लागि विशेष व्यवस्था गरिने नीतिगत व्यवस्था उल्लेख गरिएको र घरेलु तथा साना उद्योग विकास समिति तथा विभागका कार्यलयहरूमा अनलाईन उद्योग दर्ता दैनिक उद्योग प्रशासन सम्बन्धि कार्यलाई समय सापेक्ष सूचना प्रविधि तथा विधुतिय माध्यमको प्रयोगद्धारा ई-सेवाको प्रभावकारी उपयोग गर्नसकिन्छ । यसै परिपेक्षमा सूचना संकलन तथा संप्रेषणको सन्दर्भमा मिति २०७२ वैशाख १२ र २९ गतेको विनाशकारी भूकम्प तथा

त्यसपछिका पराकम्पनहरूले नेपालमा संचालनमा रहेका घरेलु तथा साना उद्योगहरूको भवन तथा अन्य भौतिक संरचना एवं संम्पत्तिमा भएको क्षति र सो को विवरण फोटो सहित अनलाईन मार्फत पठाउनका लागि समितिका कार्यलयहरूबाट ई-सूचना जारी गरिएको र सूचना संकलन तथा संप्रेषण कार्यमा सूचना तथा प्रविधिको प्रयोगले वर्तमान परिपेक्षमा देशमा साना तथा घरेलु उद्योग प्रवर्द्धन सम्बन्धी कार्यमा छिटोछरितो र समय सान्दर्भिक रहेकोमा दुई मत छैन । साथै संघिय प्रणालीलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न हालको घरेलु तथा साना उद्योग विकास समितिका जनशक्तिलाई संघिय व्यवहार र अभ्यासमा ढाल्न आवश्यक प्रशिक्षण तथा अभिमुखीकरण गर्नुका साथै प्रदेशका लागि आवश्यक संरचना र जनशक्तिहरू उत्पादन गर्ने र तिनीहरूको क्रमिक रूपमा क्षमता अभिवृद्धि गर्न अपरिहार्य रहेको छ ।

## घरेलु तथा साना उद्योग विकास समिति र प्रवर्द्धनात्मक कार्यहरू

घरेलु तथा साना उद्योग विकास समितिले लघु घरेलु तथा साना उद्योग विकास कोष संचालन विनियमावली २०६२ तथा कार्यविधि अनुरूप निम्न बमोजिमको प्रवर्द्धनात्मक कार्यहरू गर्नुपर्ने देखिन्छ ।

### १) प्रविधि विकास सम्बन्धी कार्यहरूः

- लघु, घरेलु तथा साना उद्योगसंग सम्बन्धित छाता संगठनहरूसंग समन्वय राखी लघु, घरेलु तथा साना उद्योगहरूलाई प्रविधि विकास सम्बन्धी सेवा उपलब्ध गराउन सहयोग गर्ने ।
- नयां प्रविधि बारे प्रशिक्षण तथा प्रविधि हस्तान्तरणमा सहयोग गर्ने ।
- नयां तथा आधुनिक प्रविधिहरूको बारेमा नियमित प्रकाशन तथा सूचना सम्प्रेषण (Dissemination) गर्ने कार्यको लागि सहयोग गर्ने ।
- अन्य विविध प्रविधिबारे नियमित रूपमा प्रशिक्षण कार्यक्रम सञ्चालन गराउन आवश्यक सहयोग गर्ने ।
- लघु, घरेलु तथा साना उद्योग, उत्पादन तथा उत्पादकत्वलाई प्रशोधित गर्न सामूहिक रूपमा प्रयोग गर्ने गरी नयां प्रविधिको स्थापना गर्न अनुदान तथा ऋण सहयोग गर्ने ।
- नविन प्रविधिको विकास, सिर्जना, उपभोग र प्रविधि हस्तान्तरणलाई बढावा दिन बौद्धिक सम्पत्ति व्यवस्थाको उपयोग तथा क्षमता वृद्धिको लागि सहयोग गर्ने ।
- लघु, घरेलु तथा साना उद्योगका लागि उपयोगी हुने नयाँ प्रविधि बारे अध्ययन तथा अनुसन्धानका लागि आवश्यक सहयोग गर्ने ।

### २) क्षमता विकास सम्बन्धी कार्यहरूः

- उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत आवश्यकता सम्बन्धी अध्ययनका आधारमा नयां व्यवसाय सिर्जना, उत्पादन, व्यवस्थापन, बजार व्यवस्थापन, लेखा व्यवस्थापन, विक्रयकला तथा बौद्धिक सम्पत्ति अधिकार जस्ता बिषयहरूमा आवश्यक प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने कार्यमा सहयोग गर्ने ।
- ग्राहकहरूको रूचि एकै प्रकारका वस्तुमा सदैव नहुने तथ्यलाई दृष्टिगत गरी उत्पादित

वस्तुहरूको विकास तथा विविधीकरण गर्न वस्तु समूह छनौट गरी त्यस्ता वस्तुको विकास तथा विविधीकरण गर्ने कार्यक्रमहरू कार्यान्वयन गर्न सहयोग गर्ने ।

- वस्तु विकासका लागि स्थानीय स्तरमा उपलब्ध श्रोतको पहिचान गरी उक्त श्रोत (कच्चा पदार्थ) बाट तयार हुन सक्ने वस्तु विकास गरी यस्ता वस्तुको बजार प्रवर्द्धन समेत गर्ने कार्यमा सहयोग गर्ने ।
- उत्पादकत्व वृद्धि तथा प्रतिस्पर्धी क्षमताको विकासका लागि वस्तुको गुणस्तर विकास, उत्पादकत्व अभिवृद्धि तथा प्रतिस्पर्धी क्षमता विकासका लागि निम्न अनुसारको कार्यक्रम सञ्चालनमा सहयोग गर्ने : (१) गुणस्तर विकास कार्यक्रम (२) उत्पादकत्व अभिवृद्धि कार्यक्रम (३) स्वच्छ उत्पादनका लागि तालिम (४) बौद्धिक सम्पत्ति अधिकार उपयोग सम्बन्धी कार्यक्रम (५) श्रम र सीप प्रवर्द्धनात्मक कार्य ।
- लघु, घरेलु उद्यमहरूको व्यवसाय सिर्जना, प्रवर्द्धन, पुंजी व्यवस्थापन, उपयुक्त प्रविधि र बजार व्यवस्था आदि बिषयहरूमा आबद्धता बढाई त्यस प्रकारका व्यवसायमा ग्रामीण, पछाडी परेका समूह, जनजाति , मधेसी, महिला एवं न्यून आय भएका वर्गको सहभागिता बढाउने कार्यक्रम संचालनका लागि सहयोग गर्ने ।

### ३) बजार पहुंच सम्बन्धी कार्यहरूः

- लघु, घरेलु तथा साना उद्योगद्वारा उत्पादित वस्तुहरू विक्री गर्न स्थानीय, क्षेत्रीय तथा केन्द्रीयस्तरका विक्री कक्षहरू स्थापना गर्ने कार्यमा सहयोग गर्ने ।
- लघु, घरेलु तथा साना उद्योगद्वारा उत्पादित सामानको बजार प्रबर्द्धनको लागि जिल्ला, क्षेत्रीय तथा केन्द्रीय स्तरमा विभिन्न व्यापार मेला तथा प्रदर्शनीको आयोजना गर्ने कार्यमा सहयोग गर्ने
- विश्व बजारमा स्वदेशी वस्तुहरूको प्रवर्द्धनका लागि निकासीयोग्य गुणस्तरीय वस्तु उत्पादन गर्ने लघु, घरेलु तथा साना उद्यमीहरूलाई अन्तर्राष्ट्रिय व्यापार मेलामा भाग लिने कार्यमा सहयोग गर्ने ।
- नेपालमा उत्पादित वस्तुहरूको निकासी कुनै एउटा देशमा मात्र सीमित नराखी वस्तु बजार विविधीकरण गर्ने उद्देश्यले कुनै नयाँ देशमा वा राम्ररी बजार स्थापित भई नसकेका मुलुकमा निकासीको सम्भाव्यता अध्ययन गर्ने काममा सहयोग गर्ने ।

### ४) पूर्वाधार विकासमा संस्थागत टेवा पुऱ्याउने सम्बन्धी कार्यहरूः

- इन्कुवेशन केन्द्र (Incubation Center) को स्थापना र संचालन गराउने : नयां लघु, घरेलु तथा साना उद्योग स्थापना गर्ने उद्यमीलाई प्राविधिक, व्यवस्थापकीय तथा व्यावहारिक ज्ञान दिन एवं सीपमूलक प्रशिक्षण, कच्चा पदार्थ र लगानी अनुपातको आधारमा वित्तीय सहयोग गर्न तथा उत्पादित वस्तुको बजार प्रबर्द्धन गर्न सहयोग गर्ने र Growth Trap मा परेका लघु, घरेलु तथा साना उद्योगहरूलाई पनि इन्कुबेशन केन्द्रमा राखी Growth Trap बाट निकास दिई प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्ने कार्यमा सहयोग गर्ने ।
- नेपाल सरकार तथा निजी क्षेत्रको सहकार्यमा स्थापना हुने हस्तकला डिजाइन सेण्टरको भौतिक पूर्वाधार विकासमा आवश्यक सहयोग गर्ने ।

- लघु, घरेलु तथा साना उद्योग ग्रामको भौतिक पूर्वाधार विकास कार्यमा सहयोग गर्ने ।
- लघु, घरेलु तथा साना उद्यमहरूको सृजना, प्रवर्धन एवं विकासमा सहयोग पुग्ने औद्योगिक व्यवसाय केन्द्रहरू (Industrial Business Cluster) को स्थापना गर्न सहयोग गर्ने ।

**५) अध्ययन अनुसन्धान तथा सहयोग आदान प्रदान सम्बन्धी कार्यहरूः**

- मुलुकको लघु, घरेलु तथा साना उद्योगको अवस्था सम्बन्धमा बिभिन्न तथ्यङ्क संकलन गर्ने ।
- लघु, घरेलु तथा साना उद्योगको प्रविधि विकास, क्षमता विकास, बजार पहुंच तथा अन्य पूर्वाधार विकास सम्बन्धमा आवश्यक अध्ययन तथा अनुसन्धान गर्ने ।
- लघु, घरेलु तथा साना उद्योगको विकासको लागि सम्बन्धित विदेशी तथा अन्तराष्ट्रिय संघ संस्थाहरूसँग सहयोगको आदान प्रदान गर्ने तथा सहकार्य गर्ने ।

**६) बौद्धिक सम्पत्ति उपयोग र क्षमता विकास सचेतना सम्बन्धी कार्यहरूः**

- परम्परागत, हस्तकला तथा साना उद्योगहरूबाट उत्पादित वस्तुहरूको क्षमता विकास गर्ने ।
- सृजनात्मक प्रतिभाको विकास गर्ने ।
- औद्योगिक प्रर्वद्धन र सम्वर्द्धन गर्ने
- बौद्धिक सम्पति कानुनको जानकारी गराउने ।

**नेपालमा घरेलु तथा साना उद्योगहरूले भोग्नुपरेका समस्या**

- विदेशमा आधुनिक यन्त्र अर्थात उपकरणद्धारा ठूलो आकारमा उत्पादिन सस्तो र राम्रो औधोगिक वस्तुहरूसंग सामना गर्नुपरेको ।
- उद्योगको स्थापना, संचालन तथा वृद्धिको लागि आवश्यक पूंजी तथा कच्चा पद्धार्थको सिमित उपलब्धता ।
- उत्पादित वस्तु तथा सेवाहरूको Product-wise बजार अन्वेषण तथा प्रवर्द्धनको खांचो ।
- वद्लिदो वातावरण संगै Rural Marketing ले ल्याउने सम्भावित अवसर तथा चुनौतीलाई बुझ्न नसक्नु ।
- मुख्यतया ग्रामीण तथा पहाडी क्षेत्रमा अझै पनि यातायात तथा आधारभुत सुविधाको अभाव ।
- घरेलु तथा साना उद्योगमा लागेका उद्यमीहरूमा सम्बन्धित क्षेत्रको उचित ज्ञान, सीप, र दक्षताको कमी र साथै कार्यरत अधिकांश कामदारहरू पनि अदक्ष तथा अप्रशिक्षित हुनु । नेपालमा घरेलु तथा साना उद्योगमा संलग्न दक्ष तथा प्रशिक्षित कामदारहरू सिमित आम्दानीका कारण वैदेशिक रोजगारी तर्फ उन्मुख हुने प्रवृति ।
- घरेलु तथा साना उद्योगको विकासका लागि देशमा स्वस्थ वातावरणको कमी र रूग्ण तथा समस्यामा बांचिरहेका उद्योगहरूको संचालन र पुनरूथानका लागि थप पूंजी, तालिम र प्रविधिको आवश्यकता ।

- घरेलु तथा साना उद्योग विकास समितिबाट संचालन हुदैआएको तालिम तथा विकासका अवसरलाई बढी से बढी जनमानसको पंहुचमा पुराउन नसक्नु ।
- घरेलु तथा साना उद्योगहरूबाट उत्पादित वस्तुहरूले स्थानिय बजारमा खपतका लागि विदेशी सस्ता वस्तुहरूसंग प्रतिस्पर्धा गर्नुपरेको र अधिकांश ग्राहकहरू Product भन्दा पनि Price sensetive हुनेगरेको ।
- घरेलु उद्योगको विकासमा एउटा महत्वपूर्ण बाधा प्रतिस्पर्धा रहेको किनकी कति घरेलु उत्पादनहरू ठुला उद्योगहरूबाट उत्पादित वस्तु झै रूप र आकारमा आर्कषक हुननसक्नु ।
- सरकारले स्थानिय तवरमा घरेलु तथा साना उद्योगको विकास र बजार प्रवर्द्धनका लागि आवश्यक नीति तथा रणनीतिहरूको तर्जुमा र कार्यान्वयनमा समस्या देखिएको । साथसाथै घरेलु तथा साना उद्योगहरूको राज्यले उचित मात्रामा संरक्षण र सम्वर्द्धनका लागि राजनैतिक तथा प्रशासनिक प्रतिबद्धताको कमि ।
- नेपालको औद्योगिक नीति २०६७ अनुसार लघु उद्यम, घरेलु तथा साना उद्योगको उत्पादन तथा बजार प्रवर्द्धनका लगि उपयुक्त सूचना प्रविधि (Information Technology) को प्रयोगको लागि नीतिगत व्यवस्था गरिएपनि सो को अवलम्बन र उपयोगिताका लागि सरकारले कार्यान्वयन स्तरमा action plan बनाई grass root level सम्म सूचना प्रविधिको विकास गर्न नसक्नु र घरेलु उद्योगको विकासमा सूचना प्रविधि मैत्री वातावरण सिर्जना गर्न नसक्नु ।

## नेपालमा घरेलु तथा साना उद्योगका समस्या समाधानका उपायहरू

- विदेशमा आधुनिक यन्त्र अर्थात उपकरणद्धारा ठूलो आकारमा उत्पादिन सस्तो र राम्रो औधोगिक वस्तुहरूसंग सामना गर्नुपरेको घरेलु तथा साना उद्योगहरूलाई प्रश्रय दिनेखालको राज्यको नीति हुनुपर्ने सो को प्रभावकारी कार्यन्वयन हुनुपर्ने ।
- घरेलु तथा साना उद्योगको स्थापना, संचालन तथा विकासलाई आवश्यक पूंजी, कच्चा पद्धार्थ, उर्जा आदिका उपलब्धता र सहजताका लागि वैकल्पिक मार्गको खोजी गरिनुपर्ने ।
- उत्पादित वस्तु तथा सेवाहरूको Product-Wise बजारको खोजी, अन्वेषण तथा प्रवर्द्धन गरिनुपर्ने र साथै Rural Marketing को अवधारणा र विकासका लागि रणनीति र कार्ययोजना सहित अघि बढिनुपर्ने ।
- घरेलु तथा साना उद्योगका लागि चाहिने आधारभुत संरचना Infrastructure Development तथा आधारभुत सुविधामा सरकारद्धारा नियमितरूपमा जोड दिईनुपर्ने ।
- घरेलु तथा साना उद्योगमा लागेका उद्यमीहरूमा सम्बन्धित क्षेत्रको उचित ज्ञान, सीप, र दक्षतामा वृद्धिका लागि सो संग सम्बन्धित तालिम र विकासका अवसरहरूलाई गाउं गाउंमा पुराईनुपर्ने ।
- घरेलु तथा साना उद्योगको विकासका लागि देशमा स्वस्थ वातावरण कायम र रूग्ण तथा समस्यामा बांचिरहेका उद्योगहरूको संचालन र पुनरूथानका लागि थप पूंजी, तालिम, दक्ष जनशक्ति र प्रविधिको व्यवस्था गरिनुपर्ने । साथसाथै घरेलु तथा साना उद्योगहरूको राज्यले

उचित मात्रामा संरक्षण र सम्वर्द्धनका लागि राजनैतिक तथा प्रशासनिक प्रतिबद्धतामा कायम गरिनुपर्ने र सो को लागि आवश्यक नीति तर्जुमा र प्रभावकारी ढंगबाट कार्यन्वयन गरिनुपर्ने ।

- नेपालको औधोगिक नीति २०६७ अनुसार लघु उद्यम, घरेलु तथा साना उद्योगको उत्पादन तथा बजार प्रवर्द्धनका लगि उपयुक्त सूचना प्रविधि (Information Technology) को प्रयोगको लागि नीतिगत व्यवस्था गरिएपनि सो को अवलम्बन र उपयोगिताका लागि सरकारले कार्यान्वयन स्तरमा action plan बनाई grass root level सम्म सूचना प्रविधिको विकास गर्दै घरेलु उद्योगको विकासमा सूचना प्रविधि मैत्री वातावरण सिर्जनामा जोड दिईनुपर्ने ।
- नेपाल सरकारबाट महिला उद्यमशीलता विकास कोष गठन भई सो अर्न्तगत उद्योग वा व्यवसायलाई विना धितो कर्जा प्रवाह केहि जिल्लाहरूमा शुरूवात भएपनि सो अभियानलाई प्रभावकारी ढंगबाट अघि बढाउदै लगिनुपर्ने र सो को पहुंचलाई सकेसम्म बढीसे बढी जिल्ला र भुकम्पपीडित जिल्लाहरूमा पुराईनुपर्ने ।
- घरेलु तथा साना उद्योगहरूको उत्पादनको लागि आधुनिक प्रणाली र पद्धति अपनाउनुपर्ने र उक्त उद्योगहरूबाट उत्पादित वस्तु तथा सेवाहरूलाई मुख्यतया स्थानिय बजारमा खपत गर्ने संयन्त्र निर्माण गरिनुपर्ने र साथै राष्ट्रव्यापीरूपमा बजार विकास र विस्तारका लागि उत्पादित वस्तुहरू नेपाल सरकारका विभिन्न मंत्रालय, विभाग तथा कार्यालयहरूले अनिवार्य खरिद गरिदिने व्यवस्था मिलाउनुपर्ने ।
- घरेलु तथा साना उद्योगहरूलाई पुरानो प्रविधिलाई नयां प्रविधिबाट प्रतिस्थापन गर्दै बद्लिदो परिवेशमा ग्राहकको रूचिअनुसार वस्तु तथा सेवाहरू उत्पादन गर्न उद्यमीहरूलाई प्रोत्साहित गरिदै लानुपर्ने ।
- घरेलु उद्योगको उत्पादन र प्रयोग बढाउन जनतामा सो अनुकूल भावनामा अभिवृद्धि गराउन आवश्यक ऐन नियमलाई सरलीकरण गर्ने र सुविधाहरूमा वृद्धि तथा आवश्यक प्रचार प्रसारको व्यवस्था मिलाउनुपर्ने । साथै उक्त उद्योगहरूलाई नभई नहुने कच्चा पद्धार्थहरू सुलभ तरिकाबाट उपलब्ध गराउनेतर्फ सम्बन्धित निकायले महत्वपूर्ण भुमिका खेल्नुपर्ने ।
- उद्यमीहरूलाई आवश्यक पूंजी पर्याप्त नभई बैंकसमक्ष ऋण माग भएमा सर्वसुलभढंगबाट विना धितो र यथाशक्य चांडो बैक तथा वित्तिय संस्थाहरू मार्फत सरल विधि अबलम्वन गरी ऋण सुविधा प्रवाह गरिनुपर्ने ।
- घरेलु उद्योगको उत्पादकत्व अभिवृद्धि गर्न उद्यमीहरूलाई बदलिंदो वातावरण अनुरूपको प्रविधिक ज्ञान, सीप र दक्षतामा वृद्धिगर्न विभिन्न किसिमका तालिम, कार्यशाला तथा गोष्ठीहरू ग्रामिण स्तरमा संचालन गरिनुपर्ने र सो अभियानको प्रभावकारिताको नियमित अनुगमन र मुल्याकंनमा जोड दिईनुपर्ने ।

(लेखक व्यवस्थापन विज्ञको रूपमा परिचित हुनुहुन्छ)

# महिला उद्यमशिलता विकास कोष सम्वन्धी सामान्य जानकारी



बिमला धिताल
उप निर्देशक

नेपालको आधा भन्दा वढी जनसंख्या ओगटेका महिलाहरूको क्षमता विकास नगरी देशको विकास पनि असम्भव छ त्यसैले हाल आएर महिला मैत्री नियम कानून पनि बनिरहेका छन् । घरको चौघेरा भित्र महिलालाई राख्दा घरको साथै देशको सम्वृद्धि पनि टाढा जान सक्छ भन्ने कुरा अव कसैलाई भनिरहनु पर्दैन र महिलाहरूमा पनि अव हामी घर भित्र मात्र रूमल्लीन हुंदैन र बाहिर पनि निस्कनु पर्छ भन्ने चेतनाको विकास हुंदै गइरहेको पनि छ, जसको फलस्वरूप आजका महिलाहरूले केही गर्नुपर्छ, सिप सिक्नु पर्छ र क्षमता अनुसारको सानो तिनो व्यवसाय गर्नुपर्छ भन्ने सोंचका साथ अघी बढन प्रयास गर्दैछन । यसरी महिलाहरूमा आएको परिवर्तनलाई मध्यनजर गर्दै नेपाल सरकारले पनि महिलाहरूलाई विभिन्न छुट सुविधा उपलब्ध गराउंदै आएको छ । महिलाहरूमा सम्पत्तीको पहुंच नहुने भएकोले महिला उद्यमीहरूले लगानी गर्नका लागि रकमको अभाव हुने समस्यालाई न्यूनीकरण गर्नका लागि नेपाल सरकारले सहुलियत दरमा ऋण उपलब्ध गराउने व्यवस्था समेत गरेको छ ।

नेपाल सरकारले जारी गरेको औद्योगिक निति २०६७ ले महिला उद्यमीहरूलाई विशेष सहुलियत र सुविधा प्रदान गर्ने निति लिए अनुसार महिला उद्यमशिलता प्रवर्द्धन विकास र विस्तारलाई राष्ट्रिय विकास अभियानमा महिलालाई सम्लग्न गराउन, महिला उद्यमीद्वारा उद्योग स्थापना, सञ्चालन उद्यम व्यवसायमा थप प्रविधि विस्तार, वजार विस्तार तथा क्षमता अभिवृद्धि जस्ता कार्यमा कर्जा प्रवाह मार्फत सघाउ पुर्‍याउने उद्देश्यले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले "महिला उद्यमशिलता विकास कोष (सञ्चालन) कार्यविधि २०६९" निम्न उद्देश्यका साथ जारी गरेको छ ।

**उद्देश्य**

१. लघु घरेलु तथा साना उद्योगका लागि महिला उद्यमीलाई सरल, सहज ढंगले विना धितो कर्जा उपलब्ध गराउने ।
२. महिलालाई कर्जा प्रवाह गरी उद्यमशिलाताको माध्यमबाट महिलाहरूको आर्थिक तथा सामाजिक स्तर उकास्नको लागि सहयोग पुर्‍याउने ।
३. महिला उद्यमशिलताको विकास र विस्तार एवं प्रवर्द्धन गर्न सहयोग गर्ने ।
४. लघु, घरेलु तथा साना उद्योगको माध्यमद्वारा महिलालाई उद्योग व्यवसाय सञ्चालन प्रकृयामा संलग्न गराउने ।

महिलालाई उद्यमी बन्न प्रोत्साहन गर्न, महिलाको नाममा उद्योगको स्थापना सञ्चालन, थप प्रवर्द्धन, प्रविधि विकास सम्वन्धी कार्यमा सरल र शुलभ तरिकाबाट विना धितो कर्जा प्रवाह गर्न महिला उद्यमशीलता विकास कोषको स्थापना भएको हो । यस कोषबाट महिला उद्यमीलाई एक आर्थिक वर्षमा रू.५०००००।- (पाँच लाख) मा नबढ्ने गरी ऋण प्रदान गर्ने व्यवस्था गरिएको छ । उक्त कर्जा लिन चाहने महिला उद्यमीले ताकिएको ढाँचामा निवेदन लेखी कोष व्यवस्थापन जिल्ला समितिमा पेश गर्नुपर्छ । जिल्ला स्तरमा एक कोष व्यवस्थापन जिल्ला समिति र केन्द्रस्तरमा एक कोष व्यवस्थापन केन्द्रिय समिति रहने व्यवस्था भएको निर्देशिकामा उल्लेख छ ।

## कोष व्यवस्थापन जिल्ला समिति :

जिल्लामा रहेका उद्यमशील महिलालाई सहज, सरल र प्रभावकारी रूपमा कर्जाप्रवाह गरी कोषको समूचित प्रयोग गर्न सघाउ पुऱ्याउनको लागि जिल्लास्तरमा देहायबमोजिमको कोष व्यवस्थापन जिल्ला समिति गठन हुने व्यवस्था छ ।

(क) कार्यालयको प्रमूख संयोजक

(ख) महिला विकास अधिकृत, महिला तथा बालबालिका कार्यालय सदस्य

(ग) प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालय सदस्य

(घ) प्रमूख, जिल्लास्थित कर्जाप्रवाह गर्ने अनूमति पाएको बैंक सदस्य

(ङ) प्रतिनिधि, जिल्लास्थित उद्योग वाणिज्य संघ सदस्य

(च) प्रतिनिधि, जिल्लास्थित नेपाल घरेलु तथा साना उद्योगमहा संघ वा संघ सदस्य

(छ) प्रतिनिधि, जिल्लास्थित लघू उद्यमी संघ नेपाल सदस्य

(ज) प्रतिनिधि, जिल्लास्थित महिला उद्यमी संघ नेपाल सदस्य

(झ) कार्यालय प्रमूखले तोकेको कार्यालयको कर्मचारी सदस्य सचिव

(ण) जिल्ला समितिले आवश्यकताअनूसार विशेषज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

(त) जिल्ला समितिको बैठक महिनाको एक पटक बस्नेछ ।

(थ) जिल्ला समितिले केन्द्रीय समितिको निर्देशनको अधिनमा रही आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

## कोष व्यवस्थापन जिल्ला समितिको काम, कर्तव्य र अधिकार :

(१) कोषको उपयोग गरी महिलालाई उद्यम स्थापना, विकास, विस्तार तथा प्रवर्द्धन गर्नेतर्फ आकर्षित गर्न प्रचारप्रसार गर्ने ।

(२) कोषबाट कर्जा लिन चाहने उद्यमीका छाता संस्थाको सिफारिससहित निवेदन लिने,

(३) कर्जा मागको लागि प्राप्त भएका आवेदन प्रस्ताव अनुसुची–२ को आधारमा मुल्याङ्कन गरी सिफारिससहित आवश्यक कारबाहीको लागि केन्द्रीय समितिमा पठाउने, यसरी सिफारिस गर्दा कर्जाको लागि माग भएका निवेदनहरुमध्ये द्वन्द्व पीडित, अपाङ्ग, एकल महिला, सीमान्तकृत, अल्पसङ्ख्यक, महिलाद्वारा सञ्चालन गरिने उद्यमलाई प्राथमिकता दिनुपर्नेछ ।

(४) कोषबाट प्रवाह गरेको कर्जा लगानी तथा असुली सन्तोषजनक नदेखिएमा केन्द्रीय समितिमा जानकारी गराउने,

(५) कोषबाट प्रवाह गरेको कर्जा लगानी तथा असूलीको निरीक्षण, अनूगमन तथा मुल्याङ्कन गर्ने,

(६) जिल्लाको लागि आवश्यक पर्ने कर्जा सीमा तथा अन्य विषयमा केन्द्रीय समितिलाई सुझाव दिने,

(७) कर्जाप्रवाह भएका संस्थाको निरीक्षण गरी आवश्यकतानुसार महिला उद्यमीलाई परामर्श दिने,

(८) जिल्लामा भएको कर्जा लगानी तथा असुलीको प्रगति विवरण चौमासिक रुपमा केन्द्रीय समितिमा पढाउने,

(९) केन्द्रीय समितिबाट कर्जा स्वीकृत भएको जानकारी सम्बन्धित व्यक्तिलाई तीन दिनभित्र दिने ।

## कर्जा प्रवाह, व्याज र असूली सम्बन्धी व्यबस्था :

यस कोषबाट कर्जा लिन चाहने महिलाले आफु संबद्ध जिल्लास्थित छाता संस्थाको सिफारिससहित तोकिए बमोजिमको ढांचामा देहायबमोजिमका कागजातहरु संलग्न राखी सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ कर्जा रकम सम्वन्धीत जिल्ला स्थित राष्ट्रिय वाणिज्य बैकको शाखा कार्यालयबाट परिचालन हुने व्यवस्था गरिएको छ। कर्जा रकम रू.१ लाख देखि ५ लाखसम्म दिन सकिने र उक्त कर्जाको व्याज ६ प्रतिशत हुने र निर्धारित समयभित्र सावां व्याज चुक्ता गर्नेलाई व्याजमा १ प्रतिशत रकम दिने व्यवस्था समेत गरिएको छ । कर्जा चुक्ता गर्ने अवधि कर्जा प्रवाह भएको मितिले ३ वर्ष भित्रमा सावां व्याज भुक्तानी गरिसक्नु पर्छ । यस्तो किसिमको कर्जा पुरूष उद्यमीद्वारा संचालित वा पुरूष साझेदार रहेका उद्योग व्यवसायहरु, मदिरा उद्योग, सूर्तीजन्य वस्तु उत्पादन गर्ने उद्योग र प्लास्टिक झोला उत्पादन गर्ने उद्योगलाई यस कार्यक्रमबाट ऋण दिन नसकिने प्रावधान छ।

## महिला उद्यमीले ऋण माग गर्दा निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू

(क) आफुले गर्न चाहेको उद्योग व्यवसाय वा उद्यमको विवरण,

(ख) कर्जा लगानी गर्ने प्रस्तावित उद्योग व्यवसाय वा उद्यमको योजना (स्कीम),

(ग) कर्जा लगानी गर्न माग गरेको रकम,

(३) नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) जुन उद्योग व्यवसाय वा उद्यममा कर्जा लगानी गर्न चाहेको हो सो संस्था प्रचलित कानूनबमोजिम

दर्ता, नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,

(च) कर्जा माग गर्ने संस्था जुन छाता संस्थाको सदस्य हो सो जिल्लास्थित छाता संस्थाको सिफारिस,

यस कोषबाट महिलाको नाममा उद्योग दर्ता भई स्थापना भएका महिलाद्वारा संचालित उद्योग वा व्यवसायलाई विनाधितो कर्जा प्रवाह गर्नको लागि हाल २६ वटा जिल्लाहरु मात्र छनौट भएका छन् । ती जिल्लाहरु पांचथर, संखुवासभा, खोटाङ, सप्तरी, धनुषा ,दोलखा, मकवानपुर, काठमाण्डौ, ललितपुर, भक्तपुर, काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ, नवलपरासी, कास्की, गोरखा, पर्वत, बाग्लुङ, प्यूठान, कालिकोट, बाँके, बाजुरा, कैलाली, डोटी र बैतडी हुन् । कर्जा प्रवाह गर्ने जिल्लाहरु क्रमश वृद्धि गर्दै लगिने र ७५ जिल्लामै यो कार्यक्रम लागू गर्ने योजना रहेको छ ।

## जिल्ला छनौटको आधार

कोषको रकम कर्जाप्रवाह गर्नको लागि देहायबमोजिमका आधारमा केन्द्रीय समितिले एक वा एकभन्दा बढी जिल्ला छनौट गर्नेछ :–

१. प्राथमिकताप्राप्त उद्योग,

२. पिछडिएको भौगोलिक क्षेत्र,

३. स्थानीय उपभोग,

४. कार्यालयबाट सञ्चालित वस्तू विकास सेवा केन्द्रसंगको सम्बन्ध

५. कार्यालयबाट प्रदान गरिने सेवासँगको सम्बन्ध,

६. घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्रबाट उपलब्ध गराउने सेवासंगको सम्बन्ध

यस कार्यक्रमबाट ऋण लिनको लागि तोकिएको निवेदनको ढाँचा प्राप्त गर्न गर्न सम्वन्धीत जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालय तथा समितिका कार्यालयहरुबाट प्राप्त गर्न सकिने छ अथवा घरेलु विभागको website www.dcsi.gov.np र समितिको website: www.csidb.gov.np बाट समेत प्राप्त गर्न सकिनेछ ।

# नेपालमा लघु तथा घरेलु उद्योग र उर्जा



भीम गौतम

अस्थिर राजनीति र प्रकृयागत झन्झटको कारण नेपालमा ठूलाभन्दा लघु तथा घरेलु उद्योगहरूको सम्भावना बढी छ र यसमा नेपाल अग्रसर हुँदै पनि गएको छ तर ठूला उद्योगलाई जस्तै लघु तथा घरेलु उद्योगका लागि उर्जा आधारभूत आवश्यकता नै हो । जति उर्जाको उपलब्धता हुन्छ, त्यतिनै उद्योगहरु फष्टाउँछन् । नेपालको परिपेक्ष्यमा पनि भने उर्जामा सबैभन्दा संकट छ । ठूला जलविद्युत आयोजनाहरु मागभन्दा धेरै कम सम्पन्न भएका छन् भने आवश्यकताको आधारमा सोलार, लघु जलविद्युत, वायु, वायोग्याँस लगायत उत्पादन हुन सकेका छैनन् । उत्पादन भएका यी वैकल्पिक उर्जाका माध्यमहरूलाई समेत स्थानीय समुदायले सीप, दक्षता, क्षमता र बजारको अभावमा लघु तथा घरेलु उद्योगमा उपयोग गर्न सकेका छैनन् । पछिल्लो समयमा आएका नयाँ प्रविधि र सेवालाई त उपयोग गर्न नै बाँकी छ । सरकारले लघु तथा घरेलु उद्योग प्रवर्द्धनका लागि विभिन्न कार्यक्रमहरु त सञ्चालन गरेको छ तर त्यसलाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता छ । गाउँ गाउँसम्म विभिन्न समूहहरु बनाएर लघु तथा घरेलु उद्योगहरु प्रवर्द्धनका लागि आर्थिक तथा क्षमता अभिवृद्धिको क्षेत्रमा सहयोग गर्न सरकारले बजार प्रवर्द्धनका लागि विशेष कार्यक्रम ल्याउनुपर्ने आवश्यकता छ । उर्जा क्षेत्रको उपलब्धता र सम्भावनालाई दृष्टिगत गरी सरकारले नेपालको आवश्यकतालाई मध्यनजर गरेर लघु तथा घरेलु उद्योगहरु प्रवर्द्धनमा जोड दिनुपर्छ । जहाँ नेपाल विद्युत प्राधिकरणको केन्द्रीय ग्रीडबाट विजुली उपलब्ध छ, त्यही क्षेत्रमा त्यसको उपयोग गर्नुपर्छ भने जहाँ छैन त्यहाँ सम्भावनाको आधारमा सोलार, लघु जलविद्युत, वायु, वायोग्याँस, विकेट जस्ता उर्जाको उपयोग गर्नुपर्छ । यी नवीकरण उर्जाका प्रविधिहरु उपलब्ध भएको क्षेत्रमा कस्ता उद्योगहरूको सम्भावना छ र ती क्षेत्रलाई कसरी बजारसम्म पुर्‍याउन सकिन्छ भन्ने दृष्टिकोणतर्फ पनि विशेष ध्यान दिनु आवश्यक छ । उर्जा, उत्पादन र बजारबीच सामञ्जयता ल्याउन सके लघु तथा साना उद्योग फष्टाउने निश्चित छ ।

लामो समयदेखिको राजनीतिक संक्रमणकाल र लगानीमैत्री वातावरणको अभाव नेपालले झेलिरहेको बेला घरेलु तथा साना उद्योगहरूले पनि देशलाई योगदान दिन सक्छन् भन्ने उदाहरण धेरै देशले प्रस्तुत गरेका छन् । घरेलु आवश्यकता पुरा गर्न तथा केही उत्पादनहरु विदेश समेत सजिलै लान सकिने देखिएको छ । तर यसका लागि नयाँ प्रविधि र छिटो उत्पादनका लागि उर्जाको सहज आपुर्ति अनिवार्य छ । हाल नेपालमा जलविद्युतमार्फत ७ सय ५० मेगावाट मात्र विद्युत उपलब्ध छ, जबकि १३ सय ८२ मेगावाट विद्युत माग छ । अझै लोडसेडिङको चरम समस्या भोग्नुपरेको छ । वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रमार्फत लघु जलविद्युत, सोलार, वायु उर्जा, वायोग्यास लगायतको प्रवर्द्धन भईरहेको छ । यी सबै नवीकरणीय उर्जा प्रविधिहरूको उपयोग समेत ५० मेगावाट

नाघिसकेको छैन । अहिले पनि उर्जाको मुख्य हिस्सा दाउरा लगायतका परम्परागत उर्जाहरूमै निर्भर छ । परम्परागत उर्जाको उपयोगितामा कमी ल्याएर जलविद्युत तथा नवीकरणीय उर्जाका प्रविधिहरु बढीभन्दा बढी विकास गर्नु आवश्यकता छ । यसका लागि उर्जा मन्त्रालयमार्फत विद्युत प्राधिकरणले विभिन्न जलविद्युत आयोजनाहरु निर्माण गरिरहेको छ भने नीजि क्षेत्रबाट समेत जलविद्युत उत्पादनको काम अघि बढेको छ । तर अपेक्षा अनुसार जलविद्युत उत्पादन नहुँदा लोडसेडिङको समस्या बढ्दो छ । ग्रामीण क्षेत्रमा पनि नवीकरण उर्जाका प्रविधिहरूको विकास क्रम बढेको छ तर अझै धेरै विकट क्षेत्रहरूमा यो प्रविधिलाई पुर्‍याउन सकिएको छैन । घरेलु तथा साना उद्योगहरु सञ्चालनका लागि अत्यावश्यक मानिएको उर्जाको व्यवस्थापन सबैका लागि चुनौतीपूर्ण छ । यस्तो अवस्थामा घरेलु तथा लघु उद्योगहरूको प्रवर्द्धन र उर्जा व्यवस्थापनका लागि विशेष कार्यक्रम ल्याउनु आवश्यक छ ।

लघु तथा घरेलु उद्योगहरूको लागि आवश्यक उर्जा उत्पादनका लागि सरकारले विशेष सहुलियत दिनुपर्छ । अहिले नवीकरणीय उर्जामा ५० प्रतिशतसम्म अनुदानको व्यवस्था गरिएको छ । यसलाई सकारात्मक मान्नुपर्छ तर घरेलु उद्योग प्रवर्द्धनका लागि यो कम नै हो । यो अनुदानलाई अझ वृद्धि गर्नु आवश्यक छ । विद्युत प्राधिकरणको केन्द्रीय लाइन सरकारले बनाएपछि विजुली उपयोग गरेवापत मात्र उपभोक्ताले प्रति युनिट बराबरको विजुली विल तिर्नुपर्छ तर लघु जलविद्युत, सोलार लगायतको विकासका लागि सम्बन्धित उपभोक्ताले लगानी मात्र गर्नुपर्दैन, उपयोग गरेवापत छुट्टै विल पनि तिर्नुपर्छ । यसकारण एकातिर नवीकरणीय उर्जातर्फको आकर्षण कम छ भने अर्कोतिर यसको उपयोग घरेलु तथा साना उद्योगमा हुन सकेको छैन । यसकारण उत्पादनमूलक उद्योगमा प्रयोग गर्ने उर्जा सरकारले निःशुल्क रूपमा बनाईदिएर त्यसको उपयोग गरेवापतको रकम मात्र लिने व्यवस्था गर्न सके यसबाट परिणाम निस्कन सक्छ । लोडसेडिङको समस्या भएको बेला धेरैले घरेलु तथा साना उद्योगहरूमा नवीकरणीय उर्जाको उपयोग गर्न सक्छन् । प्राविधिक रूपमा समेत यो सम्भव छ । जहाँसम्म विद्युत प्राधिकरणको ग्रीडमार्फत उपलब्ध विजुली छ, त्यसलाई समेत उत्पादनसम्म जोड्नुपर्छ । विजुली उत्पादन भएका क्षेत्रहरु, जुन अलि भौगोलिक रूपमा विकट हुन्छन् ती क्षेत्रमा लघु तथा घरेलु उद्योग प्रवर्द्धनका लागि छुट्टै महशुल निर्धारण गर्नुपर्छ त्यहाँ ठूला तथा साना उद्योगहरूले विजुली उपयोग गर्दा अहिलेको भन्दा केही छुट दिनैपर्छ । उदाहरणका लागि हाल प्रतियुनिट घरेलु तथा साना उद्योगले १० रूपैयाँ तिरिरहेको भए सरकारले त्यसलाई घटाएर प्रति युनिट ८ रूपैयाँ पुर्‍यायो भने धेरै यसतर्फ आकर्षित हुन्छन् । सस्तो विजुली भएमा यसको लागत पनि घट्छ र बजार बलियो बन्दै जान्छ । अरू देश वा क्षेत्रमा उत्पादन गरेभन्दा सस्तो र गुणस्तर भए मात्र उपभोक्ताले समेत ती लघु तथा घरेलु उद्योगहरूमार्फत उत्पादन गरेका सामग्रीहरु किन्छन् । यसका लागि सरकारले कुन वस्तु कति आवश्यक छ ? कहाँ उत्पादनको सम्भावना छ ? कसरी त्यहाँ नियमित र सस्तोमा उर्जा उपलब्ध गराउन सकिन्छ ? कहाँ बजार छ र त्यहाँ कसरी पुर्‍याउन सकिन्छ ? भन्ने प्रश्नको उत्तरसहितको विशेष कार्यक्रम र योजना ल्याउनुपर्छ । क्षमता छ तर उर्जा र बजार छैन भन्ने त्यसको अर्थ हुँदैन । बजारको माग, उर्जाको उपलब्धता र सम्बन्धित लघु तथा घरेलु उद्योगबारेको क्षमतालाई आंकलन गरेर मात्र अघि बढाउन सक्यो भने यसबाट

उपलब्धि हासिल गर्न सकिन्छ ।

पेट्रोलियम पदार्थ तथा ग्याँस विदेशबाट आयात हुने कारण हामीले बारम्बार उर्जा संकटको सामना गरिरहनुपरेको छ । तर कमनै भएपनि लघु तथा घरेलु उद्योगहरूमा समेत यसको उपयोग भएको छ । आयातमा समस्या आउने वित्तिकै यसबाट घरेलु उद्योगहरु समेत प्रभावित हुने निश्चित छ । त्यसकारण डिजेल वा ग्याँसबाट लघु तथा घरेलु उद्योगहरु सञ्चालन गर्नुपर्ने आवस्थाको पूर्णतया अन्त्य गर्नुपर्छ यसलाई विस्थापन गरेर जलविद्युत वा नवीकरणीय उर्जा प्रवृत्तिहरूमै जानुपर्छ । जुन नेपालमै उपलब्ध छन् । नेपालमा उपलब्ध उर्जाको प्रयोगबाट सबै लघु तथा घरेलु उद्योगहरु सञ्चालन गर्न सके परनिर्भरताको अन्त्य हुन सक्छ । तत्काल जलविद्युत आयोजनाहरूमार्फत विजुली उपलब्ध गराउन समस्या देखिएमा सरकारले नवीकरणीय उर्जामार्फत घरेलु तथा साना उद्योगहरूमा उर्जा उपलब्धताको ग्यारेण्टी गर्नुपर्छ । सरकारले उपलब्ध गराउन नसक्ने परिस्थिती नभएमा सम्बन्धित लघु तथा घरेलु उद्योगका प्रवर्द्धकहरूलाई समेत सहभागी गराएर यसलाई अघि बढाउन सकिन्छ अर्थात उद्योग प्रवर्द्धन गर्नेहरूलाई विशेष अनुदान र सहुलियत दिन सकिएमा उनीहरु उर्जाको अभावमा संकटमा पर्ने अवस्था रहदैन ।

नेपालमा जलविद्युत तथा नवीकरणीय उर्जा प्रविधिको सम्भावना ठूलो छ तर विकास हुन सकेको छैन । यो सम्भावनालाई उपयोग गरेर यसमार्फत उद्योगहरूको प्रवर्द्धन गरी नेपाललाई आर्थिक रूपमा सक्षम बनाउनेतर्फ अग्रसर हुनुपर्छ । पछिल्लो समयमा भारत र चीनबाट बढ्दो आयातलाई कम गर्न पनि स्वदेशी उद्योगहरूको प्वर्द्धन गर्नुको विकल्प छैन । यसले नेपाललाई आत्मनिर्भरको बाटोमा लैजान्छ । जबसम्म उद्योगहरु बढीभन्दा बढी स्थापना गरेर उत्पादनतर्फ हामीले जोड दिँदैनौ, तबसम्म परनिर्भरता कायमै रहन्छ । अहिले नेपालमा उत्पादनभन्दा पनि व्यापार गर्नेहरूको वर्चस्व छ । व्यापारले फाइदा त दिन्छ तर देशलाई आयाततर्फ धकेलेर परनिर्भता बनाउँछ । परनिर्भरताको अन्त्यका लागि पनि नेपालले उर्जाका सबै प्रविधिहरूको उपयोग गरी कम जोखिम रहेका तर त्यहाँबाट नेपालको आवश्यकतालाई परिपुर्ति गर्न सक्ने क्षेत्रको रूपमा रहेको लघु तथा घरेलु उद्योगहरूको प्रवर्द्धन गर्नुपर्छ । उर्जा उपलब्धता, उत्पादनको सम्भावना, बजारको आवश्यकता र उपयोग लगायतलाई ध्यान दिन सके लघु तथा घरेलु उद्योगको प्रवर्द्धन हुन्छ र परनिर्भरतातर्फ उन्मुख नेपालको अर्थतन्त्रलाई आत्मनिर्भरतर्फ अग्रसर पुर्‍याउन सहयोग गर्छ । योगदान दिन्छ ।

**विद्वान् मानिसजस्तो विचार गर तर सर्वसाधारणको भाषामा भन ।**

**- विलियम बट्लर**

# समृद्ध नेपालका लागि पुनर्निमाण र लगानीका वातावरण सँगसँगै



चित्राङ्गत बराल

भर्खरै व्यवस्थापिका संसदको बैठकबाट पुनर्निमाण प्राधिकरण ऐन पारीत भई राष्ट्रपतिबाट प्रमाणिकरण समेत भई सकेको छ । पुनर्निमाण प्राधिकरणले वि.सं. २०७२ वैशाख १२ गते आएको विनासकारी भुकम्प र त्यस पछि आएका पराकम्पबाट भएका भौतिक पूर्वाधारका क्षतिको पुनर्निमाण गर्ने मुख्य जिम्मेवारी पाएको छ । भुकम्प पछि उद्दारमा हामीले भन्ने गरेका थियौं "आपतलाई अवसर र विपत्तीलाई विकासमा बदल्ने छौं" सो विषय भन्नमा मात्र सिमित छ । प्राधिकरण निर्माणलाई भौतिक संरचनाको पुनः निर्माणमा मात्र सिमित गऱ्यौं भने नयां नेपालको सपना पनि सपनामै सिमित हुने छ । भौतिक पुनः निर्माण आर्थिक अवसर, सामाजीक परिवर्तन र समावेशीकरण संगसंगै जानु पर्ने अवको आवश्यकता हो । पुनर्निर्माण भनेको भुकम्पबाट भत्कीएका घर, भवन र अन्य पूर्वाधार निर्माण गर्ने मात्र भन्ने बुझियो भने यो ईतिहास कै गल्ती हुनेछ । पुनर्निर्माण र नवनिर्माणलाई नयां संस्कृति, सभ्यता एवं रोजगारी र समृद्धि हासील गर्ने रूपमा बुझेको अवस्थामा मात्र सो बुझाई सही अर्थको बुझाई हुने छ ।

नेपालमा लगानीको वातावरण सृजना गर्ने विषयमा छलफल भई रहेको अवस्थामा विश्व बैंक र अन्तराष्ट्रिय वित्त संस्था (आई.एफ.सी.) बाट प्रकाशित डुईङ्ग विजनेश रिपोर्ट २०१३ लाई अध्ययन गरी नेपालको लगानीको वातावरण कस्तो छ केही विश्लेषण गर्न सकिन्छ । उक्त प्रतिवेदनमा विश्वका १८५ राष्ट्रको उद्यम व्यवसाय गर्न रहेको सहजताको विश्लेषण गरीएकोमा नेपाल १८५ राष्ट्र मध्ये १०८ औं राष्ट्रमा परेको छ । उक्त रिपोर्टमा उद्यम व्यवसाय गर्न सजिलो राष्ट्रको पहिलो देखि पांचौं नम्वरमा क्रमशः सिंगापुर, हंङकंङ, न्यूजील्याण्ड, अमेरीका, डेनमार्क पर्दछन् भने उद्यम व्यवसाय गर्न कठिन राष्ट्रको पहिलो देखि पांचौ नम्वरमा क्रमशः सेन्ट्रल अफ्रिकन रिपव्लीक, चाड, कंगो रिपव्लीक, ईरेट्रीया र कंगो प्रजातान्त्रिक गणतन्त्र रहेका छन् । डुईङ्ग विजनेश रिपोर्ट २०१३ मा नेपालमा व्यवसाय शुरूवात गर्न ७ प्रकारका प्रक्रिया पूरा गर्नु पर्ने र कम्तीमा २९ दिन लाग्ने उल्लेख गरेको छ । यसै गरी व्यवसाय निर्माण गर्ने अनुमती लिन १३ प्रकारका प्रक्रिया पूरा गर्नु पर्ने एवं ११५ दिन लाग्ने र विद्युत प्राप्त गर्न ५ प्रकारका प्रक्रिया पूरा गर्नु पर्ने एवं ७० दिन लाग्ने उल्लेख छ । उक्त प्रतिवेदनमा लगानीकर्ताको सम्पत्ती दर्ता गर्न ३ प्रकारका प्रक्रिया पूरा गर्नु पर्ने एवं ५ दिन लाग्ने र अन्तराष्ट्रिय निर्यात गर्न ११ वटा प्रक्रिया पूरा गरी ४१ दिन लाग्ने साथै अन्तराष्ट्रिय आयात व्यापार गर्न ११ वटै प्रक्रिया पूरा गरी कम्तीमा ३८ दिन लाग्ने उल्लेख छ । प्रतिवेदनमा

लगानी सम्बन्धी संझौता कार्यान्वयन गर्न ३९ वटा प्रक्रिया पूरा गरी ९१० दिन लाग्ने उल्लेख छ । नेपालमा ऋण प्राप्त गर्न, कर तिर्न एवं उद्योगबाट बर्हिगमन हुन समेत सहज नभएको उल्लेख छ ।

डुईङ्ग विजनेश रिपोर्ट २०१४ मा व्यवसाय वातावरण अध्ययन भएका १८९ देश मध्ये उद्यम व्यवसाय गर्न रहेको सहजताको विश्लेषणका आधारमा नेपाल १०५ औं स्थानमा रहेको छ । त्यसैगरी डुईङ्ग विजनेश रिपोर्ट २०१५ मा व्यवसाय वातावरण अध्ययन भएका १८९ देश मध्ये उद्यम व्यवसाय गर्न रहेको सहजताको विश्लेषणका आधारमा नेपाल १०८ औं स्थानमा पर्न गएको देखिन्छ । यसरी हेर्दा नेपालको व्यवसायीक वातावरण अपेक्षाकृत रूपमा सुधार भएको देखिंदैन । नेपालमा उत्पादनमूलक औद्योगिक क्षेत्रमा लगानी बढ्न नसक्नुमा पुराना ऐन, अप्रभावकारी निजामती सेवा र पूर्वाधारको कमि नै हो । नेपाल गुणस्तर तथा नापतौल विभाग अन्तर्गतका प्रयोगशालाहरू एक्रिडियसन गर्न नसकिनु, एक्रिडियसन ऐन नआउनु जस्ता कारणबाट नेपाली उत्पादन विदेश निर्यात गर्दा गुणस्तर परीक्षणमा बढी नै समस्या देखिएका छन् । उद्योग प्रशासन र कम्पनी प्रशासन आशातित रूपमा प्रभावकारी नहुंदा सेवाग्राहीको लागत बढ्न गएको छ । भन्सार, आयकर प्रशासन समेत आशातित रूपमा प्रभावकारी हुन सकेको छैन । विद्युतको अभावका साथ साथै विद्युत प्रशासनबाट पाउनु पर्ने सेवा समेत प्रभावकारी नहुंदा लगानीकर्ता उत्साहित हुने वातावरण छैन । खानी प्रशासन केन्द्रिकृत र परम्परागत रहेको हुंदा सेवाग्राही सन्तुष्ट हुने वातावरण बन्न सकेको छैन । यी विषयहरूमा समेत विचार गर्नु पर्ने अवस्था छ ।

डुईङ्ग विजनेश रिपोर्ट अध्ययन गर्दा नेपालमा स्वदेशी र विदेशी लगानीकर्तालाई आकर्षित गर्न सेवा प्रदान गर्ने प्रक्रिया घटाउने एवं सेवा दिने दिन घटाउने तर्फ ध्यान दिनु पर्दछ । प्रक्रियागत सरलीकरण, अन लाईन सेवा, कमिटी प्रणाली मार्फत निर्णय गर्ने विधि, पारदर्शी कार्यविधि, छिटो प्रतिक्रिया दिने सरकारी संयन्त्र, समय सापेक्ष कानून र कर्मचारीको दक्षताबाट मात्र डुईङ्ग विजनेश लागत घटाई नेपालमा लगानीमैत्री देशको रूपमा स्थापित गर्न सकिन्छ । नेपालमा कामदार प्राप्त गर्न सके पनि दक्ष र सीपयुक्त कामदार प्राप्त गर्न नसकिने अवस्थाका कारणले पनि नेपालमा व्यवसायको लागत बढी छ । लगानीका लागि प्रक्रियागत सरलीकरण, सेवा लिनु पर्ने विन्दु घटाउंदा उत्पादनमूलक उद्योग, सेवा उद्योग, कृषि, उर्जा, वन एवं खनिज लगायतका क्षेत्रमा लगानी आकर्षित भई नेपालको परनिर्भरता क्रमशः घट्ने देखिन्छ ।

नेपाल पूंजीवादी समाजमा संक्रमण गरी सकेकेको भए पनि सामान्तवादका अवशेषहरू अझै रहेका छन् । पूंजीवादलाई राम्ररी व्यवस्थापन गर्न नसकेको खण्डमा समावेशी विकासको सपना सपना मात्र रहने छ । भुकम्प पछिको पुनर्निमाणले भौतिक पुनर्निमाणसंगसंगै आर्थिक सवलता विकास, रोजगारी सृजना, समाजिक सुरक्षा र लगानीको वातावरण बनाउनु पर्दछ । नेपालको शिक्षा सीपमा आधारीत नहुंदा दैनिक रू.५००।-(नेपाली रूपैंया) कमाउन ४५ डिग्री सेन्टग्रेडको तातो अरवमा काम

गर्न नेपाली गईरहेका छन् । दैनिक रू. ३०००।- (नेपाली रूपैया) सम्म लिएर भारतीय कामदारले काठमाण्डौमा काम गरी रहेको अवस्था छ । कपाल काट्ने, गहना बनाउने, कपडा सिलाउने र धेरै प्राविधिक कामका लागि हामी भारतीय कामदारको परनिर्भरतामा रहेका छौ । नयां नेपाल बनाउने हो, भुकपम्पबाट आहत नेपालीलाई राहत दिने हो भने नेपालमै काम गर्न सक्ने गरी सिप र दक्षता दिनुपर्दछ । नेपालमै रोजगार र स्वरोजगार हुने अवसर दिनुपर्दछ । देशको नेतृत्व गर्ने वर्गले बुझ्नु पर्दछ नेपालीको कमाई नेपालमै परिचालन भई अर्थतन्त्रमा गुणात्मक सकारात्मक प्रभाव पर्दछ । अवको राष्ट्रको कार्यसूची पुनर्निर्माण, नव निर्माण, स्वाधिनता, आत्मनिर्भरता र समृद्धि हो । यसका लागि पुनः निर्माण, नव निर्माणसगै लगानीको वातावरण सिर्जना गर्नुपर्दछ । नेपालमा अहिले नै लाखौं डकर्मी, सिकर्मी, प्लम्बर, विद्युत् मिस्त्री लगायतका श्रमिक चाहिने अवस्था छ, सो उत्पादन गर्न प्रयास भएको देखिंदैन, तुरुन्त नेपालीलाई सीप दिने कार्यक्रम सञ्चालन नगर्ने हो भने नेपालीको अरवौं रूपैया विदेश जाने निश्चित छ ।

पुनर्निर्माण र नवनिर्माणसंगै बस्ती विकास र सार्वजनिक निर्माण गर्दा एकिकृत भू-उपयोगको नीति तय गरी कार्यान्वयन जरूरी हुन्छ । जमिनलाई आवास क्षेत्र, उत्पादनमूलक उद्योग क्षेत्र, व्यवसायीक कृषि क्षेत्र, खुला क्षेत्र, सार्वजनिक उपयोगको क्षेत्र लगायतमा वर्गिकरण गरी गुरूयोजना निर्माण गरी विकासका पूर्वाधार निर्माण गर्नु पर्दछ । एकिकृत बस्ती विकास योजनाले जनतालाई विकासका अवसर उपलब्ध गराउन समेत सस्तो पर्दछ । बाढी पहिरोको जोखिम देखिने क्षेत्रमा बस्ती बस्न दिनु हुंदैन । नेपालको संविधानमा आवासको अधिकार दिएको सन्दर्भ समेत मनन् गर्दा सरकारले आवासको व्यवस्था गरी जनसमुदायलाई लिजमा उपलब्ध गराउँदा जनताको पैसा अनुत्पादक आवासमा नगई उत्पादनमूलक उद्योगमा जान सक्दछ । मानिसहरूले आफुखुसी घर बनाउने र पछि राज्यले पूर्वाधार बनाउनु पर्दा व्यक्तिलाई समेत असर पर्ने र पूर्वाधार समेत खर्चिलो पर्ने हुंदा योजनावद्ध पूर्वाधार र बस्ती विकास योजना जरूरी छ । नेपालमा बस्ती विकास योजनावद्ध नभई आफुखुखी हुंदा उत्पादनमूलक उद्योग क्षेत्र वरीपरी बस्ती बस्ने एवं पछि उद्योग नै उठाउनु पर्ने अवस्था आउने गरेको हुंदा प्रत्येक गाउंपालिका र नगरपालिकामा उत्पादनमूलक उद्योग क्षेत्र तोक्नु अनिवार्य हुन्छ । यसै अवसरमा नेपालीलाई सिप सिकाएर औद्योगिक क्षेत्र, निर्माण क्षेत्र र अन्य अनौपचारिक क्षेत्रमा रहेका विदेशी कामदार र स्वरोजगारीलाई विस्थापित गराउन सक्नु पर्दछ ।

अहिले मध्य नेपालमा भुकम्प आयो, अब कुनै दिन पश्चिम र सुदुरपश्चिम नेपालमा पनि भुकम्प आउन सक्दछ । अव सम्पूर्ण नेपालमा नै भुकम्प प्रतिरोधी पूर्वाधार निर्माणको अभियान सञ्चालन गर्नु पुनर्निर्माण प्राधिकरणको जिम्मेवारी समेत हुनु पर्दछ । अव भुकम्प प्रभावितका घर निर्माण हुंदा व्यवसायीक वातावरण बनाउने किसिमबाट निर्माण गर्नु पर्दछ । नेपालले अहिले विनासकारी भुकम्प मात्र होईन, दश बर्षे जनयुद्धको संक्रमण, युगान्तकारी राजनैतिक परिवर्तन पछिको संक्रमणका साथै नाकाबन्दीको दीर्घकालिन प्रभावबाट नेपाल धेरै नै प्रभावित भएको छ । पूंजीवादलाई जोगाउनै भए

पनि सन् १९३० मा प्रो. किन्सले महामन्दीबाट पार पाउन सरकारी लगानी बढाउनु पर्ने विचार दिएका थिए । नेपालले हाल भोगिरहेको समस्याबाट पार पाउन पनि भविष्यमा निजी (स्वदेशी र विदेशी), सरकारी र सहकारी क्षेत्रको उत्पादनमूलक लगानी प्रोत्साहन हुने किसिमले पुनर्निमाणको पूर्वाधारको डिजाइन र बस्ती विकास योजना बनाउनु पर्दछ । राज्यले कुनै पनि नीति ल्याउँदा त्यस देशको भूगोल, सामाजिक चेतना र संस्कृतिलाई बुझेर ल्याउनु पर्दछ । योजना निर्माण गर्दा इतिहासबाट पाठ सिक्नु पनि अत्यन्त महत्वपूर्ण विषय हो ।

पूर्वाधार विकास र मानव विकास संगसंगै अगाडि बढाउनु पर्दछ । पूर्वाधार मात्र बनाई मानव साधन विकास नगर्दा विकासको प्रतिफल स्थानीयले लिन सक्दैनन् । जस्तै पर्यटन पूर्वाधार विकास संगै स्थानीय बासिन्दालाई पर्यटन व्यवसाय सम्बन्धित सीप दिने, पर्यटन व्यवसाय गर्न प्रोत्साहन र लगानीको पूंजी सहुलियतको व्यवस्था गर्दा उक्त क्षेत्रका व्यक्तिले विकासको फल लिन सक्ने अवस्था आउंदछ । विदेशी लगानीबाट उत्पादनमूलक उद्योग, खानी सञ्चालन, उर्जा विकास लगायतका काम गर्दा समेत मानव संसाधन विकासलाई संगसंगै लगेमा स्थानीय वा स्वदेशी रोजगारी सृजना भई स्थानीयले लाभ लिन सक्दछन् । त्यसैगरी मानव संसाधन विकास मात्र गरी पूर्वाधार विकासमा ध्यान नदिंदा स्वदेशी जनशक्ति विदेश पलायन हुन वाध्य हुन्छ । स्थानीय सीपको प्रयोग, सीपको विकासले मात्र स्थानीय स्रोतको उत्पादनमूलक क्षेत्रमा प्रयोग गर्न गराउन सकिन्छ । स्थानीय स्रोतको विकास र स्थानीय स्रोतको उपयोगबाट मात्र समृद्ध नेपाल सम्भव छ । उद्यमशिलताको वातावरण निर्माण गर्दा मात्र नेपाली साधन स्रोतको उपयोगमार्फत नेपालको स्वाधिन अर्थतन्त्रको निर्माण सम्भव हुन्छ ।

(लेखक उद्योग मन्त्रालयका शाखा अधिकृत हुनुहुन्छ ।)

**कसैको गुणहरुको प्रशंसा गर्नमा आफ्नो समय नष्ट नगर, उसको गुणहरुलाई अपनाउने प्रयत्न गर ।**

**- कार्ल मार्क्स**

# स्थानीय स्रोतमा महिलाको पहुँच



सन्तोष न्यौपाने

परम्परागत रूपमा चलि आएको पेसालाई उनी व्यावसायिक बनाउन केही वर्षदेखी प्रयासरत छिन् । सानो घरेलु पेसा हो तर आयआर्जनको लागि बरदान सावित भएको छ पाँचथर ओयनकी उमाकुमारी गुरुङलाई । उनको पेशा हो ऊनबाट राडीपाखी, कार्पेट, झोला लगायतका सामान बनाउने ।

पोहर फागुन महिनामा काठमाडौं भृकुटीमण्डपमा सम्पन्न भएको राष्ट्रिय औद्योगिक वस्तु तथा प्रविधि प्रदर्शनीमा भेट हुदा उनले ग्रामिण महिलाका आयआर्जनका विषयमा आफ्नो अनुभव सुनाएकी थिइन् । ग्रामिण महिलाहरूको पेशाको बारेमा गफिदै गर्दा उनले भनेकी थिइन, 'महिलालाई सक्षम बनाउने हो भने परम्परागत रूपमा चल्दै आएका पेशालाई व्यवसायिक बनाएर उनीहरूलाई उद्यमी बनाउनु पर्छ ।'

उनको त्यो सकारात्मक सोचले ग्रामिण महिलाको जीवनस्तर उकास्न, सक्षम र आत्मनिर्भर बनाउन मार्ग प्रसस्त गरेको छ । ग्रामिण महिलाहरु धेरै पढेका हुदैनन्, जागिरको अवसर धेरै न्यून हुन्छ, आम्दानीको स्रोतको लागि ठूला लगानी गर्न पनि सक्दैनन् तर उनीहरूसँग परम्परागत रूपमा चल्दै आएका व्यवसायीक सिप भने प्रसस्त छन् । हरेक गाउँका प्रत्येक घर घरमा केही न केही बनाउने सिप र कला भएका महिला छन् । सिलाइ कटाइ, बेकरी, अचार, गुडिया, मखमली जुत्ता, जुस, मैन बत्ति, अगरबत्ति बनाउने, फलफूल प्रसोधन, आलुचिप्स, मिठाइ, हाते स्वेटर, बुटिक, व्यटिपार्लर, दालमोट, साबुन, काष्ठकला फर्निचर, डोका नाम्ला बनाउने, चकटी, मुढा बनाउने जस्ता कैयन सिप महिलाहरूसंग छन्, जसले उनीहरूलाई सफल उद्यमी बनाउन सक्छ ।

उनीहरूको सिपलाई पहिचान गरेर व्यवसायिक रूपमा ढाल्न सक्ने हो भने महिलाको लागि सबैभन्दा ठूलो सम्मान त्यही हुनेछ । सानो लगानीमा परिवार पाल्ने आयआर्जनसँगै उद्यमी बन्ने बाटोमा महिलालाई लैजान सकिन्छ ।

उमाकुमारी जस्तै कैयन महिलाहरु घरेलु तथा साना उद्योगमा व्यवसायमा लागेका छन् । सानो लगानीमा पनि आफ्नो परिवार समाल्दै आय आर्जनको राम्रो स्रोत बनाएका छन् । पस्मिना तथा ऊनी, ढाका, गलैंचा, राडीपाखीजस्ता परम्परागत लघु उद्योगमा महिला सहभागिता बढी छ । नेपाल

घरेलु तथा साना उद्योग महासंघले उपलब्ध गराएको तथ्यांक अनुसार हाल देशभरमा २ लाख ८१ हजार ७ सय २३ घरेलु तथा साना उद्योग दर्ता भएका छन् । त्यसमध्ये १ लाख ६२ हजार १ सय १० वटा घरेलु तथा साना उद्योग सञ्चालनमा रहेका छन् । यि उद्योगहरूले २१ लाख ४० हजारलाई रोजगारी श्रृजना गरेका छन् । यो सानो परिणामलाई करोडमा बदल्न सक्ने हो भने विदेशको भर पर्नु पर्दैन । देशलाई आत्मनिर्भर बनाउन ठूला होइन साना घरेलु उद्योग सफल हुनेछन् ।

एक महिलाले व्यवसाय सुरू गरेर अरू कैयन महिलाहरूलाई रोजगारी समेत दिन सफल भएका छन् । उमाकुमारीले आफैले १२ महिलालाई रोजगारी दिएकी छन् । एक महिला सक्षम भए भने धेरै महिलाहरूलाई प्रत्यक्ष फाइदा पुग्छ । व्यवसायीक रूपमा अघि बढेका महिलाहरूलाई नै हेर्न सकिन्छ । उनीहरु आफू अब्बल भए पछि कैयन महिलालाई व्यवसायीक तालिम दिएर सक्षम हुने बाटो देखाएका छन् । उमाकुमारीले मात्रै अहिले सम्म ४५ जना महिलालाई तालिम दिइसकेकी छन् ।

परम्परागत पेसालाई व्यावसायिक बनाउन उमाकुमारीले सरकारले दिएको लघु तथा घरेलुसम्बन्धी तालिम लिएकी थिइन् । तालिममा सिकेको सीप उनले व्यावसायमा प्रयोग गरिन् । सीप तिखार्दै लगेपछि उनी अहिले अरू महिलालाई पनि तालिम दिन सक्षम भइन् ।

अर्की उद्यमी डिल्ली कुलुङको सफलताले सबैलाई प्रेरित गर्छ । स्थानीय स्रोत साधनलाई प्रयोग गर्न स्थानीय महिलानै सक्षम हुन्छ । यसको उदाहरण कुलुङले दिएकी छन् । संखुवासभा खाँदबारीकी कुलुङले आफ्नै मेहनतमा सुम्निमा अल्लो तथा सुती उद्योग सञ्चालन गरिरहेकी छन् । अल्लोबाट बन्ने सबै किसिमका वस्तुहरु उत्पादन गर्छिन उनी । उनीसँगै नियमित रूपमा १५ महिलाले काम गरिहेका छन् । लोक्ता संकलनसम्म पुरूषले सहयोग गर्छन तर त्यसपछिका सबै काम महिलाहरूले नै गरिरहेका छन् ।

यहाँसम्म आइपुग्न कुलुङले धेरै मेहनत गरेकी छन् । आफू के गर्न सक्षम छु भनेर पहिचान गरिन, आफ्नो सिपलाई आफै तिखारिन र स्थानीय स्रोत साधनलाई प्रयोग गर्न जानिन् । त्यसैले त अहिले आफूलाई अब्बल महिला उद्यमी भनेर चिनाएकी छन् । घरमै बसेर गर्न सकिने मसिनो काम भएकाले यस्तो पेसामा महिला सक्षम हुने उनको अनुभव छ । भन्छिन्, 'महिलालाई रोजगारी दिने भए लघु, घरेलु तथा साना उद्योगलाई सरकारले प्राथमिकतामा राख्नुपर्छ ।'

सरकारको एक सानो तालिमले मात्र पनि पुग्दैन् । सिकेको सिपलाई व्यवहारमा उतार्ने संकल्प महिला आफैमा हुनुपर्छ । हरेक वर्ष सरकारी होस् या गैर सरकारी संस्थाले सयौ महिलालाई दिने तालिम, सिपबाट सयौ महिला हरेक वर्ष उद्यमी हुनु पर्ने हो तर यसो हुन सकेको छैन । सरकारी एक उदाहरण नै हेर्न सकिन्छ, वीस वर्षदेखि घरेलु तथा साना उद्योग विकास समितीले दिइदै आएको सिप मुलक तालिममा सहभागीको संख्या १ लाख ७० हजारभन्दा माथी पुगि सकेको छ । समिति

र उद्योग विभागबाट ९० भन्दा धेरै किसिमका तालिमहरु दिदै आएका छन् । सात दिन देखि ३ महिनासम्मका हुने यस्ता तालिममा ६५ प्रतिशतभन्दा धेरै महिला सहभागि हुने तथ्यांक रहेको छ ।

तर किन यि सबै महिला उद्यमी बनेर उस्किदैनन् त ? यस विषयमा महिला स्वयमले पनि सोच्नु पर्छ । तालिम, सिप सिकाइ, मेरो लागि हो, मेरो परिवार र देश विकासको लागि एक सानो सहयोगी भूमिका हो भनेर बुझ्नु आवश्यक छ । सबैभन्दा ठूलो कुरा त पुरुष प्रधान यो समाजमा महिलाले आफै सोच्नु पर्छ सक्षम उद्यमी बनेर आत्मनिर्भर बन्छु भन्ने ।

लघु, साना तथा घरेलु उद्योगबाट महिलालाई सक्षम बनाउन सकिन्छ भन्ने उदाहरण हरेक वर्ष सरकारी देखी विभिन्न संघसस्थाले आयोजना गर्ने प्रदर्शनीले समेत देखाएका छन् । घरेलु तथा साना उद्योग विकास समितिले हरेक वर्ष काठमाडौंमा गर्ने प्रदर्शनमिा सहभागी उद्यमी मध्ये ६५ प्रतिशतभन्दा धेरै महिलाको सहभागिता समेत रहने गर्छ ।

सरकारका विभिन्न निकाय, गैर सरकारी संघसस्था लगायतले महिलाहरूलाई लक्षित गरेर सिपमूलक कार्यक्रम सञ्चालन पनि गरिरहेका छन् । यस्ता कार्यक्रमहरूले केही महिलाहरूलाई सक्षम बनाउन सफल भएका छन् तर प्रयाप्त भने छैनन् । यस्ता सिपमूलक र महिलालाई प्रत्यक्ष फाइदा हुने कार्यक्रम व्यापक र ठूलो स्तरका गर्नु पर्ने देखिन्छ ।

महिलाहरु आफै संगठित भएर विभिन्न व्यवसाय, सहकारी सञ्चालन समेत गरिरहेका छन् । जसले महिलालाई आत्मनिर्भर हुन सहयोग मिलेको छ । यस्तै संगठित महिलाहरूको एक उदाहरणीय संस्था हो 'विन कोअपरेटिभ' समूह । यो समूहले अहिलेसम्म २ सय ५० को हाराहारीमा महिला उद्यमी सदस्य बनाइ सकेको छ । यो समूहमा रहेका महिलाले हेन्डिक्राफ्ट र विभिन्न किसिममा खाद्य उत्पादन गरिहेका छन् । सदस्य रहेका महिला उद्यमीले उत्पादन गरेका वस्तुलाई विन कोअपरेटिभले बजारसम्म पुर्‍याउने काम गर्छ ।

खाने मुखलाई जुंगाले छेक्दैन भन्ने उखानलाई चरितार्थ पारिदिएका छन् 'बहिरा' महिलाहरूले । यि महिलाहरूको एक समूहले आफूलाई सक्षम र आत्मनिर्भर भएको प्रमाणित गर्दै विभिन्न सामान उत्पादन गरिरहेका छन् । ललितपुरमा 'बहिरा महिलाका सिर्जनशील हात' नामको संस्थामा दर्जन बहिरा महिला छन् । यि महिलाहरूले अचार, जाम, कपडा, पापड, चिप्स लगायतका सामान उत्पादन गरिरहेका छन् ।

यस संस्थाकी प्रशिक्षक सुनिता श्रेष्ठ लगायतका सदस्यहरूले बहिरा महिलालाई विभिन्न सीपमूलक तालिम दिएर सक्षम बनाउने बाटोमा छन् । विभिन्न ठाउँमा रहेका बहिरा महिलालाई जम्मा गरेर पहिला सांकेतिक भाषामा सक्षम बनाएर त्यसपछि सीप सिकाउने गरिएको छ यो संस्थामा ।

यस लेखमा लेखिएका महिला उद्यमीहरु उदाहरण र प्रतिनिधी पात्रहरु मात्र हुन् । अलिकति लाग्ने हो भने केही न केही त गर्न सकिन्छ भन्ने दृष्टान्त यि प्रतिनिधी पात्रले देखाएका छन् । सरकारले दिएका अवसरलाई उपयोग गर्ने र त्यो सानो अवसरलाई आफ्नो जीवन सक्षम बनाउन कोशेढुंगा सावित बनाउने दृढता लिने हो भने देशका लाखौं महिलाले देशको आर्थिक अवस्थालाई उकास्न सक्छन् ।

तै पनि कहिलेकाही मेहनत गर्दागर्दै पनि बज्रपात पर्छ । यस्तै बज्रपात सहनु पऱ्यो उद्यमी लगायत सम्पुर्ण नेपाली २०७२ साल भरी । यस वर्षको सुरूदेखी सुरू भएका दुखका दिनहरु वर्षको अन्तिम महिनासम्म आइपुग्दा उस्तै रहे । बैशाख १२ मा शक्तिशाली भूकम्प र त्यसपछिका पराकम्पनले ठूलो मात्रमा ज्यान र धन लियो । राजनीतिक दलको लगातारको लामो समयको बन्द र भारतको अघोषित नाकाबन्दीले देशमा 'आर्थिक भूकम्प' नै गयो ।

यसको सबैभन्दा ठूलो मार उद्योग व्यवसायीलाई भएको छ । पछिल्लो पटक आएका केही तथ्यांक अनुसार भूकम्पपछि कैयौं साना तथा घरेलु उद्योग बन्द भएका छन् । यसमा पनि महिला तथा बालबालिकका आर्थिक र सामाजिक रूपमा पछाडी धकेलिएका छन् । कैयन महिलाले व्यापार व्यवसाय बन्द गर्नु परेको छ । कैयन बालबालिकाले पेटभर खान पाएका छैनन् ।

यो प्रतिकुल परिस्थितीका बाबजुत पनि हामी जिउन केही गर्ने पर्छ । सधै भाग्यले ठग्दैन, कालो बादलमा चाँदीका रेखा खोज्नु पर्छ । परम्परागत देखि नै मेहनती यि हाम्रा हातहरुमा थकाइ महसुस नगराउने हो भने अवश्य पनि सफलता हाम्रै हातमा रहने छ ।

**अवगुण डुङ्गामा परेको प्वालजस्तो हो जुन सानो होस् वा ठूलो एक दिन डुङ्गालाई पक्कै डुबाइदिन्छ ।**

**- कालिदास**

# महिला उद्यमशिलता विकास



कृष्ण अर्जुन बानियाँ, वरिष्ठ अधिकृत (प्रा.)

लघु उद्यमशिलताको विकास विस्तारमा महिला सहभागिताले आर्थिक स्वतन्त्रता बढाउँछ भने यसले आर्थिक सशक्तीकरणमा समेत योगदान दिन्छ । न्यून लागतमा महिला उद्यमशिलताको विकास र विस्तार गर्न सकिने भएकोले उनीहरूलाई उद्यमशिल बनाउने प्रयत्न नीतिगत तवरले जोड दिनु आवश्यक छ । परम्परागत, घरेलु र आधुनिक उद्योगमा प्रयोग हुने प्रविधि, कौशल र सीपलाई मिश्रण गरी लघु उद्योगका उत्पादनलाई महिला उद्यमशिलताको विशिष्टीकृत उत्पादनका रूपमा चिनाउनु पर्नेछ ।

स्रोतसाधनको उपयोग गर्ने विभिन्न तरिका मध्ये लघु उद्योग अभिन्न आयाम मान्न सकिन्छ । उत्पादनका वस्तु, उत्पादनको प्रयोग विधि, वस्तुको मौलिक बिशेषता लगायतका कारण महिलाहरु अभ्यस्त हुन सक्ने परिस्थिति रहेको छ । लघु उद्योगको विस्तारबाट महिला आर्थिक स्वतन्त्रताको आधारका साथै त्यसको व्यापार विस्तारबाट राष्ट्रिय अर्थतन्त्रमा समेत धेरै योगदान गर्ने हैसियतमा महिलाहरु पुग्न सक्छन् । समाजमा आज पनि महिलाहरूको घरेलु कामकाजमै हात बसेको देखिन्छ, अर्थात महिलाको हस्तकलाको प्रयोग समाजका अनेक कार्यमा समेत बहुविशिष्टीकृत छ । तसर्थ महिला हस्तकलाको प्रयोगलाई अव नवीनतम प्रविधिसँग एकीकृत गरी त्यसलाई सामाजिक आर्थिक जीवन पद्धतिसँग समेत जोड्नु आवश्यकता छ । उत्पादित वस्तुलाई समेत निर्यात गर्दै विश्वमाझ नेपाली महिला हस्तकलाको नमुनालाई उच्च स्तरको उत्पादनका रूपमा पहिचान दिलाउन सकिन्छ ।

नेपाली गलैंचा, पश्मिना, ढाका लगायतका उद्योगहरूमा प्रयोग भै रहेको सीपलाई महिला हस्तकलाको विविधताले नै सम्पन्न र विशिष्ट बनाएको पाइन्छ । महिलाको जाँगर र लघु उद्योग एकआपसमा अन्तर्निहित सम्बन्ध राख्दछ । ठूलो बाहुबलको परिश्रमको आवश्यकता लघु उद्योगमा देखिदैन भने महिलाको खर्च गर्ने प्रवृत्ति पनि तुलनात्मक रूपमा न्यून छ, त्यसैले उनीहरूले उपार्जन गरी आएको रकम बचतका रूपमा रहने निश्चितप्राय छ । लघु उद्योग सामान्यतया स्रोतसाधनको उपयोगको आधार सिर्जना गर्ने अभिलाषाले त्यसको प्रयोग मार्फत उपभोग्य वस्तु वा सेवाको उत्पादन गर्नु हो भन्ने बुझिन्छ ।

त्यसैगरी उत्पादनको बिक्री वितरण मार्फत आय आर्जन गर्ने प्रक्रियालाई समेत लघु उद्योगको दायराले समेट्न सक्छन् । आफ्नो पारिवारिक पृष्ठभूमिमा वा केहि अन्य व्यक्ति समेत समावेश

भएर अनौपचारिक व्यवस्थापनका माध्यमले खाली समयको सदुपयोग गर्ने शैलीमा यस्ता उद्योगको सञ्चालन गरिन्छ । खासगरी नेपालमा कृषि उद्योग, वनजन्य, सेवा र व्यापार नै लघु उद्योगका रूपमा लिने गरेको पाइन्छ । तसर्थ महिलाको सहभागिता व्यावसायिक रूपले समेत लघु उद्योगमा उपयुक्त हुने गरेको छ । उनीहरूले घरमै बसेर आफ्ना उद्यमशिलता र सीपको उपयोग गर्ने कार्यमा बढी रूची राख्ने भएकाले उनीहरूको समयलाई राज्यले आर्थिक समुन्नतिका लागि उपयोग गर्न आनाकानी गर्नु हुँदैन । साथै उनीहरूको जीविकोपार्जन पद्धतिलाई थोरै यान्त्रीकरण गर्न सके थप उत्पादकत्व बढाउन सकिन्छ, जसले गर्दा आफ्ना घरका लागि उत्पादन गरेको तर आफ्नो खपतबाट बचेको केहि बस्तु बजारको पहुँचमा समेत पुग्ने देखिन्छ, अर्थात निर्वाहमुखि जीवनका रूपमा गरिँदै आएको घरधन्दासमेत आर्थिक उपार्जनका निम्ती फलदायी हुन पुग्दछ ।

नेपालको घरेलु उद्यममा प्रयोग हुने प्रविधिमा पनि महिला नै बढी अभ्यस्त देखिन्छन् । ढिकी, जाँतादेखि टपरी गास्ने वा डोरी बाट्नेसम्मको सीपमा महिलाको संलग्नता देखिन्छ । लघु उद्योग आफैंमा निर्यातदेखि आयात प्रतिस्थापनका साथै रोजगारी सिर्जनाका दृष्टिकोणले धेरै महत्वपूर्ण छ ।

त्यसैगरी उद्योग विस्तारको सम्भावना अर्थव्यवस्थाको आधारशिला हो । यही कुरालाई ख्याल राखेर समाजका मौलिक उत्पादनको संरक्षण र विकासका निम्ती महिला उद्यमीहरूलाई सक्रिय बनाउनु जरूरी छ, जसका लागि सरकारले समेत विभिन्न किसिमका सहुलियतका साथ अनुदान दिनु आवश्यक हुन्छ । लघु उद्योग मार्फत गरीब तथा विपन्न बर्गलाई आत्मनिर्भर बनाउने अभिप्रायले लघु उद्योगलाई बर्गीकरण गरी विभिन्न योजनामार्फत सरकारले योगदान दिने प्रयास गरेको छ । तर, महिलाहरु यस्ता सुविधा लिन चुकिरहेका छन् । पुँजी, अनुदान, कर छुट व्याजदर सहुलियत, वित्तीय सहायता, बजार विकास जस्ता प्रोत्साहनका सुविधाहरु महिलाको हकमा विशेष किसिमले सम्बोधन हुनु अपरिहार्य भएको छ ।

नेपालको ग्रामिण परिवेशका महिलाको आर्थिक समुन्नतीका लागि लघु उद्योगहरूको महत्व अत्यधिक रहेको छ । ग्रामिण भेगमा प्रयोग हुने अनगिन्ती साम्रगीको मुल्यले आयातीत सामानहरूको उपभोगलाई प्रतिस्थापन गर्न ठूलो सामर्थ्य राख्छ । बनपैदावरबाट प्राप्त कच्चा वस्तुहरूको उत्पादन बहुउपयोगी रूपमा पहिचान दिलाउन सक्ने किसिमका छन् । हाम्रो लागि यो गौरवको विषय पनि हो । लघु उद्योगका उत्पादनहरु बाँस, बेत, काँस, बाबियो, निगालो लगायतका कच्चा स्रोतबाट बनेका सामानहरूले प्लाष्टिकजन्य आयातीत सामानको उपभोगलाई समेत निरूत्साहित गरेको छ । त्यस्ता सबैमा मानवीय साधनको उपयोगको हिस्सा हेर्ने हो भने महिलाहरूको सक्रियता अधिक रहेको छ । अर्थात लघु उद्योगका उत्पादनहरूले वातावरणीय सन्तुलन र अनुकुलताका लागि समेत उल्लेखनिय काम गरेको छ । यस्ता अनेकौ जैविक वनजन्य श्रोतबाट लिने फाइदाका लागि महिलामुखी लघु उद्योगहरूको विस्तार अति आवश्यक छ ।

ग्रामिण क्षेत्रमा महिलाको भूमिकालाई विश्लेषण गर्ने हो भने उनीहरूको सीप र त्यसको उपयोगलाई

अनौठो किसिमले संयोजन गर्न सकिने अवस्था भेटिन्छ, अर्थात ग्रामीण क्षेत्रमा महिलाहरु आफैं एउटा न एउटा सीप र श्रोतको उपयोगीतामा पारंगत छन् । तर, त्यस्तो संयोगिक अवसरको उपयोग र उपादेयता राज्यले लिन खोजेको भेटिदैन । चुनौती र समस्याका अनेकन् श्रृंखलालाई काट्न नसकेका कारण महिला प्रतिभाहरु आफैं पलायन भएका छन् । अभाव र समस्याले गर्दा उनीहरूलाई आफ्नो सीपमा समेत विश्वास लाग्दैन । अन्तत महिलाको जीवन परनिर्भर भइरहेको देखिन्छ ।

अवसर र त्यसको उपयोगको क्षेत्रसमेत स्पष्ट हुँदा पनि महिला उद्यमीहरु फस्टाउन सकेका छैनन् । खासगरि नीतिगत अस्पष्टताका कारण पनि उनीहरूले पाएको सुविधासमेत उपभोग गर्न सकेका छैनन् । औद्योगिक नीतिले दिएको सुविधा र सहुलियतसमेत विभेदजन्य जस्तो देखिन्छ । तसर्थ राज्यले नवीनतम योजनाहरु मार्फत महिला लघुउद्यमीहरूका निम्ती सहयोग गरेको खण्डमा उनीहरु आर्थिक रूपले अगाडि बढ्न सक्ने अवस्था देखिन्छ ।

श्रोतको संयोजनसंगै लघु उद्योगहरूको उत्पादन सामग्रीहरूको मागले पनि यस्तो प्रकृतिका उद्योगहरूको विस्तारका निम्ति महिलाको सहभागीतामा जोड दिने आधारहरु स्पष्ट देखिन्छ । कतिपय श्रृंगारका समानदेखि अन्यको गुणसंग महिलाको लगाव बढी हुन्छ । त्यसैगरि नेपालको फराकिलो बहुल सांस्कृतिक परम्परासंगै आभुषणहरूको सौखिन समेतमा महिला बढी परिचित छन् । त्यसैले महिलाहरूको क्षमता विकास गरी उनीहरूको कार्यलाई प्रोत्साहन गर्ने, वित्तीय पहुँच दिलाउने, उनीहरूको उत्पादनलाई नयाँ पहिचान दिने, कानुनी जटिलता र प्रकृयालाई सरल बनाउने लगायतका काममा राज्यको ध्यान जानु जरूरी भएको छ ।

बजारको प्रबर्द्धन गरी गुणस्तरयुक्त वस्तुको उत्पादनमा पनि राज्यले सहयोग गर्नुपर्ने खाँचो छ । निजी संस्था तथा सहकारीताको माध्यमबाट महिला उद्यमीहरूलाई उत्प्रेरणा र प्रोत्साहन गर्न जरूरी छ । महिला लघुउद्यमीको उत्पादनका सामानको उचित मुल्य सिर्जना गर्न पनि उनीहरूलाई प्रोत्साहन गर्ने अर्को माध्याम हो । नेपालका लघुउद्यमीको उत्पादन कृषि र वनजन्य वस्तुमा सीमित भएका कारण यस्ता उत्पादनको निर्यातले असहज परिस्थितीको सामना गरिरहेका छन् अर्थात लघु उद्यमीहरूको हितमा कृषि उपज र वनजन्य उत्पादनहरूको निर्यात प्रबर्द्धनका लागि राज्यले पहल गर्नु जरूरी छ ।

नेपालको ग्रामिण समुदायका महिला सीप र सम्भावनाका खानी हुन् । उनीहरूलाई रोजगारी दिनुभन्दा स्वरोजगार तरिकाबाट आत्मनिर्भर बनाउनु अर्थव्यवस्थाका लागि पनि हितकार हुन्छ । किनकी स्वरोजगार भई केहि न केहि उत्पादन बजारका लागि दिनु भनेको अर्थव्यवस्थाका लागि योगदानसरह हुन्छ, तसर्थ राज्यको जोड महिलाका लागि पनि रोजगारी बाँड्ने नभई आफै रोजगार हुन प्रोत्साहन गर्ने नीति रहनुपर्छ । लघु उद्योगको विकास र विस्तार निश्चय नै महिलाको आर्थिक स्वतन्त्रताका लागि गहकिलो उपाय बन्न सक्छ ।

# घरेलुबाट घरको जोहो



प्रदीप न्यौपाने

केही वर्षअघिसम्म ताप्लेजुङ्की ढाका उद्यमी गोमादेवि मगरलाई दैनिक घरायसी गर्जो टार्न निकै धौं धौं थियो । न घर जग्गा, न कुनै पेशा, व्यवसाय न त रोजगारी नै । यस्तो अवस्थामा परिवार चलाउन सहज हुने कुरै भएन तर, आत्मनिर्भर बन्ने उद्देश्यले उनले अपनाएको ढाका उद्यमले भने गोमादेविको जीवनमा यतिखेर आर्थिक हिसावले ढकमक्क बनाएको छ । त्यति मात्र होइन सुकुम्बासीबाट सफल महिला उद्यमीको नयाँ चिनारी समेत उनको थपिदिएको छ । झण्डै चार वर्षको निरन्तरको मिहेनतपछि उनको जीवनमा यस खालको परिवर्तन आएको हो ।



देशमायाँ लिम्वु घरमा नै तान वुन्दै आएकी छन् । उनले दुई वर्षदेखि आफनै घरभित्र तान वुन्दै आएकी हुन् । आधुनिक फलामको तान छ उनिसँग । देशमायाले दैनिक घरको काम सकेर ढाकाका कपडा वुन्दै आएकी छन् । घरमा साडी, पछ्यौरा, चोलो, सल, गलवन्दी लगायतका सामान वुन्दै आएकी र सामानको राम्रो बजार रहेको देशमायाँको भनाई छ । आफूले उत्पादन गरेका सामानबाट घरखर्च चलाएर छोराछोरीलाई शिक्षादिन सफल भएकीछन् र मनग्य आम्दानी गर्दै आएकाले अहिले निकै खुसी भएकी छन् उनी ।

परम्परा देखी वुढापाकाले गर्दै आएको व्यवसायलाई अहिले युवापुस्ताले निरन्तरता दिन थालेका छन् । ताप्लेजुङ्ग जिल्लाको पहिचाहन वोकेको खाँडि कपडाबाट वन्ने सामानहरु निर्माण गर्न युवापुस्ताहरु लागेका अगुवा उद्यमी निर्मला तावाहाङग (लिम्वु) बताउनुहुन्छ । खाँडि कपडाबाट कोट, दौरा शुरूवाल, सर्ट, टोपि, झोला, पर्दा, वेडकभर, साडी, पछ्यैरा लगायतका सामानहरु निर्माण गर्न सकिन्छ । जिल्लाको पहिचान वोकेको खाडिलाई जिवन्त राख्न घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय ताप्लेजुङ्ग र आदिवासी शसक्तिकरण तथा वातावरण विकास केन्द्रको सयुक्त आयोजनामा २ महिने खाडि कपडा बुनाई तालिम सचालन भईरहेको र खाडि बुनाई तर्फ युवा पुस्ताको आक्रर्षण बढेको अगुवा उद्यमी निर्मला बताउनुहुन्छ । आत्मनिर्भर वन्न र स्वावलम्वी हुँदै स्थानीय उत्पादनबाट सामान बनाउन सकिन्छ भन्ने सन्देस दिन लागिएको उहाँ बताउनुहुन्छ । अहिले खाँडि कपडाबाट निर्माण हुने कपडा हस्पीटल तथा विद्यालयमा माग भएकाले यसका लागि आवश्यक जनशक्ति निर्माणको कार्यलाई तिव्रता दिएका छौ निर्मला भन्नुहुन्छ ।

ताप्लेजुङ्की गोमादेवि, देशमायाँ, निर्मला त एक उदाहरण मात्र हुन् । आत्मनिर्भर र स्वाबलम्वी पेशा अलवम्वन गर्ने क्रममा जिल्लाका यस्ता धेरै महिलाको जीवनमा घरेलु तथा साना उद्योगले आमूल परिवर्तन नै ल्याइदिएको छ । स्थानीय स्रोत साधनको प्रयोग गरी घरमै बसेर उत्पादन गर्न पाइने, सहज बिक्री वितरण र त्यसबाट हुने आम्दानीले धेरैलाई यस क्षेत्रमा लाग्न विशेष प्रेरणा नै दिएको छ । उद्यम गर्ने, उद्यमी वन्ने र आफनो व्यवसाय मार्फत राम्रो आम्दानी गर्न यतिवेला ताप्लेजुङ्का उद्यमीजस्तै अगाडि बढ्नेहो भने आम्दानीका लागि विदेश नै जान पर्दैन भन्ने सन्देश दिन सकिन्छ ।

आफुहरूले उत्पादन गरेको सामान स्थानिय बजारमा नै विक्रि वितरण हुँदै आएकाले बजारको कुनै समस्या नरहेको र त्यसबाट विक्रि गरेको रकमबाट छोराछोरीलाई शिक्षा दिनुका साथै घर परिवार सञ्चालन गरी वचत गर्ने गरेका छन् उद्यमीले । उद्यमी निर्मलाका अनुसार मासिक २० देखी ४० हजार रूपयाँसम्म आम्दानी भएको र शिक्षा लिन नसक्ने व्यक्तिलाई सिप सिकाई आत्मनिर्भर बन्नका लागि प्रेरणा दिएकाले आफु निकै खुसी रहेको निर्मलाको अनुभव छ ।

पूर्वि नेपालमा पर्ने ताप्लेजुङग जिल्लामा लघु,घरेलु तथा साना उद्योगको विकास हुने क्रम बढ्दो छ । विपन्न वर्ग, दलित,जनजाति, अशिक्षित र गरिविको रेखामुनि रहेका वर्गलाई लक्षित गरेर आर्थिक अवस्थालाई मजवुत बनाउने उदेश्यले घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय ताप्लेजुङ्गले विभिन्न सिपमुलक तालिम प्रदान गरी उद्यमी सृजना गर्दै आयआर्जन तर्फ उन्मुख बनाएको छ । घरेलु समिति शाखा कार्यालय ताप्लेजुङ्गले उद्यमीलाई आवश्यक परेमा प्रविधि हस्तान्तरण जस्ता कार्यलाई निरन्तरता दिएको, स्थानिय समुदायको माग अनुसार दक्ष र कुशल प्रशिक्षकद्धारा तालिम प्रदान गरेकै कारण यहाँका महिलाहरू यतिवेला समुहमा र व्यक्तिगत रूपमा आफनो सिपलाई व्यवसाय सञ्चालन गर्दै राम्रो आम्दानी गर्न सफल भएकाछन् ।

घरेलु तथा साना उद्योग विकास समिति र गरीवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमद्धारा ताप्लेजुङ्ग जिल्लामा राडिपाखि, खाँडि कपडा, ढाका कपडा बुनाई, व्युटिपार्लर, वेमौसमि तरकारी, अल्लो कपडा बुनाई, हाउस वायरिङग, सिलाई कटाई, वंगुरपालन लगायतका कार्यक्रमहरु सञ्चालन हुँदै आएकाछन् । यस्ता कार्यक्रमहरूबाट महिलाहरूले मनग्ये आम्दानि एकातर्फ गर्न सफल भएका छन् भने अर्को तर्फ भारतले लगाएको नाकावन्दीमा आत्मनिर्भरताको सन्देश दिन सफल छन् उद्यमीहरु । महिलाहरूलाई सामुहिक रूपमा उद्योग सञ्चालन गर्न साझा सुविधा केन्द्रको निर्माण गरि एकै थलोमा काम गर्ने वातावरण घरेलु तथा साना उद्योग विकास समिति ताप्लेजुङग कार्यालयले जुटाएको छ । जसका कारण महिलाहरु समुहमा एक अर्का विचमा छलफल गर्दै काम गर्ने र उत्पादित सामानलाई राम्रो र गुणस्तरीय बनाउन कम्मर कसेर लाग्ने गरेका छन् ।

कन्चनजंगा महिला ढाँका कपडा उद्योग, पुर्वेलि वंगुर पालन लघु उद्यमी समुह र सृजनसिल राडि पाखि समुह ताप्लेजुङ्गमा साझा सुविधा केन्द्र मार्फत महिलाहरूले सामान उत्पादन तथा विक्रि वितरण गर्दै आएका छन् । कुनै दिन बुढापाकाहरूले मात्र परम्परागत रूपमा सञ्चालन गर्दै आएको राडि पाँखी सम्वन्धि व्यवसायमा अहिले युवा पुस्ताको आकर्षण बढ्दो छ । सृजनशिल राडि पाँखि समुहमा १४ जना महिला आवद्ध छन् । यहाँका उद्यमीहरूले निर्माण गरेका ३ पाँटे, दुई पाटे, वुर्कासन,

चकडी, लुकुनी, घुमराडी लाई ५ सय रूपयाँदेखि ५ हजार रूपयाँसम्म जिल्लाका सरकारी कार्यालय र पर्यटकले चिनोको रूपमा लैजाने गरेको सानुमाया लिम्बुले बताउनुभयो ।

गरिवी निवारण गर्न र महिलाहरूलाई आत्मनिर्भरता तर्फ लैजान तालिमको प्रभाबकारीता रहदै आएको छ । जिल्लामा सञ्चालन भएका कार्यक्रमको नियमित रूपमा अनुगमन भएको र यस्ता कार्यक्रमबाट उद्यमी वन्नेको संख्यामा क्रमिक रूपमा वृद्धि हुँदै आएकाले गरिवीको रेखामुनि रहेका जनताका लागि सिपविकास तालिम प्रभाबकारी वन्दै गएको छ । उद्यमीको माग अनुसार तालिम प्रदान गरेका कारण तालिम पश्चात व्यवसाय सञ्चालन गर्न र आत्मनिर्भर बन्ने क्रम बढ्दो छ ।

घरेलु कार्यालयबाट व्युटिसियन तालिम लिएपछि व्यवसाय सञ्चालन गर्दै राम्रो आम्दानी गर्न सफल भएको व्युटिसियन लिलामायाँ सुनुवारको भनाई छ । विगतमा आफुसँग सिप नहुँदा गाउमा २ हजार पनि ऋण नपाएको र घर परिवारबाटै समेत अपहेलित हुनुपर्ने अवस्थालाई सिप सिकेपछि परिवर्तन हुँदै आयआर्जन गरी जिवन नै परिवर्तन भएको महशुस छ अहिले लिलामायाँको । विगतमा ऋण नपाएकाले गर्दा सबै साथीलाई व्यवसाय सञ्चालन गर्न र सिप सिक्न सन्देस दिदै उदारणीय बनेकीछन् यतिवेला उनि ।

गरिबी निवारण गर्न, उत्पादनलाई बृद्धि गर्न, स्वावलम्वन हुन, सिकेको सिप प्रयोग गरी उद्योग सञ्चालन गर्न घरेलु तथा साना उद्योग विकास समिति र लघु उद्यम विकास कार्यक्रम (मेडेप) ले उद्यमीलाई आवश्यक पर्ने प्रविधिहरु हस्तान्तरण गर्दै आएको छ । ढाका कपडा, खाडि कपडा, राडि निर्माण गर्न आवश्यक पर्ने तान, चर्खा, राटा, कोरेसो लगायतका सामानहरु हस्तान्तरण गर्दै आएको छ । जसले गर्दा उद्यमीहरूलाई उद्योग सञ्चालनका लागि सहज भएको छ ।

घरेलु तथा साना उद्योग विकास समितिले लघु घरेलु तथा साना उद्योगको विकास गर्न प्रत्येक घरमा एक उद्यमी तथा सिपमूलक जनशक्ति निर्माण गर्ने अभियानका साथ कार्यक्रमलाई तिव्रता दिएको छ । उद्यमी वन्न चाहनेका लागि सिप सिकाउन र  माग र चाहना अनुसार परामर्श प्रदान गर्ने र ६० प्रतिशत सम्म छुट  मूल्यमा (मेशिन औजार) उपयुक्त प्रविधि हस्तान्तरण समेत गर्ने गरेको छ ।

ताप्लेजुगका उद्यमीले तालिम मात्र लिने होइन उद्यमी बन्नु पर्दछ भन्ने धारणाको विकास गरेका छन् । गरिविको रेखामुनी रहेका जनताहरूले यस जिल्लाका महिलाले जस्तै समुहमा मिलेर लघु, घरेलु, तथा साना उद्योग सञ्चालन गर्ने हो भने आयआर्जन गर्न विदेश नै जानु पर्दैन हाम्रो देश नेपालमै सुन फलाउन सकिन्छ भन्ने सन्देश घरेलु उद्यमीहरूले दिएकाछन् । आफुले सिकेको सिपलाई पैसामा रूपान्तरण गरी स्वावलम्वी र आत्मनिर्भर वन्न कुनै कठिन छैन भन्ने उदारहण देखाएका छन् ताप्लेजुङगका पौरखी उद्यमशिल महिलाहरूले । गरिवि निवारण गर्न र उद्यमी सृजना गर्न विपन्न दुरदराजमा रहेका न्युन आय भएका व्यक्तिहरूलाई सिप विकास तालिम दिई, उद्यमशिलता विकास गर्ने कुरालाई समितिले प्राथमिकता दिदै आएको छ ।

(लेखक समितिका संचार अधिकृत हुन् ।)

# उद्योग सञ्चालनतर्फ उन्मुख महिलाहरू



मीना शर्मा

आफ्नो क्षमता र लगानीले भेट्ने सानो उद्यम थालेका उद्यमी महिला देशको आर्थीक गतिविधिमा राम्रो सहयोग पुऱ्याउने तहमा पुगेका छन् । काम गरेर नाम–दाम आर्जनसंगै परम्परा–संस्कृतिको सम्बर्द्धनमा पनि सफल देखिएको छन् महिलाहरु । ढाका, अल्लो, राडीपाखी र काष्ठकलाका काम गर्ने यी महिला विश्व बजारमा 'ब्रान्ड'को रूपमा स्थापित हुने प्रयत्नमा छन् ।

२०६४ मा १५ हजार लगानीबाट ढाका व्यवसाय सुरू गर्नु भएकी कल्पना लिम्बु अहिले डेढ करोडकी मालिक बन्नु भएको छ । काठमाडौंको गोकर्णस्थित उहाँको 'दी हाईल्याण्ड' तानघरमा ५५ जनाले काम पाएका छन् । ढाकाका साडी, मेख्ली, ब्लाउज, सल, लेहेङ्गा, कोट, आउटर, कुर्ता सलवार, रूमाल लगायतका आईटम अन्तराष्ट्रिय बजारमा पुऱ्याउनु भएकी लिम्बु पछिल्लो समयमा महिलाले व्यवसायमा राम्रो प्रगती गरेको देख्नुहुन्छ । अहिले अमेरिका, अष्ट्रेलिया, सिंगापुर, ब्रुनाई, बेलायत क्यानडा र मलेशिया लगायतका देशबाट अर्डर पाउनु भएकी कल्पना भन्नुहुन्छ 'गत सालको मंसीरमा लण्डनमा भएको मिस वर्ल्ड प्रतियोगितामा मिस नेपाल सुविन लिम्बुले मैलै बनाएको मेख्ली लगाँउदा मेरो उद्योगलाई व्यावसायिक लाभ भयो ।'

नेपालभित्र कुन ठाँउ र बाहिर कुन देशमा ढाकाको कस्तो रङ–डिजाईन मन पराँउछन् भने कुरामा ध्यान दिने कल्पना राष्ट्रिय–अन्तराष्ट्रिय चर्चाका विषय समेटिएका बुट्टाको माग बढेकाले त्यही अनुसारको डिजाईन बनाएर सामान बनाउदै आएको बताउनुहुन्छ । विवाहमा लगाउने ढाकाका साडी डिजाईन गरिरहनु भएकी उहाँले अब ढाका नेपाली बेहुलीको रोजाई हुने बताउनु हुन्छ । विवाहमा बनारसी साडी लगाउने प्रचलनलाई हटाएर नेपाली ढाकालाई स्थापित गराउन लाग्नु भएकी लिम्बु स्थानीय उत्पादन नेपाली बजारमा स्थापित हुन सके यसले उद्यमी र देशको अर्थतन्त्रमै सहयोग पुऱ्याउने भएकाले ढाकाको अनुसन्धानमा लागेको कल्पना लिम्बु बताउनुहुन्छ । पुर्वी पहाडमा ढाका संस्कृतिको अनुसन्धान गर्नु भएकी उहाँ ढाकाको सुरूवात अहिलेको अवस्था र भविष्यमा यसको बजार र आवश्यकताको बारेमा अध्ययन गरिरहनु भएको छ । संस्कृती र परम्पराभित्र रहेका सकारात्मक कुरालाई निरन्तरता दिन सके यसले पहिचान र व्यवसाय दुवैलाई संगै लिएर जान सहयोग पुऱ्याउने कल्पनाको अनुभव छ ।

घर भित्रको काम सकेर बचेको समयलाई सदुपयोग गर्न व्यवसायी बनेका महिला हुन् वा केही

गरौं भन्दै यो व्यवसाय नै अंगालेका महिला नै किन नहुन् उनिहरूको मेहनत र लगानीले अन्य धेरै महिलालाई रोजगारी मात्र दिएको छैन महिला शसक्तिकरण बढ्दै जादा महिला हिंसाका घटनामा समेत कमी आउन सक्ने वातावरणको निर्माण भएको छ । त्यस्तै यो क्षेत्रमा लोभलाग्दो प्रगती गरेका महिलालाई देखेर अन्य महिला तथा पुरूषले समेत काम गर्न सके थोरै लगानीले पनि आफ्नै ठाँउमा धेरै राम्रो काम गर्न सकिन्छ भन्ने सिकाई दिएको छ ।

फर्निचर उद्योगमा खेर गईरहेका काठका टुक्रा देखेर उद्यम सञ्चालन गर्ने सोच आएको बताउने ललितपुरकी अमिता शिल्पकारले परम्परामात्र बचाउनु भएको छैन् पर्यटकलाई समेत लोभलाग्दो परम्परा देखाउन सफल हुनु भएको छ । अहिले उहाँले काठका माना–पाथी, ठेकी, कचौरा, धुपौरो, खेलौना लगाएतका सामान बेचेर वार्षिक ४ लाख आम्दानी गर्नुहुन्छ । २०६७ सालमा उत्कृष्ट महिला उद्यमी पुरस्कार जित्नु भएकी अमिताले पुरस्कारको रूपमा घरेलु तथा साना उद्योग विकास समितिबाट गराइएको दिल्लीको औद्योगीक क्षेत्र भ्रमणको अवसरले आफुलाई ठुलो मद्दत गरेको बताउनुहुन्छ । त्यसपछि त अमिताले आफ्ना उत्पादनमा मौलिकता नमारी आधुनिकता झल्काउन थाल्नुभयो जसले व्यवसाय झनै राम्रो बन्यो । आफ्नो व्यवसाय चलाएर परिवारसंग स्वाभीमानसंग बाच्न सक्ने अवस्था भएपछि सानो सफलता पनि ठुलो लाग्ने अमिताको बुझाई छ ।

२०५६ सालमा काठमाडौंमा एभरेष्ट पस्मिना एण्ड मल्ट्री डाइङ इन्ड्रष्टिज खोलेकी सीता कुशवाह पनि एक सफल उद्यमीको रूपमा चिनिनु भएको छ । उहाँले सल, मफलर,लगाएतका उत्पादनलाई अष्ट्रेलिया, जर्मनी, पाकिस्तान र दुबईको बजार पुऱ्याउनु भएको छ । काम सिक्दै सिप लिएर सबै बाहिर जाने संस्कार विकास भएकाले अहिले हातमा सिप भएको दक्ष जनशक्ति नहुँदा उद्योग चलाउनै समस्या पर्ने बताउनुहुन्छ सीता । आफ्नो समस्या सुनाँउदै सीता भन्नुहुन्छ 'जागिर पाइदैन् भनेर सबै देश बाहिर जान्छन् तर यहाँ सीप सिकाएर काम दिन्छु भन्दा पनि कोही आँउदैनन् ।' स्वदेशको कमाई थोरै देख्नेले उद्योगमा हात हाल्न नसक्ने उहाँको बुझाई छ ।

राजधानी र शहरमा मात्र होईन् गाँउमा व्यक्तिगत लगानीबाट काम सुरू गरेका महिला पनि सफल भएका छन् । सुरूमा काम गर्दा साथ नदिने परिवारले पनि आम्दानी राम्रो हुन थालेपछि नजिक हुन थालेका छन् । सात वर्षअघि एक थान तानबाट ढाकाको काम थाल्नुभएकी सिन्धुपाल्चोककी रेखा सुनुवारले २०६८ सालमा उद्योग नै दर्ता गर्नुभयो । १० जना महिलालाई रोजगार दिनु भएकी रेखाको आम्दानी पनि राम्रो हुँदै आएको छ । जग्गा धितो राखेर व्यवसाय बढाउने र तालिम केन्द्र सञ्चालन गर्ने योजना बनाउनु भएकी सुनुवारले हिंसामा परेका महिलालाई सिप सिकाउने लक्ष्य लिनु भएको छ । ढाकाको सल, साडी, मफलर, पर्स, रूमाल, ब्याग, कुर्ता सरवाल र टाई विदेश पठाउन थाल्नुभएकी उहाँ माग बढ्दै गएकाले उत्साहित हुनुहन्छ । आफ्नै ठाँउमा बसेर राम्रो आम्दानी गर्न सफल हुनुभएकी रेखा भन्नुहुन्छ 'अब हिंसा पीडित र बेरोजगार दिदीबहिनीलाई सीप सिकाएर

नेपाली ढाकाको बजार बढाउने विचारमा छु ।' सुरूमा आफ्नो व्यवसाय सञ्चालन गर्दा परिवारको साथ नपाउनु भएकी रेखाको आम्दानी बढ्दै जाँदा पारिवारीक सम्बन्ध पनि सुधारिँदै गयो । परिवार वा व्यवसाय एक रोज्न धम्की दिने श्रीमानले पनि अहिले हरेक पाईलामा साथ दिन थालेका छन् । पारिवारीक र सामाजिक सम्बन्ध राम्रो हुनुको मुख्य कारण अर्थसंग जोडिएकाले सम्मानित जीवन बाच्नको लागि आफ्नै खुट्टामा उभिन सबैलाई सुझाव दिनुहुन्छ रेखा ।

आफ्नो क्षमता र संघर्षले स्थापित भएका गाँउका महिलालाई शहरसम्म आउने अवसर पनि व्यवसायले जुटाई दिएको अवस्था छ । त्यस्तै उद्योगले पहिलो पटक काठमाडौंसम्म आउने अवसर जुटाई दिएको बताउनुहुन्छ 'लिउ राडीपाखी झोला उद्योग' जुम्लाकी सञ्चालक कुन्जाङ लामा । गएको फागुन ४–१० सम्म घरेलु तथा साना उद्योग विकास समितिद्वारा काठमाडौंमा भएको राष्ट्रिय औद्योगिक प्रदर्शनीमा पहिलो पटक कर्णालीबाट काठमाडौं आउनु भएकी कुन्जाङ कर्णाली बाहिरका मानिसलाई कस्तो सामान मन पर्छ भन्ने कुरा काठमाडौं आएर मात्र जानकारी पाएको बताउनुहुन्छ । २०५२ सालमा काम खोज्दै मुगुबाट जुम्ला आउनु भएकी उहाँ अहिले उद्योगको मालिक बन्न सफल हुनु भएकाले खुशी हुनुहुन्छ । आफ्नै गाँउमा स्थानीय उत्पादन प्रयोग गरेर व्यवसाय सञ्चालन गर्न सके काम खोज्दै गाँउ छाड्न नपर्ने उहाँको बुझाई छ ।

सानैदेखी अल्लोको भाङ्ग्रा बुन्न सुरू गर्नु भएकी प्युठानकी चित्रकली बुढामगर पनि एउटा सफल उद्यमी हुनु भएको छ । लघु उद्यम संघले नेपाल भ्रमण गर्ने उद्यमीको टोलीमा राखेकाले पहिलो पटक २०६१ सालमा काठमाडौंमा आउनु भएकी उहाँले ठमेलको पसलमा बेच्न राखेको अल्लोको कपडाको मुल्य सोध्दा अचम्म पर्नु भयो । आफुले सानैदेखी बनाउँदै आएको कपडाको मुल्य सोध्दा व्यापारीले यसको मुल्य जति भएपनि तपाईले किन्न सक्नुहुन्न भन्ने जवाफ दिएपछि त्यो नमिठो जवाफले आफुलाई एक सफल व्यवसायी बनाएको चित्रकली बताउनुहुन्छ । सुरूमा अल्लोको धागो बेच्दै आउनु भएकी उहाँले उद्यमशिलता भ्रमणले गर्दा उद्योग सञ्चालन गर्ने प्रेरणा मिलेको बताउनुहुन्छ । २०६३ सालमा 'कोठी हिमाल अल्लो कपडा उद्योग' खोलेर झोला, पर्स, टोपी, चप्पल, जुहारी कोट, इस्टकोट तयार पारेर बेच्दै आउनु भएको छ । डेढ लाखदेखी शुरू भएको उहाँको उद्योग अहिले २५ लाखको भएको छ । १९ जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । उहाँको उद्योगमा प्युठान, रोल्पा, र बाग्लुङका विभिन्न गाँउका करिब एक हजार गृहणी महिलाले धागो बेच्छन् । घरायसी काममा व्यस्त रहेका गृहणी महिलालाई समेत आंशिक रोजगार दिन सफल हुनु भएकी चित्रकली आफ्नो उद्योगले महिला आत्मनिर्भरता बढाएको बताउनुहुन्छ । राष्ट्रिय औद्योगिक वस्तु तथा प्रविधि प्रदर्शनी २०६६ मा महिला उद्यमीको समुहमा प्रथम भएर घरेलु तथा साना उद्योग विकास समितिमार्फत् थाईल्याण्ड भ्रमण गर्नु भएकी चित्रकली भन्नुहुन्छ 'काम गर्ने महिलालाई सरकारले विना धितो ऋणको व्यवस्था गरे व्यवसाय बढाउन सजिलो हुन्थ्यो ।'

माथी प्रस्तुत गरिएका उद्यमी महिलाको सफलताको कथाले काम गरिरहेका महिलालाई मात्र होईन घरमा बसेर केही गर्न सकिएन भन्ने सोचमा रहेका महिलालाई समेत काम गर्ने उत्साह र प्रेरणा थपिदिन्छ । काम आफैमा ठुलो सानो नहुने भएकाले थोरै लगानीबाट इमान्दारिताका साथ काम गर्ने हो भने राम्रो आम्दानी गरेर स्वाभीमानका साथ बाच्न सकिन्छ भन्ने उदाहरण यि महिलाबाट लिन सकिन्छ । उद्यमीलाई सफल बनाउन घरेलु तथा साना उद्योग विकास समितिले गरेको प्रयासले पनि महिला उद्यमी कामप्रति इमान्दार भएर अगाडि बढेका छन् । अन्य क्षेत्र र देशमा हुने औद्योगिक भ्रमणले पनि महिला उद्यमीलाई नयाँ र उत्कृष्ट काम गर्ने वातावरण थपिदिएको छ । राष्ट्रिय औद्योगिक वस्तु तथा प्रविधि प्रदर्शनीमा आउने देशभरका महिलाले एकले अर्काबाट सिक्ने ज्ञानले पनि स्थानीय उत्पादनलाई फरक तरिकाले विश्व बजारमा पुऱ्याउन सकिन्छ भन्ने कुरा महिलाले सिकिरहेका छन् ।

## पाठकवर्गलाई खुसीको खवर !!!

नेपाल टेलिभिजनबाट प्रत्येक महिनाको अन्तिम शुक्रबार विहान ८:३० बजेदेखि ९:०० बजेसम्म **हाम्रो उद्यम कार्यक्रम** प्रसारण भईरहेको छ हेर्न नभुल्नु होला ।

रेडियो नेपालबाट प्रत्येक हप्ता विहिबार विहान ८:१५ देखि ८:२५ सम्म **हाम्रो उद्यम रेडियो कार्यक्रम** प्रसारण भइरहेको छ । सुन्न नभुल्नुहोला ।

# ग्रीन टी मा चम्किएका नारायण राईको जीवन कथा



कल्पना नेपाल आचार्य
शाखा अधिकृत

प्राकृतिक सौन्दर्यले धनी राष्ट्र नेपाल विश्वकै हावापानी सुहाउदो राष्ट्रको रूपमा चिनिन्छ । यहाँ रहेका हिमाल, पहाड, तराईका अथाह संभावनालाई लघु उद्योगमा परिणत गरेमा देशको अर्थतन्त्र सवल, सक्षम, सुदृढ हुने थियो । नेपालको पुर्वी भाग विषेश गरी झापा, इलाम, पाँचथर, तेह्रथुम, धनकुटालाई चियाको प्रसिद्ध ठाउँको रूपमा लिईन्छ । यी ठाउँ बाहेकको मोरङ्ग जिल्लामा नारायण राईले ग्रीन टीको माध्यमबाट आफ्नो नाम चिनाउन सफल भएका छन् । वि. स. २०२३ चैत्र १६ गते सिहंदेवी ५ मोरङ्गमा राईको जन्म भएको थियो । यसरी उनले मोरङ्गमा जन्मी ग्रीन टी व्यवसायको माध्यमबाट आफ्नो जीवनमा सफलता हासिल गरेका थिए । नौ वर्षको उमेरमा मातृ वियोगमा परेका राईको बाल्य अवस्था निकै कष्टकर भयो । फेरि केही समयको अन्तरालमा पितृ वियोगको पीडा थपिन पुग्यो । मातृ र पितृ वियोगबाट पिडित हुन पुगेका राईले बाल्यकालमा निकै पीडादायी जीवन जीउन पऱ्यो, बेसाहारा बन्न पुगेका राई अरूको घरमा शरण लिन पुगे । त्यहाँ उनले घरको काम गरी फुर्सदको समयमा पढाईलाई निरन्तरता दिने काम गरे । एस. एल. सी. सम्म शिक्षा हाशिल गरेका राईले आई. टी. को विषयमा पनि दख्खलता त्यत्तिकै हाशिल गरेका छन् । "दुखीको साहारा दैव हुन्छ" भने झैं अरूको घरमा रहदाँ बस्दा संयोगवश विदेश जाने मौका मिल्यो र ओमन जाने मौका पाए । १० वर्ष ओमनमा बस्दा राईले कपडामा बुट्टा भर्ने काम गर्दथे । ओमन बाहेक उनलाई बहराइन, दुबही, मलेसिया, चीनको पनि यात्रा गर्ने मौका मिल्यो । विदेशमा रहदाँ बस्दा राईलाई आफ्नो जन्मभुमिमा फर्केर केही गर्ने इच्छा जाग्यो । जहाँ इच्छा त्यहाँ उपाय भनेझैं राई आफ्नो पुर्खौली जमीन पाखोबारीमा ग्रीन टी लगाउने विचार गरी स्वदेश फर्किए । उनले आफ्नो व्यवसाय वि.स. २०५६ सालबाट २१२ रोपनीको पाखो बारीबाट शुरू गरे । विराटनगरबाट तालिम पनि लिएपछि राईलाई आफ्नो व्यवसायमा थप उर्जा पनि मिल्यो । दिन दुई गुना रात चौगुना उनको व्यवसाय वृद्धि हुँदै गयो । हाल अन्य किसानको जग्गा समेत लिएर १२०० सय रोपनीमा ग्रीन टी लगाएका छन् । उनले यसको अलावा अर्गानिक कृषि सम्बन्धी कृषकहरूलाई तालिम दिने काम गर्दछन् । उनले चीनको फुजियान प्रान्तको गुन्जायोमा रहेको टी साइन्स टेक्नोलोजी कलेजबाट ग्रीन टी सम्बन्धी तालिम पनि लिने सौभाग्य पाएका थिए, चीनबाट शुरू भएको ग्रीन टी को विकास र विस्तारको जानकारीबाट उनको व्यवसायमा थप मद्दत पुऱ्याएको छ । उनले आफ्नो व्यवसायलाई आगामी दिनमा अझ विकास र विकास गर्ने योजना बनाएका छन् । आगामी दिनमा ५००० रोपनीमा व्यवसाय गरी बार्षीक ५०००० टन चिया उत्पादन गर्ने लक्ष्य लिएका छन् । उनले करिब १ सय देखि १ सय ५० वटा सम्म तालिम लिएका छन् । उनले ग्रीन टी का अलावा सुन्तला, भुइँ स्याउ सम्बन्धी खेती पनि गर्दछन् साथै फलफुलसम्वन्धी नर्सरी पनि सञ्चालन गर्दछन् ।

उनले आफ्नो व्यवसायमा ३२ जनालाई रोजगारी पनि दिएका छन् । अधिकतम् मासिक तलव १५००० देखि न्युनतम ५००० दिने गर्दछन् । सरकारलाई बार्षीक राजस्व २५००० सम्म तिर्ने गर्दछन् । यसरी एका तर्फ बेरोजगार युवालाई रोजगारी दिने काम गरेका छन् भने अर्कोतर्फ राज्यलाई योगदान दिने काम गरेका छन् । आफ्नो व्यवसाय शुरू तथा विकास र विस्तार गरेका राईले उत्पादित ग्रीन टी देशका कुना, कुना र विदेश ताइवान, मलेसिया, दुवई ,अमेरिका, निर्यात गर्दछन् । यसलाई ५ के.जी.को




प्याँकेट बनाएर बाहिर पठाउँछन् । समय निकै बलवान छ । धैर्य गरि निरन्तर कर्ममा लागेमा सफल भईन्छ यो सत्य हो । जसको फलस्वरूप नारायण राईले आफ्नो जीवनमा सफलता हात पार्न सफल भए । उनको व्यवसायको पनि उच्च मूल्याङ्कन पनि गरिएको छ । उनी जिल्ला स्तरीय राष्ट्रपति पुरस्कारबाट सम्मानित भएका छन् । त्यसैगरी कृष्ण प्रसाद सिग्देलले सम्मान र घरेलु तथा साना उद्योग समितिले आयोजना गरेको २७ औं राष्ट्रिय औद्योगिक प्रर्दशनीमा प्रथम पुरस्कारले सम्मान गरेको छ । राष्ट्रिय प्राङ्गरिक मेलाले प्रथम पुरस्कारले सम्मान गरेको छ । उनको सफलता हात पार्नमा उनकी धर्मपत्नीको त्यत्तिकै योगदान रहेको बताउछन् । विभिन्न देश बहराइनमा चार महिना ओमनमा १० वर्ष सम्मको अनुभव बटुलेका राईले बाहिरबाट प्रविधी सिकी आफ्नै देशमा केही गर्नु पर्छ भन्नेमा जोड दिन्छन् । बालककालमा मर्माहात, दुखदायी, बेसाहारा बन्न पुगे पनि आफुमा धैर्य, साहस हिम्मत बटुली निरन्तर कर्मशील भएर अगाडि बढी रहे । यसरी ग्रीन टी मा उदाउन पुगेका राईलाई थप हौसला र प्रेरणा मिलोस् । उनको व्यवसाय सफल हुँदै जाओस् यही कामना । यस्ता कार्यले औद्योगिक क्षेत्रको विकास र विस्तार गर्न थप टेवा मिल्नेछ यहाँ प्राकृतिक सौन्दर्यले भरिपूर्ण अथाहा संभावनाका स्रोतहरु छन् यसको सदुपयोग गरी उद्यमशील बन्नु आजको आवश्यकता र समयको माग हो । हजारौं नारायण राई यो देशमा छन् । आफ्नै देशको कुना काप्चामा उद्योग खोलौ । स्वदेशको विकास गरौं । स्वदेशी वस्तुमा गर्व गरौ । आत्मनिर्भर बनौं ।

# लघु घरेलु तथा साना उद्योगको सम्भावना तथा चुनौतीहरू



सुनिल आचार्य
नि. वरिष्ठ उद्योग अधिकृत
घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय, सल्यान

देशको आर्थिक विकासको मेरूदण्डको रूपमा औद्योगिक विकासलाई लिन सकिन्छ । औद्योगिक विकास विना आर्थिक सम्बृद्धि सम्भव छैन । हाम्रो देशको कुल गार्हस्थ उत्पादनको करीव १० प्रतिशत मात्र औद्योगिक क्षेत्रले ओगटेको पाईन्छ । यहाँ ठुला उद्योगहरूको संख्यात्मक रूपमा हेर्दा साह्रै न्युन रहेको पाईन्छ । त्यसैले यहाँको औद्योगिक विकासको मुल आधार भनेको नै लघु घरेलु तथा साना उद्योग नै हो ।

नेपालमा लघु घरेलु तथा साना उद्योगको हिस्सा ९० प्रतिशत भन्दा बढी रहेको छ । हाम्रो मुलुकको आर्थिक विकासको आधार स्तम्भ लघु घरेलु तथा साना उद्योगको विकास नै हो । ग्रामीण क्षेत्रमा रहेको कृषि तथा स्थानिय श्रोत र साधनमा आधारीत उद्योग र शहरी क्षेत्रहरूमा औद्योगिक क्षेत्रहरूको स्थापना र विकास मुलुकको आजको अपरिहार्य आवश्यकता हो । औद्योगिक लगानी र औद्योगिक उत्पादनले हाम्रो आवश्यकताको पुर्ति र रोजगारीको श्रृजना गरेको हुन्छ । स्थानीय सीपको प्रयोग ,श्रोत र साधनको उपयोग गरेको हुन्छ । यसबाट आयातको प्रतिस्थापन र निर्यातको ढोका खुल्दछ र रोजगारी बृद्धि हुन्छ ।

नेपालको मध्य पश्चिमको पहाडमा रहेको जिल्ला सल्यान प्रसस्त औद्योगिक सम्भावना बोकेको जिल्लामा पर्दछ । यहाँको भौगोलिक जैंविक विविधताको कारण औद्योगिक सम्भावना प्रचुर रहेको पाईन्छ । यहाँ भएको श्रोत साधनलाई पूर्ण रूपमा उपयोग गर्न सके यहाँको औद्योगिक उत्पादन तथा उत्पादकत्व बृद्धि भई रोजगारी श्रृजना समेत भएर जिल्लाको समग्र आर्थिक विकास हुनेछ ।

### यस जिल्लामा सम्भावना भएको लघु घरेलु तथा साना उद्योगहरू

१) अदुवा खेती तथा प्रशोधन सम्बन्धी

२) ओखर खेती तथा प्रशोधन सम्बन्धी

३) जडीबुटीको संकलन तथा प्रशोधन

४) मौरीपालन तथा मह प्रशोधन

५) खोटो उत्पादन तथा प्रशोधन

६) दुग्ध प्रशोधन तथा डेरी जन्य उद्योग

७) हाते कागज (लोक्ता प्रसोधन)

८) काष्ठ सम्वन्धि उद्योगहरु जस्तै भेनियर, प्लाईउड, फर्निचर

९ व्यवसायिक तरकारी खेती तथ फलफुल प्रसोधन

१० पर्यटन सम्वन्धि उद्योगहरु

यि माथि उल्लेखित उद्योगहरूको ज्यादै सम्भाव्यता रहेता पनि केहि केहि मात्रामा उद्योग सञ्चालन नभएका चाही होईनन तर सोचे जति अर्थात पूर्ण क्षमतामा उद्योग सञ्चालन भएका छैनन् । जसको ज्वलन्त उदाहरणको रूपमा यहाँको कच्चा पदार्थ दिनानुदिन गाडीमा लगेको कुरामा हामी सवैले छर्लङ्ग रूपमा देखेका छौ । त्यसैले यहाँको सम्भावनालाई हामीले पूर्ण उपयोग गर्न सके यस जिल्लाको आर्थिक विकासमा कायापलट आउने छ ।

यस जिल्लामा लघु घरेलु तथा साना उद्योगको प्रचुर सम्भावना हुदाहुदै पनि विकास गर्न नसक्नुमा यसका चुनौतिहरु पनि मुख्य कारक तत्वको रूपमा रहेको पाईन्छ । चुनौतिहरु निम्नानुसार रहेका छन् ।

१) उद्यमशिलताको कमी,

२) मानसिकता परिवर्तन नहुनु,

३) ग्रामीण औद्योगिक पुर्वाधारको कमी,

४) नयाँ प्रविधि भित्र्याउन नसक्नु ,नया प्रविधि आत्मसाथ गर्न नसक्नु,

५) उदार तथा खुल्ला अर्थनीतिका कारण भएका उद्योगहरु धारासायी हुदै जानु,

६) लघु घरेलु तथा साना उद्योग कोषको सेवा विस्तार हुन नसक्नु,

७) दक्ष जनशक्तिको अभाव हुनु,

८) युवा जनशक्ति बैदेशिक रोजगार तिर उन्मुख हुनु,

९) बैदेशिक रोजगारबाट प्राप्त रेमिट्यान्स पनि लगानीमुखि नभै उपभोगमुखि हुनु,

१०) सरकारी नीति तथा ऐन नियम उद्योग मैत्रि नहुनु,

११) बैंकको लगानी ग्रामीण क्षेत्रसम्म नपुग्नु अर्थात शहर केन्द्रित हुनु,

१२) वजारको समस्या ।

यि चुनौतीहरूको वावजुत पनि लघु घरेलु तथा साना उद्योगको प्रवर्द्धन विकास विस्तार गरि अर्थतन्त्रमा यस क्षेत्रको योगदान बढाउने कुरामा कसैको दुईमत छैन । त्यसकारण सरकारी सहकारी निजि क्षेत्रको समेत सहकार्यमा योगदान पु-याउन निम्नानुसार गर्न पर्ने देखिन्छ ।

- उद्यमशिलता भावनाको विकास गरि उत्प्रेरित गर्ने
- मानसिकतामा परिवर्तन गर्नु पर्ने ,स्थानिय उत्पादनको प्रयोग गर्ने वानीको विकास गर्न पर्ने
- ग्रामीण औद्योगिक पुर्वाधारको ब्यवस्था सरकारी स्तरबाट गरिनु पर्ने
- नया नया प्रविधि भित्र्याउने तथा त्यसको प्रयोगमा जोड दिनु पर्ने
- उदार तथा खुला अर्थनीति अपनाए पनि लघु घरेलु तथा साना उद्योगको संरक्षण नीति लिनु पर्ने
- लघु घरेलु तथा साना उद्योग कोषलाई ग्रामीण स्तर सम्म विस्तार गर्न पर्ने
- बेरोजगार युवालाई रोजगार प्रदान गर्न उद्योग स्थापना गर्न आवस्यक पर्ने सम्पुर्ण कुराहरु उद्यमशिलता विकास तालिम, वजार ब्यवस्थापन तालिम, सीप विकास तालिम, विना धितो वा न्युन भन्दा न्युन ब्याजदरमा सहुलियत ऋणको ब्यवस्था गरिदिने, त्यसरी उद्योग सञ्चालन गरेका उद्यमीलाई औद्योगिक रोजगारी नीति ल्याई उद्यमीको उत्पादन तथा विक्रिको आधारमा सरकारले वार्षिक ३ महिना देखि ९ महिना सम्म आफ्नो उद्योगमा काम गरी उत्पादन गरे वापत रोजगारी दिने नीतिगत व्यवस्था हुनु पर्ने ।
- बैदेशिक रेमिट्यान्सबाट प्राप्त रकमलाई औद्योगिक क्षेत्रमा लगानी गर्ने नीति हुनु पर्ने ।
- स्थानिय वस्तुको बिक्रि तथा उपभोग गर्ने वानीको विकास गर्नु पर्ने
- उद्योग मैत्री हुने गरि नीति, ऐन, नियमहरुमा परिमार्जन गरिनु पर्ने । जस्तो कर छुट दुरीका कुराहरु
- उद्योग सम्वन्धि काम कारवाहि एउटै निकायबाट हुनु पर्ने ।

यि माथिका बुदाहरुलाई कार्यान्वयन गर्न सकेमा धेरै हद सम्म लघु घरेलु तथा साना उद्योगको प्रवर्द्धन विकास तथा विस्तार हुन गई आर्थिक विकासको लागि यस क्षेत्रको महत्वपूर्ण भुमीका रहने कुरामा कसैको दुईमत रहन्न ।

# युवा उद्यमशीलता



अपेक्षा दाहाल
यूनाइटेड एकेडेमी

गाउँगाउँमा उद्यमशिलताको विज नौलो लगाउ
उद्योगको काखभित्र रमाई पौरखी हात अघि बढाउ ।
गरे के हुँदैन र ? हाम्रो यो नेपाली माटोमा
स्वदेशी कमाई, रमाई खाउँ विदेशको साटोमा ।

उपयोग गरी कैल्यै नसकिने, अविरल बग्ने जल स्रोत हाम्रो
सिन्चित गरौं नेपाली माटो, उब्जाउ हुन्छ राम्रो ।
जलविद्युत निकाली बनाउ अव नेपाललाई झलमल
विकास निर्माणमा जुटौ अव युवा नगरौं है कत्ति अलमल ।

नेपाली जडिबुटी, रत्नपत्थरहरु कच्चामै नबेचौ है
आत्म निर्भर नबन्दाको पिडा कति छ ? राम्ररी सोचौं है ।
देशमै छन् ग्यास, फलामको खानीहरु त्यसका उद्योग खोलौ
कति बस्ने चुप लागि अव त औद्योगिकरणका लागि बोलौं ।

पौरखी हाम्रा युवाहरु अव, विदेशमा नजाउ
टोल टोलमा अव उद्यमशिलताको ज्योति जगाउ ।
नमानौं लाजडर, कर्म गर्न, काम गरी कोही सानो हुँदैन
पौरखी, मेहनती, सिपालुलाई दरिद्रताले छुँदैन ।

उद्योग धन्दा विविध किसिमका खोलौं, दिलाउ सबलाई रोजगारी
औद्योगिकरणतर्फ जुटे युवाहरु अवश्य हट्ने छ बेरोजगारी ।
अरूको दाश बनी कमाउनु पर्दैन धन लाख
सवैभन्दा प्यारो र ठूलो आफ्नो आमाको काख ।

देशमै उब्जिएको भोजन, गुन्द्रुक ढिडोमा रमाउ
उठौ सवै साथीहरू कुटो, कोदालो समाउ ।
जुटौं युवाहरू उठौं, तान, चर्खा समाउ
आफ्नै प्यारो नेपाल आमाको काखमा रमाउ ।

# औद्योगिक गतिविधि

## प्रधान कार्यालय

### महिला अर्न्तक्रिया

घरेलु तथा साना उद्योग विकास समिति प्रधान कार्यालय त्रिपुरेश्वरको आयोजनामा २०७२ साल मंसिर ३ गते उद्यमी विकास तालिमको लागि छनौट भएका उद्यमशिल महिला प्रशिक्षार्थीका लागि आयोजना गरिएको लघु, घरेलु तथा साना उद्योग संञ्चालन गर्न महिला उद्यमीको अनुभव एंव सल्लाह सुझाव लिने उद्देश्यका साथ अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । सो अन्तरक्रिया कार्यक्रमको उद्‌घाटन उद्योग मन्त्रालयका सचिव जयमुकुन्द खनालले गर्नुभएको थियो ।

उक्त कार्यक्रममा उद्योग सचिव जयमुकुन्द खनालले महिलालाई उद्यमी बनाउन सके देशमा ठुलो परिवर्तन हुने कुरा बताउनुभएको थियो । महिला र पुरूष दुवै मिलेर उद्योग सञ्चालन गरेमात्र उद्योगको विकास हुने बताउँदै सचिव खनालले भन्नुभयो,महिलालाई उद्यमी बनाउन चाहना र आवश्यकता अनुसारको तालिम दिनुपर्छ ।

तालिम लिनु अगाडि आफुले कुन उद्योग सञ्चालन गर्न सकिन्छ र त्यस उद्योगको फाईदाको विषयमा महिलाहरु पूर्ण रूपमा सक्षम भएमा मात्र त्यस्ता उद्योग दिर्घकालिन रूपमा चालु रहने र महिला पनि राम्रो आम्दानी गर्न सफल हुने धारणा उहाँको छ । उद्योग सञ्चालन गरेर सफल भएका उत्कृष्ट महिलालाई प्रत्येक वर्ष मन्त्रालयले सम्मान गर्दै आएको सचिव खनालले बताउनुभयो ।

उद्योग मन्त्रालयका सह सचिव यामकुमारी खतिवडाले महिलाले उद्यम गरेर आर्थिक क्रियाकलापमा वृद्धि गर्नुपर्ने बताउनुभयो । स्वदेशि वस्तु सरकारी निकायमा अनिवार्य रूपमा प्रयोग गर्नुपर्ने व्यवस्था भएकाले अव उद्यमीले निर्धक्क भएर आफ्ना उद्यम र व्यवसायलाई अगाडि बढाउन सहसचिव खतिवडाले आग्रह गर्नुभयो । आर्थिक रूपमा महिला शसक्तिकरण गर्न अव लघु, घरेलु तथा साना उद्योग सञ्चालन गर्नु पर्ने र त्यस्ता उद्योग कम पुँजि भएपनि सञ्चालन गर्न सकिने धारणा सहसचिव खतिवडाले व्यक्त गर्नुभएको थियो ।

घरेलु तथा साना उद्योग विकास समितिका निमित्त कार्यकारी निर्देशक निलम ताम्राकारले सिप सिकेका महिला आत्मनिर्भर भै र मनग्य आम्दानी गर्दै आएको बताउनुभयो । उद्यमी वन्न चाहने महिलाका लागि माग अनुसारको तालिम समितिले दिदै आएको, समाजमा पिछडिएका महिला, दलित, एकल महिला, द्धन्द्धपिडित वर्ग समेत समेटी लघु, घरेलु, तथा साना उद्योग व्यवसायमा संलग्न गराई आय आर्जनमा वृद्धि गरि उनिहरूको जिवनस्तरमा सुधार ल्याउनु आजको आवश्यकता

रहेको कार्यकारी निर्देशक ताम्राकारले उक्त कार्यक्रममा बताउनु भएको थियो ।

आधा भन्दा बढी जनसंख्या भएको महिलाहरूको प्रत्यक्ष सहभागिता विना लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन र विकास सम्भव नरहेको समितिका कामु उपकार्यकारी निर्देशक नारायणमणि लामिछानेले बताउनुभयो भने समितिले महिला उद्यमी विकास कार्यक्रम अन्तर्गत २०५२ सालदेखी हालसम्म ३ हजार ६ सय ४४ जना महिलालाई तालिम दिईएको उहाँले बताउनुभयो । महिलालाई सिलाईकटाई, ड्राईभिङ, वेकरी, होटल म्यानेजमेण्ट, व्युटिसियन लगायतका करीव १ सय विषयमा तालिम दिदै आएको कुरा व्यक्त गर्नुभएको थियो ।

घरेलु तथा साना उद्योग विकास समिति प्रधान कार्यालय त्रिपुरेश्वर काठमाण्डौको आयोजनामा "सफल महिला उद्यम को अनुभव सल्लाह र सुझाव" विषयक १ दिने अन्तरक्रिया कार्यक्रम मिति २०७२ साल माघ २२ गते किर्तिपुरको पागांमा माननीय सभासद अष्टलक्ष्मी शाक्यले पानसमा वत्ती वालेर उद्घाटन गर्नुभएको थियो ।

प्रमुख अथिति माननीय सभासद अष्टलक्ष्मी शाक्यले पागां, नगांउ किर्तिपुका महिला दिदीवहिनीहरू खाली वस्नु हुंदैन पैसा कमाउन २-४ पैसा आयआर्जन हुने काम गर्न पर्छ आफूलाई २-४ पैसा आवश्यक परेको वेला श्रीमान सँग छोरा सँग हात थाप्नु पर्ने हुन्छ त्यसैले अरूसँग हात थाप्ने, माग्ने प्रवृति कम गरी २-४ पैसा आफ्नो पौरखवाट कमाउनका लागि सिप सिकेर स-साना उद्योग गर्नुपर्छ भन्ने कुरा व्यक्त गर्नु भयो । पागांको परिचय दिंदा कसरी दिने यहां कुनै किसिमको उद्योग छैन । त्यसैले केही न केही काम गरी यो पागालाई उद्योगमय बनाउनुपर्ने, विदेशको तातो मरूभूमीमा वालुवामा तरकारी फलाउन घरपरिवार छोडेर जानुभन्दा स्वदेशमै आफ्नै परिवारसंग वसेर लघु, घरेलु उद्योगहरू संचालन गर्नुपर्ने कुरालाई जोड दिंदै महिलाहरूलाई आफ्नो खुट्टामा उभिन सक्ने बन्न आग्रह गर्नुभयो ।

सोही कार्यक्रममा घरेलु समितिका निमित्त कार्यकारी निर्देशक निलम ताम्राकारले महिलाहरू सिप सिक्न ज्यादै अभिरूची राख्ने खालको हुने भएकोले उनीहरूले छिट्टै सिक्न सक्छन् र महिलाहरूमा लगनशीलता, धैर्यता र इमान्दारी हुने भएकोले सजिलै सफलता हासिल गर्न सक्छन त्यसैले उनिहरूले संचालन गरेको उद्योगहरू पनि सफल हुन सक्ने भएकोले उद्योग व्यवसाय गर्न आग्रह गर्दै तपाईहरूले तालिम लिइसकेपछि व्यवसाय गर्न चाहानु हुन्छ र व्यवसाय चलाउन ऋणको आवश्यकता परेमा नेपाल सरकारले सुलभ व्याजमा ऋण दिने व्यवस्था गरेको कुरा जानकारी गराउनु भयो ।

सोही कार्यक्रममा घरेलु समिति प्र.का.का उप कार्यकारी निर्देशक नारायणमणि लामिछानेले काम कुनै पनि सानो ठूलो नभनी कुनै न कुनै उद्यम व्यवसाय गर्नुपर्छ विदेशी मरूभूमिमा हाम्रा नेपालीहरू कति कठिन कार्यहरू गरि राखेका हुन्छन त्यत्तीको मेहनत गरी आफ्नै देशमा काम गर्‍यो भने हामीले त्यसको दोव्वर पैसा यही कमाउन सक्छौं भन्दै सहभागीहरूलाई हौसला प्रदान गर्नु भएको थियो ।

घरेलु समिति महिला उद्यमी विकास शाखा प्रमुख निरा जोशीले कार्यपत्र प्रस्तुत् गर्दै आफ्नो शाखाको काम कार्यक्रम वारे जानकारी गराउंदै महिलाहरूलाई कुनै तालिम सिक्न चाहेमा कार्यालयमा सम्पर्क राख्न अनुरोध गर्नु भएको थियो ।

सफल महिला उद्यमी सविता उप्रेतीले वौद्धिक अपाङगता भएकी उदयपुर की किशोरीको उदाहरण दिदै जसलाई पागल भनेर घरवाट निकालेका थिए ,उनले उंहाको संस्थावाट क्रिष्टलको चुरा माला बनाउने तालिम लिएर आफ्नो आमा समेतलाई पाल्न सक्षम वनेकी छन, काठमाण्डौमा घरभाडा तिरेर वस्न,खान सक्ने गरी कमाई गर्न सक्षम वनेकी छन भने हामी त सपाङ्ग छौं, आंट, शाहष र धैर्यताका साथ काम गरयौ भने सफलता प्राप्त गर्न सकिन्छ । २ वर्ष अगाडी आफुपनि यस्तै अन्तरकिया कार्यक्रममा सहभागी भएको र त्यसपछि क्रिष्टल को सामान वनाउने तालिम लिई रू ६००० वाट क्रिष्टलको सामान उत्पादन कार्य शुरू गरी उक्त उद्योग वाट उत्पादन भएको १ जोर चुरा वेच्न वनेपा वजार मा दिनभर घुमेको स्मरण गर्दै शुरूका दिनहरूमा धेरै कठिनाई भएतापनि हाल उक्त उद्योगमा २०,०००००। वीस लाख पूजी पुर्याई सकेको कुरा व्यक्त गर्दै सहभागीहरूलाई उत्प्रेरणा प्रदान गर्नुभएको थियो ।

उहाँले विगत देखी हालसम्मका आफ्ना जिवनका उतार चढावका साथै व्यवसायीक उतार चढावहरू सुनाउंदै व्यवसाय गर्न आँट र साहष चाहिन्छ । दुःख कष्ट त आइपर्छ त्यसलाई धैर्यताका साथ स्वीकार्न सकेमा अवश्य सफल भइन्छ भन्दै आफूले उत्पादन गरेका वस्तुहरू सहभागीहरू माफ प्रस्तुत् गरी यहांहरूलाई केही समस्या पर्यो भने आफूलाई सम्पर्क गरेमा सक्दो सहयोग गर्ने वचनवद्धता व्यक्त गर्नु भएको थियो ।

उक्त अन्तरक्रिया कार्यक्रममा किर्तिपुर पांगाका स्थानीय महिला दिदिवहिनीहरू दाजुभाइहरू पत्रकारहरू, वुद्धिजीवीवर्गहरू गरू करीव ७० जनाको उपस्थिती रहेको थियो ।

## तालिम समापन

घरेलु तथा साना उद्योग विकास समिति प्रधान कार्यालय महिला उद्यमी विकास शाखाको वार्षिक कार्यक्रम अनुसार उद्यमी विकास कार्यक्रम अन्तर्गत पेप्सीकोलामा १ महिने झोला बुनाई तालिम सम्पन्न भएको छ । सो तालिममा १५ जना महिला सहभागि रहेका थिए ।

उद्योग प्रवर्द्धन कार्यक्रम अन्तर्गत संकल्प विकास केन्द्रको संयुक्त आयोजनामा भएको स्पेशल व्युटीपार्लर तालिम २०७२ मंसिर २८ गते सम्पन्न भएको छ । यस तालिम अर्न्तगत १२ जना महिलाहरूलाई १ महिने स्पेशल व्युटीपार्लर सम्वन्धि सिप दिईएको थियो । दक्ष व्युटीसियन उत्पादन गर्ने उद्देश्यका साथ सञ्चालन भएको सो तालिमको समापन महिला शाखा प्रमुख निरा जोशिले गर्नुभएको थियो ।

त्यसैगरी उद्योग प्रवर्द्धन कार्यक्रम अन्तर्गत नै काठमाडौंको बांगेमुढामा विपत व्यवस्थापन समिति सँगको सहकार्यमा १२ जना महिलाहरूलाई ७ दिने डल्ले सावुन बनाउने तालिम सञ्चालन भई सम्पन्न भएको छ ।

## बिराटनगर गोष्ठी

गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको वार्षिक स्विकृत कार्यक्रम अनुसार मिति २०७२।१०।१६ गते विराटनगरमा योजना तर्जुमा तथा प्रभावकारिता गोष्ठी सम्पन्न भयो ।

उद्योग मन्त्रालयका सह सचिव श्री हरिराज पन्तज्यूको प्रमुख आथित्यतामा सम्पन्न उक्त कार्यक्रममा मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री तोयम राय, अर्थ मन्त्रालयका उप सचिव श्री कृष्णबहादुर बोहोरा, र आनन्दकुमार भट्टराई, राष्ट्रिय योजना आयोगका कार्यक्रम निर्देशक श्री अर्जुन निरौला, उद्योग मन्त्रालयका उप सचिव एवं लघु उद्यम विकास कार्यक्रमका कार्यक्रम संयोजक श्री दिपक घिमिरे, लघु उद्यम विकास कार्यक्रमका Component Manager श्री राजन के.सी., घरेलु तथा साना उद्योग विकास समितिका सञ्चालक समितिका अध्यक्ष श्री जगन्नाथ नेपाल, कार्यकारी निर्देशक श्री निलम ताम्राकार, उप कार्यकारी निर्देशक श्री सुरेन्द्रकुमार थापामगर, उप कार्यकारी निर्देशक श्री राजेन्द्र मिश्र, निर्देशक श्री प्रदिपकुमार उपाध्याय, उप निर्देशक श्री शम्भुप्रसाद पौडेल, वरिष्ठ अधिकृत श्री बिमला धिताल, शाखा अधिकृत श्री चन्द्रकान्त भट्टराई, नायब सुब्बा श्री खेमचन्द्र भण्डारी, नायब सुब्बा श्री बन्दना आचार्य र सवारी चालक श्री राजेश थापा लगायतका जिल्लास्थित कार्यालयका प्रमुखज्यूहरू, मेडेप APSO का APSM हरू बिराटनगरका प्रेमराज न्यौपाने, लहानका चन्द्र भूजेल, हेटौडाका सबिता कोइरालाको उपस्थिती रहेको थियो ।

घरेलु तथा साना उद्योग विकास समितिका सञ्चालक समितिका अध्यक्ष श्री जगन्नाथ नेपालको अध्यक्षतामा सम्पन्न उद्‌घाटन कार्यक्रममा आमन्त्रित प्रमुख अतिथि विशेष अतिथि तथा अन्य महानुभावहरूलाई समितिका उप कार्यकारी निर्देशक एवं योजना र अध्यक्ष तथा अनुसन्धान महाशाखा प्रमुख श्री राजेन्द्र मिश्रले हार्दिक स्वागत गर्दै MEDEP MODEL को सफलता पछि नेपाल सरकारले MEDEP MODEL लाई MEDPA का रूपमा आन्तरिकीकरण गरेको छ तर MODEL अनुसार हामीले काम गर्न सक्यौ सकेनौ भन्ने बारेमा गोष्ठीमा छलफल गरीनुका साथै MEDPA कार्यक्रमको नीतिगत र कार्यक्रमगत के कति प्रगति भएको छ ? सन्दर्भबश मेडपा रणनितिक योजना तथा कार्यक्रममा संशोधन आवश्यक छ कि छैन भन्ने बारेमा समेत छलफल गरीने छ भन्दै कार्यक्रमको उद्देश्य बारेमा प्रकाश पार्नु भएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि, विशेष अतिथि, अतिथि लगायत सहभागीहरूको स्वागत तथा कार्यक्रम बारे प्रकाश पारेपछि कार्यक्रमका प्रमुख अतिथि उद्योग मन्त्रालयका सहसचिव श्री हरिराज पन्तज्यू वाट फूलको **गमलामा पानी राखेर कार्यक्रमको समुदघाटन** सम्पन्न भएको थियो ।

लघु उद्यम विकास कार्यक्रम धोविघाट ललितपुरका Component Manager (4) राजन के.सी.ले MEDEP MODEL MEDPA का रूपमा आन्तरिककरण गर्ने सन्दर्भमा नेपाल सरकारले हाल ६४

जिल्लामा कार्यक्रम विस्तार गरीसकेको छ । आजका दिन सम्मका कार्यान्वयनका अनुभवहरू के कस्ता रहे, आगामी दिनहरूमा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न के कस्ता उपायहरू अपनाउनु पर्दछ भन्ने सन्दर्भमा गोष्ठीले सुझावहरू उपलब्ध गराउने अपेक्षा लिएको कुरा व्यक्त गर्नु भएको थियो ।

कार्यक्रमलाई अर्थ मन्त्रालयका उपसचिव श्री कृष्णबहादुर बोहोराले कार्यक्रम तथा बजेट गत आ.व. देखि पूर्ण रूपमा online रूपमा प्रस्ताव गर्नु पर्ने व्यवस्था लागु भएको तर यो Posting कार्यक्रम कार्यान्वयन तह बाट नभई विभाग स्तरबाट भएको र यस्का लागि LMBIS guideline, Budget guideline, circular र प्रति इकाई लागत स्पष्ट हुनु पर्ने भएकोले ती सवै आधारमा कार्यक्रम तथा बजेट तयार हुने गर्दछ भन्दै वादे वादे तत्वबोध भने जस्तै यस कार्यक्रम सम्वन्धी हुने प्रत्यक्ष अन्तरक्रियाले कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने अपेक्षा लिएका छु भन्दै कार्यक्रमको सफलताको कामना गर्नु भएको थियो ।

फिल्ड भ्रमणका बेला उद्यमीहरूले कार्यक्रमका बारेमा सिकेका सिपका आधारमा काम गरिरहेको पाउँदा आफू खुसी भएको तर राष्ट्रिय योजना आयोगले MEDPA कार्यक्रमको प्रभाव मूल्याङ्कन गराउँदा MEDEP कार्यक्रमको १५% Droprate (निस्क्रिय प्रतिशत) रहेको तर MEDPA कार्यक्रमको विगत ५ वर्षको प्रगतिमा ३२% Droprate (निस्क्रिय प्रतिशत) रहेको प्रति जिज्ञासा रहेको भन्दै अव देखि उद्योगी गणना गर्ने नभई उद्यम गणना गर्ने तर्फ यस कार्यक्रमले पहल शुरू गर्ने छ भन्दै राष्ट्रिय योजना आयोगको सचिवालयका कार्यक्रम निर्देशक श्री अर्जुन निरौलाले कार्यक्रमको सफलताको क्रममा गर्नु भएको थियो ।

घरेलु तथा साना उद्योग विकास समितिका कार्यकारी निर्देशक श्री निलम ताम्राकारले बजेट तथा कार्यक्रम तयार गर्दा नेपाल सरकारबाट लागू ऐन, नियम, निर्देशिका अनुसार पारदर्शिता, जवाफदेहिता पूर्वक तयार गर्नु हुने छ भन्दै गोष्ठीले आगामी वर्षको कार्यक्रम सञ्चालन गर्नका लागि उपयुक्त र व्यबहारिक राय सुझावहरू पेश गर्नेछ भन्दै कार्यक्रमलाई सम्बोधन गर्नु भएको थियो ।

नेपालको प्रशासन पद्धती विकास गर्न सकेनौ, हामीले कार्य सञ्चालन प्रचलनमा सुधार ल्याउन सकेनौ, हामीले हाम्रा उपलब्धीहरूलाई गणना गर्न सक्ने गरी सम्पादन गर्न नसकेको हुनाले हाम्रो व्यापक आलोचना हुने गरेकोले हामीले हाम्रो जवाफदेहितामा व्यापक बृद्धि गर्नु जरूरी रहेको छ । जवाफदेहिताको विकास सामूहिक रूपमा गर्नु पर्ने र त्यसका लागि कर्मचारीको आत्मबल बढाउनु पर्ने अति आवश्यक छ । तसर्थ कर्मचारीतन्त्र काम गरेन, उपलब्धी गणना गर्न सकिने गरी हासिल भएन भन्ने प्रश्नहरूको उत्तर दिने प्रयास लाई यस गोष्ठीले थप सहयोग पुऱ्याउने छ भन्दै मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री तोयम रायले प्रमुख जिल्ला अधिकारी र स्थानिय अधिकारीको हैसियतले पनि कार्यक्रमको सफलताको कामना गर्दछु भन्नु भएको थियो ।

हामी आगामी आ.व.को कार्यक्रम तर्जुमाको प्रारम्भिक अवस्थामा रहेकोले यो गोष्ठी फलदायी रहने छ भन्दै उद्यमी सिर्जना गर्ने र रोजगारी दिने प्रयोजनका लागि बजारमा धेरै प्रतिस्पर्धि संस्थाहरू रहेकोले हामीले प्रभावकारी रूपमा कार्य सञ्चालन गर्नाका साथै तुलनात्मक रूपमा सक्षम र प्रतिस्पर्धी उद्यमी

र रोजगारी सिर्जना गर्नु पर्ने दायित्व रहेको छ । हाम्रा कार्यक्रमहरूले उद्यमी बनाउने रोजगारी दिने भनीन्छ त्यसो भयो त ? भन्ने सन्दर्भमा गत वर्षको कार्य र यस वर्ष हालसम्म सम्पादनका क्रममा प्राप्त अनुभवहरू लाई समेत समेटर यस वर्षको बांकी अवधीको कार्य सम्पादन र आगामी आ.व.को कार्यक्रम कसरी प्रभावकारी रूपमा सञ्चालन गर्न सकिन्छ भन्ने सुझावहरू प्राप्त हुनेछन् । अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगका Desk Officer हरू समेत यस गोष्ठीमा उपस्थित रहनु भएको र सबैको उपस्थितिमा कार्यपत्र पेश गरिने भएकोले समस्या समाधानमा सहयोग रहने स्वस्फुर्त र रचनात्मक छलफल हुने जस्ले गर्दा कार्यक्रम सञ्चालनमा थप प्रभावकारीता ल्याउने नै हुदा सक्रियतापूर्वक छलफलमा भाग लिई दिनु हुन आव्हान गर्दै कार्यक्रमका प्रमुख अतिथि एवं उद्योग मन्त्रालयका सहसचिव हरिराज पन्तले कार्यक्रमलाई सम्बोधन गर्नु भएको थियो ।

घरेलु तथा साना उद्योग विकास समितिको सञ्चालक समितिका अध्यक्ष एवं उदघाटन सत्रका अध्यक्ष श्री जगन्नाथ नेपालले देशको उच्च हिमाली र पहाडी जिल्ला घरेलु तथा साना उद्योग विकास समितिको कार्य क्षेत्र भएकोले कार्य सम्पादनमा परी आएका पीर मर्का र आवश्यकताहरू सम्बन्धित अधिकारीहरूलाई अवगत गराउने र कार्यक्रमको औचित्य पुष्ठाई गर्ने उपयुक्त मौका भएकोले सक्रिय सहभागिताको आव्हान गर्दै उद्‌घाटन सत्रको समापन गर्नु भएको थियो ।

**<u>कार्यक्रम/सत्र</u> :**

उदघाटन कार्यक्रम पछि कार्यपत्र प्रस्तुतिको कार्यक्रम रहेकोले कार्यपत्र प्रस्तुतिका प्रथम सत्रको अध्यक्षता उद्योग मन्त्रालयका सहसचिव श्री हरिराज पन्तले गर्नु भएको थियो । यस सत्रमा

घरेलु तथा साना उद्योग विकास समिति आयोजना समन्वय शाखाका उप निर्देशक श्री शम्भु प्रसाद पौडेलले गत आ.व.को ०७१।०७२ को प्रगति समिक्षा यस आ.व. <u>०७२।०७३</u> को हाल सम्मको उपलब्धी तथा आगामी आ.व. ०७३।०७४ का लागि चौध (१४) चरणको योजना तर्जुमा प्रक्रिया, र मेडपा रणनितिक योजनाले निर्दिष्ट गरेका लक्ष्यहरू पूरा गर्न अपनाउनु पर्ने सजगता र उपलब्ध विभिन्न अवसरहरू र सामना गर्नु पर्ने चुनौतिहरू समेत उल्लेख गर्दै कार्यपत्र पेश गर्नु भएको थियो ।

प्रस्तुत कार्यपत्र माथि जिल्लाहरूको तर्फबाट घरेलु तथा साना उद्योग विकास समिति सिन्धुलीका नारायण कोइराला,नुवाकोटका राम बहादुर राना,सोलुखुम्बुका चेतनानाथ घिमिरे,सिन्धुपाल्चोकका कल्पना शर्मा,ताप्लेजुङका नवीन पौडेलले जिज्ञासा र सुझाव राख्नु भएको थियो ।

राष्ट्रिय योजना आयोगका कार्यक्रम निर्देशक अर्जुन निरौलाले अध्यक्षता गर्नुभएको कार्यक्रमको दोश्रो सत्रमा लघु उद्यम विकास कार्यक्रमको तर्फबाट कम्पोनेन्ट मेनेजर राजन के.सी. र कार्यक्रम संयोजक दिपक घिमिरेले संयुक्त कार्यपत्र पेश गर्नु भएको थियो ।

पेश भएको कार्यपत्र माथि घरेलु तथा साना उद्योग विकास समितिका उप कार्यकारी निर्देशक सुरेन्द्र कुमार थापा शाखा कार्यालय रसुवाका खगेन्द्र नेपाल, सोलुखुम्बुका चेतनाथ घिमिरे, सिन्धुपाल्चोकको कल्पना शर्मा, APSO लहानका चन्द्र भुजेल APSO विराटनगरका प्रेमराज न्यौपानेले जिज्ञासा एवं

सुझाव व्यक्त गर्नु भएको थियो ।

कार्यक्रमको दोश्रो चरणमा सहभागी २३ जिल्लाहरूलाई ३ समूहमा विभाजन गरी निम्न अनुसारको विषयमा सामूहिक छलफल गराइएको थियो ।

**समूह (१)** नीतिगत व्यवस्था : गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको ५ वर्षे रणनीति योजना र गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको कार्यक्रम संचालन निर्देशिका र योजना तर्जुमाका चरणहरूका सम्बन्धमा छलफल र निष्कर्ष ।

**सहभागी जिल्ला :** इलाम, तनहू , सोलुखुम्बु, सिन्धुपाल्चोक, खोटाङ, ओखलढुङ्गा, संखुवासभा

**समूह (२)** कार्यक्रम : कार्यक्रमको विषयहरू थपघट गर्नुपर्ने, सम्पादन गर्नुपर्ने, विधि प्रक्रिया र अभिलेखिकरण सम्बन्धमा छलफल र निष्कर्ष ।

**सहभागी जिल्ला :** स्याङ्जा, नुवाकोट, धनकुटा, लमजुङ, गोरखा, पाँचथर, रामेछाप सिन्धुली

**समूह (३)** व्यवसाय विकास सेवा प्रदायक संस्थाको TOR निर्माण, प्रस्ताव आब्हान, छनौट, सम्झौता कार्यक्रमको अनुगमन निरिक्षण र फरफारक सम्बन्धमा छलफल र निष्कर्ष ।

**सहभागी जिल्ला :** दोलखा, उदयपुर, रसुवा, धादिङ, भोजपुर, तेह्रथुम, ताप्लेजुङ, मनाङ ।

**<u>सामूहिक छलफल पश्चात निस्कीएको निष्कर्ष यस प्रकार रहेको थियो ।</u>**

- MEDPA Guideline मन्त्रीपरिषदबाट पारित गरिनु पर्ने ।
- व्यवसाय विकास सेवा प्रदायक संस्था छनौट कार्य आ.व. को शुरूमा नै भएमा कार्य सञ्चालन सहज हुने
- कार्यक्रमलाई बहु वर्षिय बनाउनु पर्ने वा BDSPO ले कम्तीमा १ वर्ष काम गर्न सक्ने अवधि बनाउने तर्फ पहल गरीनु पर्दछ । BDSPO ले तालिम प्रदान गरीसकेपछि २ महिना उद्यमीहरूकै समूहमा रही उद्योग सञ्चालन गराएर मात्रै हस्तान्तरण गर्नुपर्ने व्यवस्था गर्नुपर्ने ।
- कर्मचारी तथा/संरचनागत व्यवस्थामा गंभिरतापूर्वक सोच्नु पर्दछ ।
- शिर्षकगत विनियोजन भएको रकम लघु उद्यम विकास कोषमा जम्मा गर्ने र उक्त रकम बार्षिक रूपमा फ्रिज नहुने व्यवस्था गरीनु पर्ने । र MEDPA कार्यक्रमलाई जिल्ला विकास समितिको निक्षेपित कार्यक्रमको रूपमा वजेट निकासा हुनुपर्ने व्यवस्था गर्नुपर्ने ।
- DEDC को संरचना समावेशी भएतापनि ठूलो भएकोले आर्थिक रूपमा खर्चिलो र व्यवस्थापनमा कठिनाई भएकोले ७ जना सम्मको वनाउदा वढी कार्यपरक (Functional) हुने ।
- MEDPA Guideline मा DMEGA को भूमिका उल्लेख छैन । DMEGA लाई जिल्लामा भएका उद्यमीहरूको हक हितको लागि पैरवि (Advocacy) गर्ने सस्थाको रूपमा MEDPA Guideline मा स्पष्ट व्यवस्था गरिनु पर्ने र त्यस्का लागि आवश्यक वजेट व्यवस्था हुनुपर्ने ।

# औद्योगिक प्रदर्शनी

Made in Nepal गौरव गरौं स्वदेशी वस्तु प्रयोग गरौं भन्ने नाराका साथ मिति २०७२ फागुन ४ देखी फाल्गुन ९ गते सम्म घरेलु तथा साना उद्योग विकास समितिको आयोजनामा काडमाण्डौको भृकुटीमण्डपमा भएको २७औं औद्योगिक वस्तु तथा प्रविधि प्रदर्शनी र उत्कृष्ट लघु घरेलु तथा साना उद्यमी पुरस्कार कार्यक्रमको २०७२।११।४ गते सम्मानीय प्रधानमन्त्री केपी. शर्मा ओलीले पानसमा दिप प्रज्वलन गरी उद्घाटन गर्नुभयो ।



उद्घाटनका क्रममा सम्मानीय प्रधानमन्त्री के.पी.शर्मा ओलीले सम्वोधन गर्दै माग अनुसार पर्याप्त वस्तु उत्पादन गर्न र गुणस्तरमा ध्यान दिनुपर्ने कुरामा जोड दिंदै मुलूकमा रहेको अपार श्रोत र साधनलाई अधिकतम उपयोग गरी आत्मनिर्भरताको वाटोमा लाग्नु पर्ने आवश्यकता औल्याउनु भयो ।

आफ्नो देशमा पाउनै नसक्ने वस्तु वाहेक अन्य स्वदेशमै पाइने कच्चा पदार्थमा आधारित उत्पादनको प्रवर्द्धनका लागि सहयोग गर्न सरकार तयार रहेको बताउदै कार्यक्रमको सफलताको लागि शुभकामना व्यक्त गर्दै उद्यमीहरूलाई प्रोत्साहन प्रदान गर्दै राष्ट्रिय उत्पादन र आत्मनिर्भरतातर्फको संकल्पलाई नवीकरण गर्दै अगाडि बढौं भन्दै सवैलाई उत्साह र हौसला प्रदान गर्नु भएको थियो ।

सोही कार्यक्रममा माननीय उद्योगमन्त्री सोम प्रसाद पाण्डेले उद्योग क्षेत्रले परम्परा धान्ने काम मात्र गर्नु हुंदैन अव परम्परागत प्रविधिलाई नयां प्रविधिमा हस्तान्तरण गर्न वा जोड्नु पर्ने वेला आएको छ ।

## स्वदेशी वस्तु नै प्रयोग गरौं ।

समून्नत नेपाल बनाउन समद्धिको लडाई लड्ने वेला आएको छ । मूलुकको अर्थतन्त्रको मेरूदण्डनै उद्योग व्यवसाय भएकोले अव हामी औद्योगिकरण तर्फ अगाडि वढ्नु पर्छ । करीब ४० वर्ष अगाडि आर्थिक रूपमा हामी भन्दा कमजोर राष्ट्र पनि यही हाम्रो जस्तै चरण पार गरेर नै गएका छन त्यसैले अव हामीले पनि फड्को मार्न जरूरी छ हालैको नाकाबन्दीले पनि हामी नेपालीलाई पाठ सिकाएको छ, हाम्रो आखा खोलीदिएको छ । हामी आत्मनिर्भर नबन्दाको अवस्था छर्लङ्ग भएको छ त्यसैले देशमा भएका साधन र श्रोत अधिकतम प्रयोग गरी स्वदेशमै उद्योग धन्दाको विकास गर्नुपर्छ आत्म निर्भर वन्नु पर्छ भन्ने अठोटका साथ सकारात्मक सोचका साथ अगाडि बढौं यसमा सरोकारवालाले साथ दिनुस उद्योग मन्त्रालय नेतृत्व लिन तयार भनि उद्यमीहरूलाई हौसला प्रदान गर्नुभएको थियो ।

उक्त कार्यक्रममा पूर्व मुख्य सचिव लिलामणी पौडेलले उक्त औद्योगिक प्रदर्शनीमा शुभकामना मन्तव्य पठाउनु भएको थियो । उद्योग सचिव श्री सूर्य प्रसाद सिलवालले सरकारले उद्योगलाई सम्वोधन गर्ने कुरामा विश्वास दिलाउदै गुणस्तरीय सस्तो र बढी परिमाणमा वस्तु उत्पादन गर्न आग्रह गर्नुभयो ।

लघु घरेलु तथा साना उद्यमीलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा विस्तार तथा प्रवर्द्धन गर्न, नेपाली औद्योगिक उत्पादनवारे आम उपभोक्ताहरु बीच परिचित गराउने उद्देश्यका साथ ७५ वटै जिल्लाका उद्यमीहरूलाई एकत्रित गरी सञ्चालन भएको उक्त प्रदर्शनीमा ६९ वटा जिल्लाका उद्यमीहरूको सहभागीता रहेको थियो भने ३०० वटा स्टल निर्माण गरिएको थियो ।

मिति २०७२।११।४ देखी ९ सम्म चलेको यो औद्योगिक प्रदर्शनीमा सहभागी विभिन्न विषयका उद्यमीहरु संग ४ विषयमा अन्तरक्रिया पनि गरिएको थियो ।उद्यमीहरूलाई उद्योग धन्दा सञ्चालनमा नवीकरणीय उर्जा प्रयोग सम्वन्धी जानकारी गराउने उद्देश्यले बैकल्पीक उर्जा कार्यालयले अन्तरक्रिया गरी विद्युत प्रसार लाइन नपुगेको, कुनै पनि नवीकरणीय उर्जा प्रविधि पुगेको स्थानमा उद्योग व्यवसाय विकास गर्नका लागि प्राविधि र अनुदान सहयोग दिने गरिन्छ । नवीकरणीय उर्जा उपलब्ध गराउने वारे बैकल्पीक उर्जाका सुवास कुंवरले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने वाग्लुङ, वाजुरा, दार्चुला, संखुवासभा, हुम्ला, झापा, जुम्ला, बैतडी, प्यूठान, ताप्लेजुङ, गुल्मीका विभिन्न विषयका कागज, दालमोठ, स्याउका चाना उद्योग,सुपारीको बोक्राबाट प्लेट टपरी बनाउने उद्योग, गलैंचा उद्योग, सिस्नु पाउडर उद्योग, सेरामिक्स उद्योग खाडी उद्योगका प्रोपाइटरले राखेका जिज्ञासाको बैकल्पीक उर्जा प्रवर्द्धन केन्द्रका कार्यक्रम निर्देशक राजु लौडारीले सम्वोधन गर्नु भएको थियो । उक्त कार्यक्रम उद्यमीहरूका लागि निकै उपलव्धीमूलक रहेको कुरा उद्यमीबाट व्यक्त भएको थियो ।

२०७२।११।५ गते गुणस्तर तथा नापतौत विभाग संग अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको थियो जसमा उद्यमीहरूले आफूनो वस्तु कसरी गुणस्तरको हुन्छ भन्ने कुरामा संधै ध्यान दिनुपर्छ कच्चा पदार्थ खरिद गर्दा देखिबाट नै गुणस्तरमा ध्यान दिएर नियमित रूपमा सोही गुणस्तरको वस्तु उत्पादन गर्नुपर्छ । उपभोक्ताको Feedback लाई संधै ध्यान दिनुपर्छ, उत्पादित वस्तु विग्रियो भने

त्यसलाई बजारमा पठाउनु हुंदैन । गुणस्तर र मूल्यलाई संधै ध्यान दिनुपर्छ भन्ने कुराको उद्यमीलाई जानकारी गराइएको थियो ।

यसैगरी सोही प्रदर्शनी अवधि भित्रै मिति २०७२।११।८ गते विहान ७.०० वजे देखी महिला उद्यमशिलता विकास कोष सम्वन्धी अन्तरक्रिया कार्यक्रम नेपाल पर्यटन वोर्डमा सञ्चालन भएको थियो ।




जसमा महिला उद्यमीहरूको मात्र सहभागीता थियो । उक्त अन्तरक्रिया कार्यक्रममा घरेलु विभागका महानिर्देशक नारायण प्रसाद बिडारीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । महिला उद्यमीहरूलाई विना धितो ५ लाख रूपैया सम्म उद्योगमा लगानी गर्नका लागि ऋण प्रदान र उक्त ऋण वाणिज्य बैंकहरूबाट उपलब्ध हुने जसको व्याज ६ प्रतिशत हुने र समयमै ऋण चुक्ता गर्ने उद्यमीलाई अफ १ प्रतिशत व्याज छुट दिने जस्ता कुराहरूवारे जानकारी गराउनु भएको थियो ।

उक्त अन्तरक्रियामा नवलपरासी, ताप्लेजुङ, काभ्रे, काठमाण्डौका उद्यमीहरूले आफ्ना जिज्ञासा राखेका थिए । उद्योग मन्त्रालयका सह सचिव यामकुमारी खतिवडाले उद्यमीहरूका विभिन्न जिज्ञासाहरु समेट्दै महिला उद्यमीले यस कोषको सदुपयोग गरी उद्योग प्रवर्द्धन गर्न सकेमा यसको रकम वृद्धि हुंदै जाने र हाल २६ जिल्लामा लागू भएको यो कार्यक्रम ७५ वटै जिल्लामा लाने योजना रहेको वताउनु भएको थियो ।

सोही औद्यागिक प्रदर्शनी अवधिमै २०७२।११।९ गते विहान व्यापार प्रवर्द्धन केन्द्रको आयोजनामा "अन्तरराष्ट्रिय व्यापार मेलाहरूमा सफल व्यवसायीहरूले चाल्नु पर्ने पाइलाहरु" विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।




उक्त कार्यक्रममा व्यापार प्रवर्द्धन केन्द्रका गणेश दाहालले कार्यपत्र प्रस्तुत् गर्नुभएको थियो । भुकम्प पछाडी नेपालमा अमेरिकाले ड्युटी फ्रि दिन थालेको र संसारका करीव ३० राष्ट्रले नेपाललाई सामान्य ग्राह्यता प्रणाली (जीएसपी) दिएको र यूरोपमा पनि नेपाली उत्पादनलाई कुनै Duty नलाग्ने कुरा व्यक्त गर्दै व्यापार प्रवर्द्धन केन्द्रका महानिर्देशक तेज सिं विष्टले उद्यमीहरूलाई आफ्नो उत्पादन विदेशमा निर्यात गर्न इच्छा भएका व्यक्तिलाई गुणस्तरीय वस्तु उत्पादन गरी पठाउन अनुरोध गर्दै निर्यात गर्दा फारामहरु सही ढांचामा भरेर पठाउनु पर्ने कुरा जानकारी गराउनु भएको थियो ।

यसरी उक्त २७ औं औद्योगिक वस्तु तथा प्रविधि प्रदर्शनी र उत्कृष्ट लघु घरेलु तथा साना उद्यमी पुरस्कार कार्यक्रममा सहभागी भएका उद्यमीहरु प्रदर्शनीमा सहभागी हुनका साथै विविध अन्य विषयमा पनि जानकारी हासिल गर्न पाएकोमा ज्यादै खुसी भएका थिए ।



६ दिनसम्म सञ्चालन भएको उक्त औद्यागिक प्रदर्शनीको समापन मिति २०७२।११।९ गते माननीय उद्योग मन्त्री सोमप्रसाद पाण्डेले गर्नु भएको थियो । उक्त समापन कार्यक्रममा माननीय उद्योगमन्त्री सोम प्रसाद पाण्डेले पुरस्कृत उद्यमीहरूलाई पुरस्कार रकम र प्रमाण पत्र वितरण गरी धन्यवाद ज्ञापन गर्दै उद्यमीहरूलाई हौसला प्रदान गर्नु भएको थियो उक्त प्रदर्शनीमा प्रदर्शीत वस्तुलाई विभिन्न १३ वस्तु समूहमा विभाजन गरी मूल्यांकन गरीएको थियो । प्रत्येक वस्तु समूहबाट उत्कृष्ट,द्वितिय र सान्त्वना पुरस्कार प्रदान गरिएको थियो भने सहभागी मध्य १ जनालाई सर्वोत्कृष्ट पुरस्कार र प्रमाणपत्र प्रदान गरिएको थियो भने सर्वोत्कृष्ट पुरस्कारको राशी रू. ३०,०००/-, उत्कृष्टको पुरस्कार राशी रू. २०,०००/-, द्वितीयको राशी रू. १०,०००/- र सान्त्वनाको राशी रू. ५,०००/- रहेको थियो । सहभागी जम्मा ६६ जनले पुरस्कार प्राप्त गरेका थिए । उक्त पुरस्कार प्राप्त गर्नेहरूको विवरण ।

| २७ औं राष्ट्रिय औद्योगिक वस्तु तथा प्रविधि प्रदर्शनी तथा उत्कृष्ट लघु, घरेलू तथा साना उद्यमी पुरस्कार कार्यक्रममा पुरस्कृत हुने उद्यमीहरूको विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | समुह : ढाका वस्तु तथा तयारी कपडा वस्तु समूह | | | | | | |
| | क्र.सं. | उद्यमीको नाम | उद्योगको नाम | ठेगाना | जिल्ला | Rank | रकम |
| | १ | अन्जु राई | पांचथर ढाका उद्योग | फिदिम २ | पांचथर | उत्कृष्ट | रु२००००। |
| | २ | हिरामाया दर्लामी मगर | लाङघाली ढाका कपडा उद्योग | मलायाडाडा ९ | उदयपूर | द्वितिय | रु१००००। |
| | ३ | ठान वहादूर वूढाथोकी | त्रिवेणी कपडा उद्योग | रुघा २ रुकुम | रुकुम | सान्त्वना | रु ५०००। |
| २ | समुह : पश्मीना, उनी तथा अन्य कपडा वस्तु समूह | | | | | | |
| | क्र.सं. | उद्यमीको नाम | उद्योगको नाम | ठेगाना | जिल्ला | Rank | रकम |
| | १ | निर्मला लिम्वू | यूमा खाडी कपडा उद्योग | फूङलिङ ६, | ताप्लेजूङ | उत्कृष्ट | रु२००००। |
| | २ | मदन श्रेष्ठ | कान्तिपूर पश्मिना आर्टस | ललितपूर १६ | ललितपूर | द्वितिय | रु१००००। |
| | ३ | विमला न्यौपाने | अरुण विमल हाते होजीयारी उद्योग | टोखा ८ | काठमाडौं | सान्त्वना | रु ५०००। |
| ३ | समुह : कृषि तथा वनजन्य वस्तु समूह | | | | | | |
| | क्र.सं. | उद्यमीको नाम | उद्योगको नाम | ठेगाना | जिल्ला | Rank | रकम |
| | १ | माधवप्रसाद रिजाल | नानीदेमा अर्गानिक प्लेट उद्योग | वूधवारे ५ | झापा | उत्कृष्ट | रु२००००। |
| | २ | दिलबहादूर राना | फिक्सीको हर्वल कस्मेटीक उद्योग | गोठादी ९ | पाल्पा | द्वितिय | रु१००००। |
| | ३ | सूकन रसाइली | मार्फा फलफूल तरकारी प्रशोधन उद्योग | मार्फा गा.वि.स.१ | मूस्ताङ | सान्त्वना | रु ५०००। |
| | ४ | ओम प्रकास गरुङ | रोयल पोखरा मल्टी ट्रेड लिकं प्रा.लि. | धापासी ९ | काठमाण्डौं | सान्त्वना | रु ५०००। |
| | ५ | अम्वरवहादूर तारामी मगर | हिमालयन मौरीपालन उद्योग | विरेन्द्रनगर ११ | सूर्खेत | सान्त्वना | रु ५०००। |
| ४ | समुह : प्राकृतिक रेशाजन्य कपडा तथा अन्य वस्तु समूह | | | | | | |
| | क्र.सं. | उद्यमीको नाम | उद्योगको नाम | ठेगाना | जिल्ला | Rank | रकम |
| | १ | नरेन्द्रकूमार राई | संखूवासभा अल्लो उनी तथा सूति कपडा | खांदवारी १ | संखूवासभा | उत्कृष्ट | रु२००००। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २ | नरेन्द्रसिह धामी | भूमिराज अल्लो प्रशोधन तथा साभा सुविधा केन्द्र | खार ३ | दार्चुला | द्वितिय | रु१००००। |
| | ३ | गिता आचार्य | रोल्पा सामूदायिक अल्लो धागो | लिवाङ ७ | रोल्पा | सान्त्वना | रु ५०००। |
| | ४ | वृद्ध रोकाया | घद्लादेवी अल्लो भांग्रो उद्योग | दहकोट ६ | वाजुरा | सान्त्वना | रु ५०००। |
| ५ | समुह : बांस तथा निगालोजन्य वस्तु समूह | | | | | | |
| | क्र.सं. | उद्यमीको नाम | उद्योगको नाम | ठेगाना | जिल्ला | **Rank** | रकम |
| | १ | केवल मानन्धर | अंशु वेम्वो ह्याण्डिक्राफट | प्रसनौ ७ | वारा | उत्कृष्ट | रु२००००। |
| | २ | गुमानसिं घर्तिमगर | विजयवांस हस्तकला उद्योग | प्यूठान १३ | प्युठान | द्वितिय | रु१००००। |
| | ३ | पवित्रा चौधरी | पञ्चशिल हस्तकला केन्द | नेपालगञ्ज १२ | बाके | सान्त्वना | रु ५०००। |
| ६ | समुह : धातुबाट निर्मित गहना तथा अन्य कलात्मक वस्तु समूह | | | | | | |
| | क्र.सं. | उद्यमीको नाम | उद्योगको नाम | ठेगाना | जिल्ला | **Rank** | रकम |
| | १ | गोकुल विश्वकर्मा | सविन खुकुरी उद्योग | धनकुटा ४ | धनकुटा | उत्कृष्ट | रु२००००। |
| | २ | पूर्ण वहादुर विश्वकर्मा | भोजपुरे खुकुरी ह्याण्डी क्राफ्ट | सुर्यविनायक ५ | भक्तपुर | द्वितिय | रु१००००। |
| | ३ | सन्तोष सुनार | न्यु भोजपुरे खुकुरी तथा कृषि औजार उद्योग | भोजपुर ३ | भोजपुर | सान्त्वना | रु ५०००। |
| | ४ | मणिराम कामी | राप्ती खुकुरी उद्योग | तुलसिपुर ६ | दाङ | सान्त्वना | रु ५०००। |
| ७ | समुह : काष्ठकला वस्तु समूह | | | | | | |
| | क्र.सं. | उद्यमीको नाम | उद्योगको नाम | ठेगाना | जिल्ला | **Rank** | रकम |
| | १ | गणेशमान राजचल | भक्तपुर कारपेन्टर उड क्राफ्ट | सूर्यविनायक ५ | भक्तपुर | उत्कृष्ट | रु२००००। |
| | २ | अमिता प्रधान शिल्पकार | साई इन्टेरियस | ललितपुर १४ | ललितपुर | द्वितिय | रु१००००। |
| | ३ | कूल बहादूर पुन | पुन हस्तकला उद्योग | मूलखोला ९ | सल्यान | सान्त्वना | रु ५०००। |
| ८ | समुह : उनी गलैचा तथा राडी पाखी वस्तु समूह | | | | | | |
| | क्र.सं. | उद्यमीको नाम | उद्योगको नाम | ठेगाना | जिल्ला | **Rank** | रकम |
| | १ | सुमीत्रा ऐरी | श्रृजना गलैचा उद्योग | दशरथ १ | वैतडी | उत्कृष्ट | रु२००००। |
| | २ | हर्कमाया गुरुङ | श्रृजनसिल राडीपाखी समूह | फुडलिङ ६ | ताप्लेजुङ | द्वितिय | रु१००००। |
| | ३ | गंगाराम गुरुङ | स्वस्थानी राडीपाखी उद्योग | सिद्धिचरण १३ | ओखलढुगा | सान्त्वना | रु ५०००। |
| ९ | समुह : हाते कागज वस्तु समूह | | | | | | |
| | क्र.सं. | उद्यमीको नाम | उद्योगको नाम | ठेगाना | जिल्ला | **Rank** | रकम |
| | १ | चित्र वहादुर तिलिजा पुन | हिमान्चल हाते कागज तथा हस्तकला उद्योग | राम्चे २ | म्याग्दी | उत्कृष्ट | रु२००००। |
| | २ | वाङछु शेर्पा | पुग्मेची नेपाली हाते कागज उद्योग | दुधकुण्ड १ | सोलुखुम्वु | द्वितिय | रु१००००। |
| | ३ | नरेन्द्रवहादुर जेठारा | कालिका सामुदायिक नेपाली हातेकागज | दातोला ९ | वभाङ | सान्त्वना | रु ५०००। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | समुह : खाद्य तथा पेय पदार्थ वस्तू समूह | | | | | |
| | क्र.सं. | उद्यमीको नाम | उद्योगको नाम | ठेगाना | जिल्ला | Rank | रकम |
| | १ | नारायण प्रसाद राई | मातृभुमि टिस्टेट प्रा.लि. | सिंहदेवी ५, | मोरङ | उत्कृष्ट | रु२००००। |
| | २ | हिमालकूमार श्रेष्ठ | हिमालयन फलफुल प्रशोधन | धून्चे ५ | रसूवा | द्वितिय | रु१००००। |
| | ३ | विमला कूमारी काफले | कोशेली डेरी उद्योग | कमलामाई ६ | सिन्धूली | सान्त्वना | रु ५०००। |
| ११ | समुह : प्रविधि वस्तू समूह | | | | | |
| | क्र.सं. | उद्यमीको नाम | उद्योगको नाम | ठेगाना | जिल्ला | Rank | रकम |
| | १ | यूवक के.सी | किसान उर्जा प्रा.लि.(Incubation) | काठमाडौ ३५ | काठमाण्डौं | उत्कृष्ट | रु२००००। |
| | २ | रामनाथ अधिकारी | रेशम धागो कपडा उद्योग | वैरेनी ८ | धादिङ | द्वितिय | रु१००००। |
| १२ | समुह : छाला वस्तू समूह | | | | | |
| | क्र.सं. | उद्यमीको नाम | उद्योगको नाम | ठेगाना | जिल्ला | Rank | रकम |
| | १ | ईन्द्रवहादूर सार्की | वयलकोटी सू सेन्टर | नारायण १ | दैलेख | उत्कृष्ट | रु२००००। |
| | २ | चम्पा नेपाल | चम्पा शू सेन्टर | विराटनगर ६ | मोरङ | द्वितिय | रु१००००। |
| | ३ | दिपा ढकाल | नमस्ते शू सेन्टर | भूमिस्थान ६ | धादिङ | सान्त्वना | रु ५०००। |
| १३ | समुह : विविध वस्तू समूह | | | | | |
| | क्र.सं. | उद्यमीको नाम | उद्योगको नाम | ठेगाना | जिल्ला | Rank | रकम |
| | १ | निलम शाकय | त्रियोग डल्स | काठमाण्डौ १५ | काठमाण्डौं | उत्कृष्ट | रु२००००। |
| | २ | गोमा ढकाल | रेन्वो ह्याण्डीक्राफट उद्योग | पोखरा ६ | कास्की | द्वितिय | रु१००००। |
| | ३ | पदम वहादूर मूखिया | गूल्मी सेरामिकस उद्योग | अमरपूर १ | गूल्मी | सान्त्वना | रु ५०००। |
| | ४ | पारिता सिंह | वहिरा महिलाका श्रृजनशिल हातहरू | ललितपूर १९ | ललितपूर | सान्त्वना | रु ५०००। |
| | ५ | विसन तामाङ | विनू म्युजिक सेन्टर | आवूखैरेनी ६ | तनहू | सान्त्वना | रु ५०००। |
| | ६ | गोपाल प्रसाद पाण्डे | फर ईभर जेम्स एण्ड ज्वेलरीज | विरेन्द्रनगर ११ | सूर्खेत | सान्त्वना | रु ५०००। |
| १४ | समुह : महिला उद्यमी समूह | | | | | |
| | क्र.सं. | उद्यमीको नाम | उद्योगको नाम | ठेगाना | जिल्ला | Rank | रकम |
| | १ | नीरा वैद्य | नीरा ह्याण्डी क्राफ्ट | काठमाण्डौं ७ | काठमाण्डौं | उत्कृष्ट | रु२००००। |
| | २ | रत्नेश्वरी कूमारी गोर्खाली | रत्न सिल्भर क्राफ्ट | काठमाण्डौं २९ | काठमाण्डौं | द्वितिय | रु१००००। |
| | ३ | मिनू कूमारी मगर | गोल्माटार ढाका उद्योग | रामेछाप २, | रामेछाप | सान्त्वना | रु ५०००। |
| | ४ | कमलाकूमारी पूलामी मगर | कमला ढाका उद्योग | मानेभन्ज्याङ ९ | ओखलढूगा | सान्त्वना | रु ५०००। |
| | ५ | जूना घिमीरे | सल्लेपिर अपांग हस्तकला उद्योग | पाखिवास ६ | धनकूटा | सान्त्वना | रु ५०००। |
| १५ | समुह : लघू उद्यमी समूह | | | | | |
| | क्र.सं. | उद्यमीको नाम | उद्योगको नाम | ठेगाना | जिल्ला | Rank | रकम |
| | १ | कल्पिकूमारी चौधरी | त्रिवेणी पटेर अन्तर लघू उद्यमी उद्योग | कूडिया ५ | नवलपरासी | उत्कृष्ट | रु२००००। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २ | कविता योगी | यहोरा ढाका उद्योग | ओयाक्जुंग ९ | तेह्रथुम | द्वितिय | रु१००००। |
| | ३ | गणेदत्त जोशी | उनी सुति वस्त्र ढाका टोपी उद्योग | अपी न.पा ११ | दार्चुला | सान्त्वना | रु ५०००। |
| | ४ | मोहन वहादुर के.सी. | श्रृजनशिल वेतवाास फर्निचर उद्योग | राजापुर १२ | वर्दिया | सान्त्वना | रु ५०००। |
| | ५ | मेनुका पुन | खरवांग चिउरी हर्वल सावुन | वाग्लुंग न. पा. ३ | वाग्लुंग | सान्त्वना | रु ५०००। |
| **विभिन्न संघ संस्थाबाट प्रायोजित पुरस्कार** | | | | | | | |
| | क्र.सं. | उद्यमीको नाम | उद्योगको नाम | ठेगाना | जिल्ला | **Rank** | रकम |
| | १ | दिव्यतारा तुलाधर | अन्नपूर्ण हण्याडिक्राफ्ट | काठमाण्डौं ३० | काठमाण्डौं | सर्वोत्कृष्ट | रु३००००। |
| | २ | प्रमोद कुमार महतो | सम्राट सुज प्रा.लि | गोठाटार ७ | काठमाण्डौं | विशेष | रु१५०००। |
| | ३ | शान्ति वास्कोटा | कन्चजंगा टि स्टेट प्रा लि | फिदिम ३ | पाचथर | विशेष | रु१५०००। |
| | ४ | मिरा सुनुवार | ढाका हस्तकला तथा कढाई सामाग्री उद्योग | चौघडा ८ | नुवाकोट | विशेष | रु२००००। |
| | ५ | रामशरण लामिछाने | नेपाली छाला उद्योग | भोटेनाम्लाङ ८ | सिन्धुपाल्चोक | विशेष | रु२००००। |
| | ६ | नोरसाङ ग्याल्मो घलेनी | चिलिमे स्यामापांगाप उद्योग | चिलिमे १ | रसुवा | विशेष | रु२००००। |
| | ७ | शारदा रीजाल | मिलन नेपाल | कालीमाटी १४ | काठमाण्डौं | विशेष | रु२००००। |
| | ८ | वुद्धराज शाक्य | शाक्य ह्याण्डी क्राफ्ट | भोजपुर न.पा. १० | भोजपुर | विशेष | रु२००००। |
| | ९ | लोक बहादुर लामा | श्री डांडापारी कफि उत्पादन सहकारी संस्था | मिल्चे गा.वि.स. २ | काभ्रे | | रु ५०००। |
| | १० | विक्रम/बुद्धि कुमार राई | किनारबाबु डेरी उद्योग | आमचोक गा.वि.स.४ | इलाम | | रु ५०००। |
| | ११ | महेन्द्र कुमारी घर्तिमगर | निसी लघु उद्यम सिस्नो पाउडर | निसी गा.वि.स. ४ | बाग्लुङ | | रु ५०००। |
| | १२ | रामसिंह/प्रणय आङथुपो | एकतिन चिया प्रशोधन उद्योग | एकतिन गा.वि.स.३ | पांचथर | | रु ५०००। |

सोही कार्यक्रममा उद्योग सचिव श्री सूर्य प्रसाद सिलवालले ६ दिन सम्म चलेको प्रदर्शनीमा पुरस्कृत हुने उद्यमीहरूलाई बधाई ज्ञापन गर्दै आगामी दिनमा अझ उद्यमशीलता वृद्धि होस भन्ने शुभकामना दिंदै उद्यमीहरूलाई वस्तुको मूल्य र गुणस्तरमा ध्यान दिन आग्रह गर्दै सिप र कौशललाई प्रविधि संग जोड्नु पर्छ जसबाट उचित मूल्यमा वस्तु उत्पादन हुन सक्छ प्रविधिलाई आत्म साथ गरेमा आत्मनिर्भर बन्न सकिन्छ । उद्योग मन्त्रालयले उद्यमशीलता र सिप विकास, उद्योग प्रवर्द्धन गर्दै आएको छ र स्तर उन्नती गर्न मूल्य र गुणस्तर राम्रो बनाउन सहयोग गर्न सरकारले के गर्नुपर्छ महासंघ,संगठित संस्था मार्फत माग गर्नुस उद्योग मन्त्रालय संधै सहयोग गर्न तयार छ भनि प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सोही कार्यक्रममा माननीय सभासद जीवन कुमारी घिमिरेले नेपालको कला र संस्कृति अनुसार यस प्रर्दशनीमा सहभागी महिलाका सिप कला देखेर अत्यन्तै खुसी व्यक्त गर्दै आफ्नो देशमा उत्पादन भएका उत्पादनहरूको व्यापक प्रचारप्रसार गरी उद्योग प्रवर्द्धन गर्नुपर्ने कुरामा जोड दिनु भएको थियो ।

सोही कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका कार्यवाहक अध्यक्ष किशोर कुमार प्रधानले स्वदेशी उत्पादन स्वदेशमै खपत गरी नेपालीलाई स्वाभिमानी बनाउन सवै नेपाली एकजुट हुनुपर्ने र उद्योग सम्वन्धी सम्पूर्ण समस्याहरु उद्योग मन्त्रालयबाटै समाधान हुनुपर्ने कुरामा जोड दिनुभएको थियो भने नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्श, नेपाल हस्तकला महासंघका विभिन्न पदाधिकारीहरूले आफ्नो धारणा व्यक्त गर्नु भएको थियो ।

पुरस्कृत उद्यमीहरूबाट, पुरूष उद्यमीका तर्फबाट मातृभूमि टि–स्टेट प्रा.ली.मोरङका प्रो.नारायण राई र महिला उद्यमीका तर्फबाट निर्मला खाडी उद्योग ताप्लेजुङका प्रो. निर्मला लिम्बुले नेपालीहरूले संवेदनशील बनेर स्वदेशी उत्पादन प्रयोग गर्नु पर्ने र उद्यमीलाई सुलभ ऋण उपलव्ध गराउनुपर्ने कुरा माग गर्नु भएको थियो ।

## घरेलु तथा साना उद्योग विकास समिति सिन्धुपाल्चोक

घरेलु तथा साना उद्योग विकास समिति सिन्धुपाल्चोक शाखाले भुकम्प प्रभावितहरूलाई आत्मनिर्भरताका लागि पुर्ननिर्माणमा सक्षम बनाउनको निमित्त विभिन्न विषयहरूमा तालिम सञ्चालन गरेको छ । कार्यालयबाट विद्युत जडान, प्लम्वीङ, कपाल काट्ने, सिकर्मी जस्ता विषयका विशेष तालिम सञ्चालन गरी समापन भएको छ ।

कार्यालय प्रमुख कल्पना शर्मा अधिकारीका अनुसार भुकम्प प्रभावितहरूका लागि आत्मनिर्भरता एंव रोजगारीका लागि दक्ष बनाउने योजना सहित सञ्चालन भएका विभिन्न विषयसँग सम्वन्धित तालिमहरु मध्ये विद्युत जडानसम्वन्धी ४० जना, कपाल काट्ने तालिम २० जना, सिकर्मी २३ जनाले तालिममा सहभागिता जनाएका थिए ।

## शाखा कार्यालय सल्यान

घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय सल्यानको यस वर्षको वार्षिक कार्यक्रम अनुसार उद्योग प्रवर्द्धन कार्यक्रम अन्तर्गत क्यालेण्डर प्रकाशन गरी कार्यक्रम सञ्चालन गरेको छ भने उद्योग प्रवर्द्धन समन्वय समितिको वैठक सम्पन्न भईसकेको छ । सल्यान जिल्लामा यस आ.व. मा नियमित कार्यक्रम अन्तर्गत १३० जना र मेड्पा कार्यक्रम अर्न्तगत २१० जना गरि जम्मा ३४० जना उद्यमी सिर्जना गर्ने लक्ष्य रहेको जसमा एकल महिला, जनजाती, दलित, भिन्न क्षमता भएका व्यक्तिहरु , परम्परागत सिपमा आधारित व्यक्तिहरूलाई लक्षित गरि कार्यक्रम सञ्चालन गरिएको कुरा सो कार्यालय जनाएको छ ।

त्यसैगरी उद्योग प्रशासन तर्फ कृषि तथा बनजन्यमा आधारित जस्तैः बाख्रापालन,तरकारी खेती, नर्सरी, भैसीपालन, फर्निचर जस्ता २७ वटा उद्योग दर्ता भएका छन् । भने २८ वटा उद्योग नविकरण भएका छन् । त्यसैगरी वाणिज्य प्रशासन तर्फ किराना पसल, कोल्ड स्टोर, फेन्सी, खाद्यान्न, गल्ला खरिद सम्वन्धी ७३ वटा वाणिज्य फर्म दर्ता भएका छन भने वाणिज्य तर्फ २८ वटा नविकरण भएका कुरा कार्यालयले जनाएको छ ।

## शाखा कार्यालय धादिङ

घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय धादिङगको आयोजनामा ४५ दिने रेशम धागो कटाई तालिम वैरेनि गाविसमा सम्पन भएको छ । तालिम समापन कार्यक्रममा घरेलु तथा साना उद्योग विकास समिति संचालक समितिका अध्यक्ष जगन्नाथ नेपाल, घरेलु तथा साना उद्योग विकास समितिका निमित्त कार्यकारी निर्देशक निलम ताम्राकार लगायतकाको उपस्थिति रहेको थियो ।

घरेलु तथा साना उद्योग विकास समिति संचालक समितिका अध्यक्ष जगन्नाथ नेपालले सिकेको सिपलाई व्यवहारमा लागु गरेमा जिविकोपार्जन गर्दे स्वरोजगार वन्न सकिने बताउनुभयो ।

समितिका निमित्त कार्यकारी निर्देशक निलम ताम्राकारले सिकेको सिपलाई अधिकत्तम रूपमा प्रयोग गर्ने हो भने स्वदेशमा नै राम्रो आम्दानी गर्न सकिने र विदेश जान नपर्ने धारणा व्यक्त गर्नुभयो । समितिका शाखा कार्यालय धादिङगका कार्यालय प्रमुख विजयकुमार भटराईले रेशम धागोबाट कपडाहरु निर्माण गर्दै राम्रो आम्दानी गर्न सकिने बताउनुभयो ।

## शाखा कार्यालय पर्वत

घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय पर्वतको चालु आ.व.२०७२।०७३ को वार्षिक कार्यक्रम अनुसार खानीगाउ गा.वि.स.मा उद्यमी विकास कार्यक्रम अन्तरगत १ महिने कफी प्रशोधन तथा प्याकेजिङ तालिम सम्पन्न भएको छ । तालिमका सहभागीहरूलाई घरेलु तथा साना उद्योग विकास समिति पर्वतका प्रमुख उद्योग अधिकृत केदार प्रसाद शर्माले एक समारोहका वीच प्रमाण वितरण गर्नु भएको थियो । सो अवसरमा वोल्दै उहांले व्यवसायीक रूपमा वषौं देखि कफि उत्पादन,संकलन प्रशोधन बजारीकरणमा लागेका पल्परकर्तालाई उद्यमीको रूपमा प्रमाण पत्र दिन पाएकोमा खुसी व्यक्त गर्नु हुँदै कफि खेतीलाई व्यवसायीक रूपमा अगाडि बढाउदै उत्पादीत कफिलाई प्रशोधन र बजारीकरण गर्न सकेमा उद्यमी कृषकलाई धेरै लाभ हुने धारणा राख्नु भएको थियो । कार्यक्रममा तालिमका प्रशिक्षक एवं जिल्ला कफि व्यवसायी संघका अध्यक्ष भवानी प्रसाद शर्माले व्यवसायीक कफी खेतीलाई गुणस्तरीय उत्पादन, प्रसोधन र भण्डारणको आवश्यकता रहेको वताउदै भौगोलिक र हावापानीका हिसावले पर्वत जिल्ला व्यवसायीक कफी उत्पादनको लागि नेपालकै अग्रणी जिल्लाको रूपमा रहेको बताउनु भएको थियो । कार्यक्रममा खानीगाउ गा.वि.स.का सचिव सूर्यप्रकाश लामिछाने, सहजकर्ता दुर्गा प्रसाद रेग्मीले कार्यक्रमको वारेमा बोल्नु भएको थियो । उक्त तालिममा खानीगाउ, देवीस्थान, शंकरपोखरी, पाङराङ, ठानामौला, लिमिठाना, कुर्घा गा.वि.स.का ३ जना महिला र ९ जना पुरूष गरी जम्मा १२ जना कफि पल्परकर्ताको सहभागीता रहेको थियो । तालिममा कफीको कांटछांट कफी टिपाई, पल्पीङ, फर्मन्टेशन, सुकाई, भण्डारण, हलिङ रोष्टिङ, ग्राण्डीङ प्याकेजिङका साथै पकाउने विधिका वारेमा १ महिना प्रशिक्षण दिइएको थियो । तालिममा प्रयोग भएका मेशिन औजार कार्यालयको नियमानुसार ६० प्रतिशत छुट गरि जिल्ला कफि व्यवसायी संघ पर्वतको रोहवरमा सम्वन्धित प्रशिक्षार्थीलाई वितरण गर्ने व्यवस्था समेत मिलाइएको थियो ।

यसैगरी उद्योग प्रवर्द्धन कार्यक्रम अन्तर्गत कुश्मा न.पा.वडा नं.१० गोदाममा ३ महिने सिलाई कटाई

तालिम १० जना महिलालाई प्रदान गरियो । सो अवसरमा कुस्मा न.पा.का कार्यकारी अधिकृत श्री चण्डी प्रसाद पौडेलले एक समारोहका बिच प्रमाण पत्र वितरण गर्दै सिकेको सीपलाई व्यवसायमा लगाउन आग्रह गर्न भयो भने प्रमुख उद्योग अधिकृत केदार प्रसाद शर्माले तालिम पश्चात उद्योग सञ्चालन गरी आयआर्जन गर्न शुरू गरेको खण्डमा कार्यालयले आगामी दिनमा पनि डिजाइन तालिम र प्रविधिमा सहयोग गर्ने कुरा स्पष्ट पार्नु भएको थियो भने उक्त तालिममा १० जना महिलाको सहभागीता रहेको थियो ।

यसैगरी रेशाजन्य वस्तु विकास केन्द्र अन्तरगत अल्लो धागो कताई तथा बुनाई १२ जना महिला र युवा स्वरोजगार तालिम कार्यक्रम अन्तरगत १४ जना महिलालाई १ महिने कृष्टल सामग्री बुनाई तालिम सम्पन्न भएकोले संयुक्त रूपमा प्रमाण पत्र वितरण गर्नुहुंदै पर्वत उद्योग वाणिज्य संघका अध्यक्ष हरिओम शर्मा लामिछानेले घरेलु तथा साना उद्योग विकास समितिले जिल्लाका बेरोजगार युवा युवतीलाई यस प्रकारको आयमूलक तथा रोजगारमूलक तालिम प्रदान गरेर उनीहरूको आय आर्जनमा थप सहयोग गरेकोमा कार्यालयलाई धन्यवाद दिनुहुंदै आगामी दिनमा तालिममा सिकेको सीपलाई उद्योगको रूपमा विकास गरि उत्पादित सामाग्री बजारसम्म पुरयाई आयआर्जन गर्न सल्लाह दिनुभयो साथै उहांले बजारीकरणको लागि पर्वत उद्योग वाणिज्य संघ सदैव सहयोग गर्न तत्पर रहेको समेत व्यक्त गर्नुभयो । सो अवसरमा घरेलु तथा साना उद्योग महासंघका अध्यक्ष एवं पर्वत उद्योग वाणिज्य संघका उपाध्यक्ष श्री शिव शर्मा पौडेलले तालिम लिएर मात्र हुंदैन व्यवहारमा उर्तान सकियो भने मात्र तालिम लिएको सार्थकता हुने साथै उद्योग प्रवर्द्धनमा महासंघले आवश्यक सहयोग गर्ने कुरा व्यक्त गर्नुभयो भने सोही अवसरमा प्रमुख उद्योग अधिकृत श्री केदार शर्माले तालिम सिक्ने मात्र नभई उद्यमी बन्न आग्रह गर्नु हुंदै कार्यालयले प्रविधि हस्तान्तरण देखि स्तरउन्नती डिजाइन वितरण आदिमा समेत सहयोग गर्ने बताउनु भएको थियो ।

यसैगरी लक्षीत वर्ग कार्यक्रम अन्तरगत रानीपानी गा.वि.स.मा २ महिने बुटिक तालिम सञ्चालन भई सम्पन्न भएको छ । दलित, जनजातीमा आधारित रानीपानी,शालिकराम,वर्राचौर गा.वि.स.का गरी १२ जना महिलालाई सञ्चालन भई सम्पन्न भएको थियो भने हुवास गा.वि.स.मा युवा लक्षित कार्यक्रम अन्तरगत ३ महिने हाउस वायरिङ तालिम १४ जना पुरूषलाई सञ्चालन भई रहेको छ । भने आर्थर गा.वि.स.मा उद्योग प्रवर्द्धन कार्यक्रम अन्तरगत स्थानीय जनकल्याण महिला समूह र घरेलु विकास समिति,पर्वतको आयोजनामा १० जना महिलालाई २ महिने बुटिक तालिम सञ्चालन भैरहेको छ ।

यसैगरी शाखा कार्यालय पर्वतको आ.व. ०७२/०७३ श्रावण देखि फागुन महिना सम्ममा उद्योग दर्ता ११० वटा, नविकरण ६४ वटा, वाणिज्य दर्ता १६१ वटा, नविकरण ८१ वटा भएका छन भने सोबाट कूल राजश्व रू.१७ लाख संकलन भएको छ ।

### शाखा कार्यालय म्याग्दी

घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय म्याग्दीको आ.व. ०७२/०७३ को वार्षिक कार्यक्रम अनुसार उद्यमी विकास कार्यक्रम अन्तरगत कुइने मंगले गा.वि.स.मा महिला १० पुरूष १ गरी जम्मा ११जना प्रशिक्षार्थीलाई ३ महिने अल्लो धागो प्रशोधन तथा बुनाई, उद्योग प्रवर्द्धन कार्यक्रम

अन्तरगत बेनी न.पा.मा ३ महिला र ९ पुरूष गरी जम्मा १२ जनालाई १ महिने मुढा बुनाई, चिमखोला गा.वि.स.मा १२ जना महिलालाई ३ महिने अल्लो धागो प्रशोधन तथा बुनाई, स्थापित उद्यमीहरूको स्तरोन्नती कार्यक्रम अन्तर्गत ६ जना महिलालाई ३ महिने ढाका बुनाई, तालिम सञ्चालन भई सम्पन्न भएको थियो ।

यसैगरी सीप विकास तथा रोजगार कार्यक्रम(भिन्न क्षमता भएका एकल महिला,दलित,जनजाती समेत) अन्तर्गत बाबियाचौर गा.वि.स.मा १० मा जना महिलालाई ३ महिने सिलाई कटाई तालिम सञ्चालन भईरहेको छ भने युवा उद्यमशीलता तथा औद्योगिक जनशक्ति विकास कार्यक्रम अन्तर्गत दरवाङ गा.वि.स.१० जना पुरूषलाई ३ महिने हाउस वायरिङ तालिम सम्पन्न भएको छ । वेनी न.पा.मा ३महिने हाते होजियरी तालिम सञ्चालन भैरहेको छ, त्यसैगरी प्राविधिक परामर्श तथा औद्योगिक सचेतना ८२ जनालाई दिइएको थियो भने उद्योग वाणिज्य तर्फ उद्योग दर्ता संख्या ७९ वटा ,नविकरण २३ वटा र वाणिज्य दर्ता ८८ वटा र वाणिज्य नविकरण २ वटा भएका छन् भने रू.११,३४,९७५।-राजश्व संकलन भएको छ ।

## शाखा कार्यालय ओखलढुंगा

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सम्वन्धि सरोकारवाला निकाय एंव संघ संस्थालाई एक दिने अभिमुखिकरण कार्यक्रम घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय ओखलढुंगाको आयोजनामा मंसिर १० गते सम्पन्न भएको छ । अभिमुखिकरणको उद्घाटन सभासद् सकुन्तला राजभण्डारीले गर्नुभएको थियो ।

कार्यक्रममा सभासद राजभण्डारीले गरीबीको रेखामुनि रहेका जनतालाई गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम प्रभाबकारी रहेको बताउनुभयो । यसबाट गरिवी निवारण गर्ने र स्वावलम्वन वनाउन भुमिका खेलेको चर्चा गर्दै राजभण्डारीले भन्नुभयो,'गरीवि न्युनिकरण गर्न एक घर एक उद्यमी निर्माण गर्ने कार्यक्रम महत्वपूर्ण रहेकाले ओखलढुंगामा रहेका कच्चा पदार्थलाई अधिकतम रूपमा प्रयोग गर्दै उद्यमी सृजनाका लागि सहयोगी भूमिका खेल्ने छौ ।'

उद्योग मन्त्रालयका सहसचिव यामकुमारी खतिवडाले गरीवी निवारण लागि लघु उद्यम विकास कार्यक्रम उद्यमीको हितमा निकै प्रभाबकारी भएको उल्लेख गर्नुभयो । हालसम्म ७० हजार लघु उद्यमी रहेका र एक उद्यमी निर्माण गर्न तीन महिनादेखी ६ वर्षसम्म लाग्ने गरेको धारणा उहाँको छ । उद्यमी निर्माण गर्ने ६ चरणको कार्यक्रम निकै जटिल भएकाले यसमा दातृ निकायको भुमिका महत्वपुर्ण रहेको सहसचिव खतिवडाले बताउनुभयो ।

घरेलु तथा साना उद्योग विकास समितिका का.मु.उपकार्यकारी निर्देशक राजेन्द्र मिश्रले लघु उद्यम विकास कार्यक्रमले गरीविका रेखामुनी रहेका जनताको आम्दानी बढाउने र रोजगारीको अवसर प्रदान गर्दै आएको बताउनुभयो । कार्यक्रमले गाउँ घरकै स्रोत साधन परिचालन गर्दै नयाँ रोजगारीको अवसर सिर्जना गर्ने विश्वास व्यक्त गर्नुभयो ।

लघु, उद्यम विकास कार्यक्रमका राष्ट्रिय कार्यक्रम प्रवन्धक डा.रामजी न्यौपानेले लघु उद्योगहरूको

विकास भए ठुला उद्योग स्थापना गर्न सहयोग पुग्ने भएकाले ७५ वटै जिल्लाका प्रत्येक घरमा एक उद्यमी निर्माण गर्न आवश्यक रहेको बताउनुभयो । अव राजनीतिक पार्टीले प्रत्येक घरमा एक उद्यमी निर्माण गर्ने अभियानमा लाग्नुपर्ने समय आएको र लघु उद्यम मोडल मार्फत रोजगारी सृजना हुनुका साथै दक्ष उद्यमी निर्माण गर्न सकिने भनाइ उहाँको थियो ।

स्थानिय विकास अधिकारी सत्रुध्नप्रसाद पुडासैनीको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रमुख जिल्ला अधिकारी यादव सुवेदी, जिल्ला अदालत काठमाडौंका न्यायाधीश राजु खतिवडा, घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय ओखलढुंगाका उद्योग अधिकृत कपिल अधिकारी, नेपाल उद्योग वाणिज्य संघका उपाध्यक्ष पूर्णकुमार श्रेष्ठ लगायतले गरीवी न्युनिकरण गर्न लघु, घरेलु तथा साना उद्योगको भुमिका महत्वपुर्ण हुने धारणा व्यक्त गर्नुभयो । गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम ओखलढुंगामा पहिलो पटक लागू भएको हो ।

## शाखा कार्यालय ताप्लेजुङ्ग

घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय ताप्लेजुङगद्धारा जिल्लामा उद्यमीको आय आर्जनलाई बढवा दिन राडिपाखि, खाँडि कपडा, ढाका कपडा बुनाई, ब्युटिपार्लर, वेमौसमि तरकारी खेती, अल्लो कपडा बुनाई, हाउस वयरिङग, सिलाई कटाई, वंगुरपालन लगायतका कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् । यस्ता कार्यक्रमहरूबाट महिलाहरूले एकातर्फ मनग्ये आम्दानि गर्न सफल भएका छन् भने अर्को तर्फ आत्मनिर्भरताको सन्देश दिन सफल भएका छन् ।

घरेलु तथा साना उद्योग विकास समिति ताप्लेजुङ्गबाटै वेसिक तालिम लिएर व्यवसाय सञ्चालन गर्दै आएका उद्यमीहरूलाई २ महिने ब्युटिसियन एड्भान्स तालिम दिईएको छ । ताप्लेजुगका १२ जना महिलालाई आवश्यकता अनुसारको सिप प्रदान गर्न दक्ष कुशल प्रशिक्षक काठमाडौं देखि पठाइएको थियो । जिल्लामा तालिम लिएपछि व्यवसाय सञ्चालन गर्नेको संख्यामा एकातर्फ बृद्धि भएको छ भने अर्को तर्फ तालिमबाट जिवनमा ठुलो परिवर्तन आएको ब्युटिसियन लिला सुनुवारको अनुभव छ ।

विगतमा आफुसँग सिप नहुँदा गाउमा २ हजार पनि ऋण नपाएको र घर परिवारबाटै समेत अपहेलित हुनुपर्ने अवस्थालाई सिप सिकेपछि परिवर्तन हुँदै आयआर्जन गरी जिवन नै परिवर्तन भएको सिप सिक्दा फाईदा हुदै आएको र आफुले सिकेको सिपबाट राम्रो आम्दानी गर्न सफल भएको र व्यवसाय सञ्चालनका लागि ६० प्रतिशत अनुदानमा सामान घरेलुबाटै पाएको उद्यमी लिलामायाले बताउनुभयो ।

सिप विना निराश भएर वाच्नु पर्ने, वैदेशिक रोजगारीमा जानुपर्ने अवस्थाको अन्त्य सिप विकास तालिमले गरेको घरेलु तथा साना उद्योग विकास समिति ताप्लेजुगङका कार्यालय प्रमुख नबिन पौडेल बताउनुहुन्छ ।

गरिवि निवारण गर्न,उत्पादनलाई बृद्धि गर्न, स्वावलम्वन हुन, सिकेको सिप प्रयोग गरी उद्योग सञ्चालन गर्न घरेलु तथा साना उद्योग विकास समिति र लघु उद्यम विकास कार्यक्रम (मेडेप) ले उद्यमीलाई आवश्यक पर्ने प्रविधिहरु हस्तान्तरण गर्दै आवश्यकता अनुसारको तालिम दिईरहेको छ । आफुले सिकेको सिपलाई पैसामा रूपान्तरण गरी स्वावलम्वी र आत्मनिर्भर वन्न कुनै कठिन

छैन भन्ने उदारहण दिँदै ताप्लेजुङगका पौरखी उद्यमशिल महिलाहरूले आफुले सिकेको सिपलाई व्यवहारमा किन लागु नगर्ने ? भनि तालिम मात्र लिने होइन उद्यमी पनि बन्नुपर्छ भन्ने धारणाको विकास गरिरहेका छन् ।

## शाखा कार्यालय स्याङ्जा

घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय स्याङ्जाको चालु आर्थिक वर्ष २०७२।७३ को कार्यक्रम अनुसार तिनदोबाटे गाविसमा ७ दिन अवधिको मौरीपालन तालिम सञ्चालन भएको छ । सो तालिमको उद्घाटन घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय स्याङ्जाका प्रमुख उद्योग अधिकृत शिवशंकर बानियाँले गर्नुभयो ।

तिनदोबाटे गाविसमा २० वर्ष अगाडि देखि पुरानो प्रविधिको आधारमा मुढे घारमा मौरीपालन गर्दै आएका सो क्षेत्रका वासिन्दाको माग,मौरीपालन ब्यवसायको संभावनाको आधारमा १२ जनालाई मौरीपालन विषयको तालिमको माध्यमबाट दक्ष वनाई पूर्णरूपमा ब्यवसायिक मौरीपालन उद्योग तर्फ उन्मुख गराउने उदेश्यबाट तालिमको आयोजना गरिएको हो । तालिम पश्चात कार्यालयबाट नियमानुसार १० वटा आधुनिक मौरीघार लगायतका सामान उपलब्ध गराई नमूनाको रूपमा ब्यवसायिक उद्योगको सुरूवात गराइने छ । उक्त तालिममा सो गाविसका ४ महिला र ८ पुरूष गरि १२ जनाको सहभागिता रहेको थियो ।

घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय स्याङजाको चालु आव २०७२/०७३ को युवा उद्यमशिलता तथा औद्योगिक जनशक्ति विकास कार्यक्रम अन्तरगत पुतलीवजारमा सञ्चालन गरिएको ३ महिने प्लम्वीङ विषयको सीप विकास तालिमका सहभागिलाई स्याङजा उद्योग बाणिज्य संघका अध्यक्ष नवराज सुवेदीले एक समारोह विच प्रमाण पत्र वितरण गर्नु भयो । प्रमाण पत्र वितरण पश्चात मन्तब्य प्रकट गर्दै अध्यक्ष सुवेदीले वाणिज्य संघको समेत समन्वयमा घरेलु तथा साना उद्योग विकास समितिले आयोजना गरेको सीप विकास तालिमले स्थानिय स्तरमा आवश्यक रहेको जनशक्ति परिपूर्ति गर्न सहयोग पुग्ने कुरा वताउनु भयो ।

तालिम समापन कार्यक्रममा सहभागि सवैलाई कार्यालयको तर्फबाट स्वागत गर्दै घरेलु तथा साना उद्योग विकास समितिका प्रमुख उद्योग अधिकृत शिवशंकर बानियाँले रोजगारीको लागि भौतारिएर विदेशतर्फ उन्मुख भई रहेका युवा जनशक्तिलाई स्थानिय स्तरमा रोजगारीको अवसर सृजना गराउन यो सीप विकास तालिमले सहयोग पुऱ्याउने र तालिम पश्चात ब्यवसाय सञ्चालन गर्ने उद्यमीलाई कार्यालयबाट प्रदान गर्ने सेवा सुविधाको वारेमा जानकारी प्रदान गर्नु भयो ।

तालिम समापन कार्यक्रममा प्रशिक्षार्थीको तर्फबाट महदत्त शर्माले सीप विहीन भएको कारण रोजगारी नभएको, आम्दानीको श्रोत केही नभएका युवा समुहको सहभागिता गराई घरेलु समितिले प्रदान गरेको तालिम वेरोजगार युवाको लागि जीवनको वरदान सावित भएको र कार्यालयको सहयोगमा तालिम पश्चात प्लम्वीङ कार्यलाई ब्यवसायिक रूपमा सञ्चालन गर्ने सामुहिक प्रतिवद्धता जनाउनु भयो । सीप विकास तालिममा जिल्लाका विभिन्न न.पा. र गा.वि.स.बाट गरि १० जना युवाहरूको सहभागिता रहेको थियो । उद्योग बाणिज्य संघका अध्यक्ष नवराज सुवेदीको अध्यक्षतामा उक्त कार्यक्रम सम्पन्न भएको थियो ।

| घरेलु तथा साना उद्योग विकास समिति<br>प्रधान कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।<br>२०७२ मंसिर महिना देखि फागुन मसान्तसम्मको आन्तरिक सरूवा भएका कर्मचारीहरूको विवरण | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | नाम थर | पद | साविक महाशाखा/ शाखा | सरूवा भएको महाशाखा/शाखा | निर्णय मिति |
| १ | श्री संगिता घिमिरे | शाखा अधिकृत | | कार्यकारी निर्देशकको निजी सचिवालय | २०७२/१०/७ |
| २ | श्री खेमचन्द्र भण्डारी | नायव सुब्बा | कार्यकारी निर्देशकको निजी सचिवालय | योजना र अध्ययन तथा अनुसन्धान महाशाखा | २०७२/१०/७ |
| ३ | श्री महेश श्रेष्ठ | नायव सुब्बा | प्रशासन महाशाखाको क.प्र. शाखा | प्रशासन महाशाखाको सामान्य प्रशासन शाखा अन्तर्गत जिन्सी इकाई | २०७२/१०/७ |
| ४ | श्री पद्मा कुमारी श्रेष्ठ | नायव सुब्बा | | प्रशासन महाशाखाको कर्मचारी प्रशासन शाखा अन्तर्गत दर्ता चलानी | २०७२/१०/७ |

| घरेलु तथा साना उद्योग विकास समिति<br>प्रधान कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।<br>मिति २०७२ मंसिर देखि फागुन मसान्तसम्म अवकास भएका कर्मचारीहरुको विवरण : | | | | | | |
|---|---|---|---|---|---|---|
| सि.नं | पद | कर्मचारीको नाम | कार्यरत कार्यालय | सेवा प्रवेश मिति | अवकास लागु मिति | अवकास किसिम |
| १ | उप निर्देशक | श्री रत्न प्रकाश श्रेष्ठ | मुख्य शाखा कार्यालय जुम्ला | २०४२.८.१८ | २०७२.८.१७ | अनिवार्य |
| २ | निर्देशक | श्री गोपाल प्र. शर्मा | मुख्य शाखा कार्यालय उदयपुर | २०४२.८.१२ | २०७२.१०.७ | अनिवार्य |
| ३ | प्रा. अधिकृत | श्री मायादेवी घले | शाखा कार्यालय सिन्धुपाल्चोक | २०४१.६.१ | २०७२.११.१५ | अनिवार्य |

| घरेलु तथा साना उद्योग विकास समिति<br>प्रधान कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।<br>आ.व. २०७२ मंसिर देखि फागुन मसान्तसम्मको बढुवा भएका कर्मचारीहरुको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | नाम थर | पद | कार्यरत कार्यालय | बढुवा आधार | बढुवा भएको पद/तह | निर्णय मिति |
| १ | श्री सुरेन्द्रकुमार थापामगर | निर्देशक | प्रधान कार्यालय, काठमाडौं | कार्यक्षमताको मूल्याङ्कन | उप-कार्यकारी निर्देशक (तह-१०) | २०७२.८.२७ |
| २ | श्री गोकर्णराज जोशी | वरिष्ठ अधिकृत | शाखा कार्यालय गोरखा | कार्यक्षमताको मूल्याङ्कन | उप निर्देशक (तह-८) | २०७२.८.२७ |
| ३ | श्री माधवप्रसाद उपाध्याय | शाखा अधिकृत | शाखा कार्यालय संखुवासभा | कार्यक्षमताको मूल्याङ्कन | वरिष्ठ अधिकृत (तह-७) | २०७२.८.२७ |
| ४ | श्री नितु भट्टराई | शाखा अधिकृत | प्रधान कार्यालय, काठमाडौं | कार्यक्षमताको मूल्याङ्कन | वरिष्ठ अधिकृत (तह-७) | २०७२.८.२७ |
| ५ | श्री माधवप्रसाद न्यौपाने | लेखा अधिकृत | मुख्य शाखा कार्यालय सुर्खेत | कार्यक्षमताको मूल्याङ्कन | वरिष्ठ अधिकृत लेखा (तह-७) | २०७२.८.२७ |
| ६ | श्री मिनराज खड्का | लेखापाल | प्रधान कार्यालय, काठमाडौं | कार्यक्षमताको मूल्याङ्कन | लेखा अधिकृत (तह-६) | २०७२.८.२७ |
| ७ | श्री विमला धिताल | वरिष्ठ अधिकृत | प्रधान कार्यालय, काठमाडौं | आन्तरिक प्रतियोगिता | उप निर्देशक (तह-८) | २०७२.१०.१९ |
| ८ | श्री विष्णु प्रसाद न्यौपाने | शाखा अधिकृत | शाखा कार्यालय रुकुम | आन्तरिक प्रतियोगिता | वरिष्ठ अधिकृत (तह-७) | २०७२.१०.१९ |

घरेलु तथा साना उद्योग विकास समिति
प्रधान कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
मिति २०७२ मंसिर देखि फागुन मसान्तसम्म सरुवा एवं पदस्थापन भएका कर्मचारीहरुको विवरण

| क्र.सं. | कर्मचारीको नामथर | साविक | | सरुवा भएको | | सरुवा निर्णय मिति | कै. |
|---|---|---|---|---|---|---|---|
| | | पद | कार्यालय | कार्यालय | पद | | |
| १ | श्री मिरादेवी अधिकारी | प्रा.अधिकृत | प्रधान कार्यालय, काठमाडौं | शाखा कार्यालय म्याग्दी | वरिष्ठ उद्योग अधिकृत पदमा का.मु. मुकरर | २०७२/८/२५ | |
| २ | श्री रमेशराज रेग्मी | नि. वरिष्ठ उद्योग अधिकृत | शाखा कार्यालय, म्याग्दी | शाखा कार्यालय पर्वत | प्राविधिक अधिकृत | २०७२/८/२५ | |
| ३ | श्री शम्भुप्रसाद उपाध्याय | नायव सुब्बा | शाखा कार्यालय, डोल्पा | शाखा कार्यालय दैलेख | समान पद | २०७२/८/२५ | |
| ४ | श्री रामचन्द्र सुवेदी | शाखा अधिकृत | मुख्य शाखा कार्यालय, बाग्लुङ्ग | शाखा कार्यालय अछाम | उद्योग अधिकृत | २०७२/९/२१ | |
| ५ | श्री रामशरण महत्तो | उद्योगअधिकृत | शाखा कार्यालय, अछाम | शाखा कार्यालय संखुवासभा | समान पद | २०७२/९/२१ | |
| ६ | श्री श्रीदिप वाग्ले | प्रमुख शिक्षक | शाखा कार्यालय, नुवाकोट | शाखा शाखा कार्यालय गोरखा सरुवा गरी प्र.का. काज | समान पद | २०७२/११/१८ | |
| ७ | श्री वीरबहादुर के.सीं | का. सहयोगी | शाखा कार्यालय, मनाङ | शाखा कार्यालय स्याङ्जा | समान पद | २०७२/११/१८ | |
| ८ | श्री गौतममणि लामिछाने | का. सहयोगी | शाखा कार्यालय, मनाङ | शाखा कार्यालय स्याङ्जा | समान पद | २०७२/११/१८ | |
| ९ | श्री चेतनाथ गौतम | उद्योग अधिकृत | प्रधान कार्यालय, काठमाडौं | शाखा कार्यालय मुस्ताङ | समान पद | २०७२/११/३० | |
| १० | श्री शंकरराज झा | शाखा अधिकृत | शाखा कार्यालय, मुस्ताङ | प्रधान कार्यालय काठमाडौं | समान पद | २०७२/११/१८ | |
| ११ | श्री जमुना सुवेदी | नायव सुब्बा | मुख्य शाखा कार्यालय बैतडी | शाखा कार्यालय दार्चुला | वरिष्ठ उद्योग अधिकृत पदमा निमित्त | २०७२/११/१८ | |
| १२ | श्री लिला खतिवडा | मुखिया | शाखा कार्यालय कालिकोट | शाखा कार्यालय मनाङ | समान पदमा | २०७२/११/१८ | हाल उद्योग मनत्रालयमा काज |

घरेलु तथा साना उद्योग विकास समिति
प्रधान कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
मिति २०७२ मंसिर देखि फागुन मसान्तसम्म विदेश भ्रमणमा गएका कर्मचारीहरुको विवरण

| क्र.सं. | पद | नाम | कार्यरत कार्यालय | भ्रमणको उद्देश्य | भ्रमण अवधी | भ्रमण गरेको राष्ट्र |
|---|---|---|---|---|---|---|
| १ | उद्योग अधिकृत | श्री कपिलबहादुर अधिकारी | शाखा कार्यालय ओखलढुङ्गा | Workshop on Measurement of Productivity in the Public Sector विषयक कार्यक्रममा भाग लिन | २०७२.०७.२१ देखि २०७२.०७.२९ | मनिला, फिलिपिन्स |
| २ | अध्यक्ष संचालक समिति | श्री जगन्नाथ नेपाल | प्रधान कार्यालय, काठमाडौं | रत्नपत्थर सम्वन्धीको वैदेशिक अध्ययन भ्रमण गर्न | २०७२.०८.०१ देखि २०७२.०८.०६ | जयपुर, भारत |
| ३ | निर्देशक | श्री विनोददेव पन्त | मुख्य शाखा कार्यालय सुर्खेत | रत्नपत्थर सम्वन्धीको वैदेशिक अध्ययन भ्रमण गर्न | २०७२.०८.०१ देखि २०७२.०८.०६ | जयपुर, भारत |
| ४ | निमित्त निर्देशक | श्री माधव सुवेदी | मुख्य शाखा कार्यालय डोटी | रत्नपत्थर सम्वन्धीको वैदेशिक अध्ययन भ्रमण गर्न | २०७२.०८.०१ देखि २०७२.०८.०६ | जयपुर, भारत |
| ५ | प्रमुख उद्योग अधिकृत | श्री विजयकुमार भट्टराई | शाखा कार्यालय धादिङ्ग | रत्नपत्थर सम्वन्धीको वैदेशिक अध्ययन भ्रमण गर्न | २०७२.०८.०१ देखि २०७२.०८.०६ | जयपुर, भारत |
| ६ | नि.कार्यकारी निर्देशक | श्री निलम ताम्राकार | प्रधान कार्यालय, काठमाडौं | लघु उद्यम विकास कार्यक्रम मेडप मेडपाको आयोजनामा अध्ययन भ्रमण | २०७२.०८.२८ देखि २०७२.०९.०५ | चिन |
| ७ | का.मु. उद्योग अधिकृत | श्री नगेन्द्र नेपाल | शाखा कार्यालय मुगु | Training Programe on Trainers Training on Enterpreneurship and Promotion of Income Generation Activities विषयक तालिममा भाग लिन | २०७२.१२.१६ देखि २०७२.१२.२० | नयाँ दिल्ली, भारत |

# संगठन तालिका

## घरेलु तथा साना उद्योग विकास समिति



# पाठक प्रतिक्रिया स्तम्भ

## पाठकको कलम

श्रीमान्
सम्पादक ज्यू,
घरेलु उद्योग दर्पण
त्रिपुरेश्वर, काठमाडौं ।

विभिन्न जिल्लामा उद्योग संचालन गरी उत्कृष्ट काम गर्ने उद्यमी महिलालाई नेपाल सरकार उद्योग मन्त्रालयद्धारा उत्कृष्ट महिला उद्यमीबाट सम्मान गरेको समाचार रेडियो नेपालवाट प्रशारण हुने हाम्रो उद्यम कार्यक्रम मार्फत सुन्ने अवसर प्राप्त भयो । मन्त्रालयले उद्योग क्षेत्रमा निरन्तर काम गर्दै आएका महिलाहरूको जिल्लास्तरदेखी नै पहिचान गर्दै उत्कृष्ट महिला छनोट गरी वार्षिक रूपमा सम्मान गर्ने कार्यलाई निरन्तरता दिदै आएकोमा म निकै खु:सी भएको छु । लघु, घरेलु तथा साना उद्योगमा काम गर्ने उद्यमी सम्मान भएपछि सवै महीला उद्यमीको प्रतिनिधित्व भएको मैले महसुश गरेको छु ।

नेपाली उद्यमीले उत्पादन गरेका सामानले पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार लिईसकेको अवस्थामा यस्ता सम्मान कार्यक्रमबाट अझै काम गर्न थप उत्प्रेरणा मिलेको छ । शहरी क्षेत्रमा मात्र होईन ग्रामिण क्षेत्रका दुरदराजमा काम गर्ने महिलाको पनि पहिचान गर्दै सम्मान र सरकारी सहुलियतमा सहभागि गराईदिनुहुन अनुरोध गर्दछु ।

\- पुर्णिमा ढकाल,
वाग्लुङ, वुर्तिमानङ

पुर्णिमा जी,

तपाईले घरेलु तथा साना उद्योग विकास समितिद्धारा साप्ताहिक रूपमा रेडियो नेपालवाट विहिवार विहान ८:१५ देखी प्रशारण हुँदै आएको हाम्रो उद्यम रेडियो कार्यक्रम सुन्नुभएकोमा धन्यवाद । हाँमिले यस कार्यक्रममा लघु, घरेलु, तथा साना उद्योग सम्वन्धि गतिविधि, सफल उद्यमीका कथा, निति निर्माण कर्त्ता र विज्ञसँग अर्न्तवर्ता लगायतका विषयलाई समावेश गर्दै आएका छौ । तपाईले उठान गर्नुभएको पक्ष निकै प्रभाबकारी छ । यस पटक पनि सम्मानका लागि उद्यमी छनोट गर्न ७५ वटै जिल्लाका उद्यमी छनौट गर्न पत्राचार गरी दुर दराजमा उद्योग सञ्चालन गर्नेलाई पनि सहभागिता गराउने प्रयास गरिएको छ ।

सम्पादक

आदरणीय पाठकवृन्द !

यो तपाईको स्तम्भ हो । घरेलु उद्योग दर्पणमा प्रकाशित लेख रचनाबारे प्रतिक्रिया व्यक्त गर्न यो स्तम्भको व्यवस्था गरिएको छ । यस दर्पणमा के कस्ता सामग्री प्रकाशन गरेमा अझ बढी रोचक र उपलब्धिमूलक हुन सक्छ ? यस स्तम्भमार्फत प्रतिक्रिया एवं जानकारी पठाई सहयोग गरिदिनु हुन अनुरोध गर्दछु ।

**घरेलु उद्योग दर्पण**

त्रिपुरेश्वर, काठमाडौं
पो.ब.न. ३२५४
ईमेलः csidbsamachar@gmail . com

सम्पादक ज्यू
**घरेलु उद्योग दर्पण**
पो.व.नं. ३२५४
ईमेलः csidbsamachar@gmail . com
वेभ साइटः www . csidb . gov . np

..........................................................................................
..............................................

**प्रेशक**
नामः ..............................
ठेगानाः ..............................